# भन्सार ऐन, २०६४

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| | २०६४।५।१४ |
| १. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| २. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४♣ | २०७४।६।३० |
| ३. आर्थिक ऐन, २०७५ | २०७५।३।३२ |
| ४. आर्थिक ऐन, २०७६ | २०७६।३।३० |
| ५. आर्थिक ऐन, २०७८ | २०७८।६।१३ |
| ६. आर्थिक ऐन, २०७९ | २०७९।३।३१ |
| ७. आर्थिक ऐन, २०८० | २०८०।३।३१ |

व्यवस्थापिका-संसदले बनाएको २०६४ सालको ऐन नं. १६

भन्सार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना : भन्सार प्रशासनलाई व्यवस्थित, पारदर्शी एवं उत्तरदायी बनाई अन्तर्राष्ट्रिय व्यापारलाई सुरक्षित एवं सहज बनाउन भन्सार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो ऐनको नाम "भन्सार ऐन, २०६४" रहेको छ ।

(२) यो दफा तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरु नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछन् ।🗐

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "करमुक्त पसल" भन्नाले बैङ्क जमानत सुविधामा पैठारी गरिएका मालवस्तु कूटनीतिक सुविधा वा महसुल सुविधा प्राप्त व्यक्तिलाई बिक्री गर्न वा अन्तर्राष्ट्रिय उडानको क्याटरिङ्ग वा त्यस्तो उडानको करमुक्त पसलमा बिक्रीको लागि सम्बन्धित हवाई कम्पनीलाई बिक्री गर्न नेपाल सरकारले स्वीकृति दिएको पसल सम्झनु पर्छ ।

---

♣ यो ऐन संवत् २०७५ साल भाद्र १ गतेदेखि लागू हुने ।

🗐 अन्य दफाहरु संवत् २०६५ साल वैशाख १५ गतेदेखि लागू भएको (मिति २०६५।१।१५ को राजपत्रमा प्रकाशित सूचना अनुसार) ।

(ख) "कारोबार मूल्य" भन्नाले पैठारीकर्ताले पैठारी गरेको मालवस्तुको बिक्रेतालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वास्तविक रुपमा भुक्तानी गरेको वा भुक्तानी गर्नु पर्ने रकममा त्यस्तो मालवस्तु नेपालको सीमासम्म ल्याउँदा लागेको वा लाग्न सक्ने भाडा, बीमा तथा अन्य सम्बद्ध खर्च जोडी हुन आउने कुल रकम सम्झनु पर्छ ।

(ग) "कूटनीतिक सुविधा" भन्नाले कुनै मालवस्तु जाँच नगरी, महसुल नलिई लगत मात्र राखी निकासी वा पैठारी गर्न दिइने सुविधा वा सहुलियत सम्झनु पर्छ ।

(घ) "घोषणा" भन्नाले निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्ने मालवस्तुको विवरण प्रज्ञापनपत्रमा उल्लेख गर्ने वा विद्युतीय माध्यमबाट तोकिए बमोजिम सम्प्रेषण गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) "चोरी निकासी" भन्नाले भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी, लुकाई छिपाई वा बाटो छली वा भन्सार महसुल नलाग्ने मालवस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपाल बाहिर लैजाने कार्य सम्झनु पर्छ ।

(च) "चोरी पैठारी" भन्नाले भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी, लुकाई छिपाई वा बाटो छली वा भन्सार महसुल नलाग्ने मालवस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपालभित्र ल्याउने कार्य सम्झनु पर्छ ।

(छ) "जाँच" भन्नाले निकासी वा पैठारी गरिने मालवस्तु घोषणा गरिए बमोजिम छ छैन भनी यकिन गर्न भन्सार कार्यालयले त्यस्तो मालवस्तु वा सो मालवस्तु सम्बन्धी कागजात वा दुवैको परीक्षण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले विदेशी मुलुकबाट नेपालभित्र प्रवेश गर्ने वा नेपालबाट विदेशी मुलुकमा प्रस्थान गर्ने यात्रुको शरीरको तलासी र एक्स-रे गर्ने कार्य समेतलाई जनाउँछ ।

(ज) "जाँचपास" भन्नाले भन्सार अधिकृतले यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम भन्सार कार्यालयबाट कुनै मालवस्तु निकासी वा पैठारी गर्न वा उठाई लैजान दिएको अनुमति सम्झनु पर्छ ।

(झ) "जाँचपासपछिको परीक्षण" भन्नाले दफा ३४ बमोजिमको परीक्षण सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ट) "निकासी" भन्नाले नेपालबाट विदेशी मुलुकमा मालवस्तु पठाउने काम सम्झनु पर्छ ।

(ठ) "प्रज्ञापनपत्र" भन्नाले निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्ने मालवस्तुको विवरण घोषणा गर्ने फाराम सम्झनु पर्छ ।

➡(ड) "पैठारी" भन्नाले विदेशी मुलुकबाट नेपालभित्र मालवस्तु ल्याउने काम सम्झनु पर्छ र सो शब्दले कन्टेनर सेवा सञ्चालन गर्ने गरी नेपालमा दर्ता भएको सिपिङ्ग कम्पनीले विदेशमा खरिद गरेको तर भौतिक रूपमा भन्सार कार्यालयमा ल्याउन सम्भव नरहेको कन्टेनरको जाँचपासको कार्यलाई समेत जनाउँदछ ।

(ढ) "बण्डेड वेयर हाउस" भन्नाले विदेशमा निकासी गरिने वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ वा करमुक्त पसलमा बिक्री गरिने मालवस्तु बैङ्क जमानत सुविधामा पैठारी गरी राख्न विभागबाट इजाजतप्राप्त गोदाम सम्झनु पर्छ ।

◆(ढ१) "विपद्" भन्नाले भूकम्प, आगलागी, आँधीबेरी, बाढी पहिरो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी तथा यस्तै अन्य विपद्लाई सम्झनु पर्छ र सो शब्दले औद्योगिक दुर्घटना, विष्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै अन्य कुनै प्रकारको विपद्लाई समेत जनाउँछ ।

(ण) "बैङ्क" भन्नाले प्रचलित कानून बमोजिम बैङ्किङ्ग कारोबार गर्न इजाजतप्राप्त वाणिज्य बैङ्क वा वित्तीय संस्था सम्झनु पर्छ ।

(त) "बैङ्क जमानत" भन्नाले कुनै निकासीकर्ता वा पैठारीकर्ताले मालवस्तु निकासी वा पैठारी गर्दा बुझाउनु पर्ने महसुल निजले नबुझाएमा आफूले तिरिदिने गरी बैङ्कले भन्सार कार्यालयलाई दिने जमानत सम्झनु पर्छ ।

---

➡ आर्थिक ऐन, २०७९ द्वारा संशोधित ।

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

(थ) "बैङ्क जमानत सुविधा" भन्नाले कुनै निकासीकर्ता वा पैठारीकर्तालाई बैङ्क जमानतको आधारमा मालवस्तु निकासी वा पैठारी गर्न पाउने गरी प्रदान गरिएको सुविधा सम्झनु पर्छ ।

°(द) "भन्सार अधिकृत" भन्नाले प्रमुख भन्सार प्रशासक, प्रमुख भन्सार अधिकृत वा भन्सार अधिकृत सम्झनु पर्छ र सो शब्दले भन्सार कार्यालय वा छोटी भन्सार कार्यालयको प्रमुख वा महानिर्देशकले तोकेको उपमहानिर्देशक, निर्देशक तथा शाखा अधिकृत वा दफा ८४ बमोजिम अर्थ मन्त्रालयले तोकेको अधिकारीलाई समेत जनाउँछ ।

(ध) "भन्सार एजेन्ट" भन्नाले दफा ५१ बमोजिम इजाजतप्राप्त व्यक्ति सम्झनु पर्छ ।

°(न) "भन्सार कार्यालय" भन्नाले दफा ४ बमोजिम स्थापना भएको वा गरेको भन्सार कार्यालय सम्झनु पर्छ र सो शब्दले त्यस्तो भन्सार कार्यालय परिसर र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य क्षेत्र समेतलाई जनाउँछ ।

(प) "भन्सार गोदाम" भन्नाले निकासी वा पैठारी गरिने मालवस्तु राख्नको लागि भन्सार कार्यालयमा बनाइएको घर, भवन, छाप्रो वा अन्य यस्तै संरचना वा कुनै स्थान सम्झनु पर्छ ।

◆(प१) "भन्सार जाँचपास परीक्षण कार्यालय" भन्नाले दफा ३४ बमोजिम जाँचपास पछिको परीक्षणको कार्य गर्नको लागि स्थापना गरिएको कार्यालयलाई सम्झनु पर्छ ।

◆(प२) "भन्सार परीक्षक" भन्नाले प्रमुख भन्सार परीक्षण प्रशासक, प्रमुख भन्सार परीक्षक वा भन्सार परीक्षक सम्झनु पर्छ र सो शब्दले दफा ३४ बमोजिम जाँचपास पछिको परीक्षणको कार्य गर्नका लागि महानिर्देशकले तोकेको अधिकारीलाई समेत जनाउँछ ।

(फ) "भन्सार महसुल" भन्नाले निकासी वा पैठारी गरिने मालवस्तुमा कानून बमोजिम लाग्ने भन्सार महसुल सम्झनु पर्छ ।

(ब) "भन्सार मूल्य" भन्नाले भन्सार महसुल निर्धारण गर्ने प्रयोजनको लागि निकासी वा पैठारी गरिने मालवस्तुको दफा १३ वा १६ बमोजिम निर्धारण गरिएको मूल्य सम्झनु पर्छ ।

---

° आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

○(भ) "भन्सार क्षेत्र" भन्नाले दफा ३ बमोजिम अर्थ मन्त्रालय वा महानिर्देशकले तोकिदिएको भन्सार क्षेत्र सम्झनु पर्छ ।

(म) "महसुल" भन्नाले निकासी वा पैठारी गरिने मालवस्तुमा कानून बमोजिम लाग्ने सबै कर, शुल्क र दस्तुर सम्झनु पर्छ र सो शब्दले भन्सार महसुल समेतलाई जनाउँछ ।

(य) "महसुल सुविधा" भन्नाले कुनै मालवस्तु महसुल नलिई, जाँच गरी वा नगरी लगत मात्र राखी निकासी वा पैठारी गर्न दिइने सुविधा सम्झनु पर्छ ।

(र) "महानिर्देशक" भन्नाले भन्सार विभागको महानिर्देशक सम्झनु पर्छ ।

(ल) "मालवस्तु" भन्नाले मुद्रा लगायत जुनसुकै प्रकारको चल वस्तु वा सम्पत्ति सम्झनु पर्छ ।

◆(ल१) "राहत सामग्री" भन्नाले विपद्को अवस्थामा पीडितको उद्धार तथा राहतका लागि मानवीय सहायतास्वरूप पैठारी हुने नेपाल सरकारले तोके बमोजिमका मालवस्तु सम्झनु पर्छ ।

(व) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम दर्ता भएको कुनै कम्पनी, सङ्गठित संस्था र फर्म समेतलाई जनाउँछ ।

(श) "विभाग" भन्नाले भन्सार विभाग सम्झनु पर्छ ।

(ष) "विलम्ब शुल्क (डेमरेज)" भन्नाले निकासीकर्ता वा पैठारीकर्ताले भन्सार कार्यालयले सञ्चालन गरेको भन्सार गोदाममा राखेको मालवस्तु तोकिएको म्यादभित्र नउठाएमा नेपाल सरकारलाई तिर्नु पर्ने शुल्क सम्झनु पर्छ ।

(स) "सवारी साधन" भन्नाले यात्रा गर्न वा मालवस्तु ओसारपसार गर्न प्रयोग हुने वा भएको जुनसुकै साधन सम्झनु पर्छ ।

❂(ह) "आन्तरिक परिवहन" भन्नाले नेपालभित्र पैठारी गर्ने उद्देश्यले ल्याइएको मालवस्तु प्रवेश सीमास्थित कुनै भन्सार कार्यालयमा घोषणा मात्र गरी जाँचपासको निमित्त अन्य भन्सार कार्यालयमा लैजाने कार्य सम्झनु पर्छ ।

---

○ आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।
◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।
❂ आर्थिक ऐन, २०७९ द्वारा थप ।

## परिच्छेद-२

## भन्सार क्षेत्र तथा भन्सार कार्यालय सम्बन्धी व्यवस्था

३. भन्सार क्षेत्र तथा बाटो तोक्न सक्ने : (१) भन्सार सम्बन्धी कानूनको प्रशासन गर्ने तथा यस ऐन बमोजिम भन्सार महसुल सङ्कलन गर्ने प्रयोजनको लागि ⭘अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालको कुनै क्षेत्रलाई भन्सार क्षेत्रको रुपमा तोक्न सक्नेछ ।

◆(१क) राहत सामग्री जाँचपास गर्ने प्रयोजनको लागि वा विपद्को अवस्थामा उपदफा (१) बमोजिमको प्रयोजनको लागि महानिर्देशकले नेपालको कुनै क्षेत्रलाई भन्सार क्षेत्रको रूपमा तोक्न सक्नेछ । त्यसरी तोकिएको भन्सार क्षेत्रको प्रयोजन समाप्त भएपछि महानिर्देशकले त्यस्तो भन्सार क्षेत्र खारेज गर्नेछ ।

⭘(२) उपदफा (१) बमोजिमको भन्सार क्षेत्रबाट नेपालभित्र पैठारी हुने वा नेपालबाट निकासी हुने बाटो अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोक्न सक्नेछ ।

तर उपदफा (१क) बमोजिमको भन्सार क्षेत्रबाट नेपालभित्र पैठारी हुने वा नेपालबाट निकासी हुने बाटो महानिर्देशकले तोक्न सक्नेछ ।

(३) नेपालभित्र पैठारी हुने वा नेपालबाट निकासी हुने मालवस्तु उपदफा (२) बमोजिमको बाटोबाट मात्र निकासी वा पैठारी गर्नु पर्नेछ ।

(४) उपदफा (३) को अधीनमा रही कुनै खास प्रकृतिका मालवस्तुहरुलाई कुनै खास भन्सार कार्यालयबाट मात्र निकासी वा पैठारी गर्न सक्ने गरी महानिर्देशकले तोकिदिन सक्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमका मालवस्तु वा तोकिए बमोजिमका मूल्यसम्मका मालवस्तु छोटी भन्सार कार्यालयबाट निकासी वा पैठारी गर्न सक्ने गरी महानिर्देशकले तोक्न सक्नेछ ।

⭘४. भन्सार कार्यालयको स्थापना : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै भन्सार क्षेत्रमा भन्सार कार्यालय वा छोटी भन्सार कार्यालय स्थापना गर्न सक्नेछ ।

(२) विपद्को कारणले गर्दा कुनै भन्सार कार्यालयबाट कार्यसम्पादन गर्न नसकिने अवस्था भएमा महानिर्देशकले कुनै भन्सार क्षेत्रमा भन्सार कार्यालय स्थापना गर्न सक्नेछ । त्यसरी स्थापना भएको भन्सार कार्यालयको प्रयोजन समाप्त भएपछि त्यस्तो भन्सार कार्यालय महानिर्देशकले खारेज गर्नेछ ।

---

⭘ आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

◆४क. भन्सार जाँचपास परीक्षण कार्यालयको स्थापना : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार भन्सार जाँचपास परीक्षण कार्यालय स्थापना गर्न सक्नेछ ।

(२) यो दफा प्रारम्भ हुनुभन्दा अघि स्थापना भएको भन्सार जाँचपास परीक्षण कार्यालय यसै दफा बमोजिम स्थापना भएको मानिनेछ ।

## परिच्छेद-३

## भन्सार महसुल सम्बन्धी व्यवस्था

५. भन्सार महसुल लाग्ने : यस ऐन वा प्रचलित कानून बमोजिम भन्सार महसुल छुट भएकोमा बाहेक निकासी वा पैठारी हुने प्रत्येक मालवस्तुमा भन्सार महसुल लाग्नेछ ।

६. निकासी भएको मालवस्तु पुन: पैठारी गरेमा महसुल लाग्ने : (१) कसैले नेपालमा उत्पादन वा तयार भई निकासी भएको मालवस्तु पुन: पैठारी गरेमा त्यस्ता मालवस्तुमा विदेशी मुलुकमा उत्पादन वा तयार भएका त्यस्तै प्रकारका वा त्यति नै मूल्य पर्ने मालवस्तु पैठारी गरे सरह महसुल लाग्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम फिर्ता आएको मालवस्तुमा भन्सार महसुल लाग्ने छैन :-

(क) हुलाक मार्फत पुलिन्दाबाट निकासी भई गएको तर सम्बन्धित व्यक्तिलाई बुझाउन नसकी फिर्ता आएको, वा

(ख) भन्सार कार्यालयबाट जाँचपास भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित व्यक्तिले लिन अस्वीकार गरी फिर्ता आएको, वा

(ग) दुर्घटना वा प्राकृतिक प्रकोपमा परी गुणस्तर कायम रहन नसकी फिर्ता आएको ।

(३) उपदफा (१) बमोजिम फिर्ता आएको मालवस्तुको कच्चा पदार्थ र सहायक कच्चा पदार्थ पैठारी गर्दा महसुल नतिरी पैठारी भएको रहेछ भने त्यस्तो मालवस्तुको परिमाणमा लागेको कच्चा पदार्थ र सहायक कच्चा पदार्थको महसुल समेत असुल गरिनेछ ।

○७. महसुल नलाग्ने : (१) कुनै पैठारीकर्ताले आफूले पैठारी गरेको मालवस्तु भन्सार कार्यालयबाट नछुटाई नेपाल सरकारको हुने गरी भन्सार कार्यालयमै छाड्न निवेदन दिएमा त्यस्तो मालवस्तुमा महसुल लाग्ने छैन ।

---

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

○ आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

(२) उपदफा (१) बमोजिम छाडिएको मालवस्तु जफत भएको मानिनेछ । त्यस्तो मालवस्तु नेपाल सरकारले आफैँ प्रयोग गर्न वा यस ऐन बमोजिम भन्सार अधिकृतले लिलाम बिक्री गर्न सक्नेछ ।

तर त्यस्तो मालवस्तु प्रयोगमा आउन नसक्ने वा लिलाम बिक्री समेत हुन नसक्ने अवस्थाको रहेछ भने भन्सार अधिकृतले भन्सार कार्यालयबाट तोकिए बमोजिम हटाउन वा नष्ट गर्न सक्नेछ र त्यसरी हटाउन वा नष्ट गर्न लाग्ने खर्च सम्बन्धित पैठारीकर्ताबाट असुल उपर गरिनेछ ।

(३) कुनै मालवस्तु चलान गर्दा कम भएको, बाटोमा दुर्घटना वा विपद्मा परी टुटफुट भई व्यापारिक रूपमा मूल्यहीन भएको वा परिमाण वा तौलमा कमी भएको वा चोरी भई परिमाण कम हुन गएमा तोकिएको प्रमाणसहित तोकिएको प्रक्रिया पूरा गरी तोकिएको समय अवधिभित्र पैठारीकर्ताले निवेदन दिएमा भन्सार अधिकृतले त्यस्तो क्षति वा घटी भएको वा व्यापारिक रूपमा मूल्यहीन भएका मालवस्तुको तोकिए बमोजिम महसुल छुट दिन वा असुल भइसकेको भए फिर्ता दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नोक्सानी भएको परिमाणको मालवस्तु जुन उद्देश्यका लागि पैठारी भएको हो सो उद्देश्य पूरा नहुने तर रद्दी वा पत्रुको रूपमा वा अन्य कुनै वैकल्पिक उपयोगमा प्रयोग हुन सक्ने अवस्थाको भएमा भन्सार अधिकृतले सोही रूपमा त्यस्तो मालवस्तुको भन्सार मूल्य कायम गरी लाग्ने महसुल असुल गर्न सक्नेछ ।

●८. महसुल निर्धारणको आधार मिति : निकासी वा पैठारी हुने मालवस्तुको महसुल सो मालवस्तु भन्सार कार्यालयबाट जाँचपास गर्ने मितिमा कायम रहेको महसुल दर बमोजिम निर्धारण गरिनेछ ।

तर कूटनीतिक सुविधा, महसुल सुविधा वा आंशिक वा पूर्ण महसुल छुटमा पैठारी भएका मालवस्तुको हकमा त्यस्तो मालवस्तुको महसुल बुझाउने मितिमा कायम रहेको महसुल दर बमोजिम महसुल निर्धारण गरिनेछ ।

## परिच्छेद-४

## भन्सार महसुल सुविधा, छुट तथा अन्य सुविधा सम्बन्धी व्यवस्था

९. कूटनीतिक सुविधा, महसुल सुविधा र भन्सार महसुल छुट : (१) नेपाल सरकार पक्ष भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौता बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिनु पर्ने निकाय, पदाधिकारी वा व्यक्तिलाई नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसको आधारमा तोकिए बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिइनेछ ।

---

● आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

(२) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको व्यक्ति वा निकायले पैठारी गर्ने सोही सूचनामा तोकिए बमोजिमका मालवस्तुमा कूटनीतिक सुविधा वा महसुल सुविधा दिन सक्नेछ ।

(३) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएका मालवस्तुमा पूर्ण वा आंशिक रुपमा भन्सार महसुल छुट दिन सक्नेछ ।

(४) वैदेशिक ऋृण वा अनुदान सहयोगमा सञ्चालन गरिने आयोजनाको लागि त्यस्ता आयोजना वा त्यस्तो आयोजनाको ठेकेदारका नाममा पैठारी हुने मालवस्तुमा नेपाल सरकारले पूर्ण वा आंशिक रुपमा भन्सार महसुल छुट दिन सक्नेछ ।

(५) अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडानमा उपयोग गर्ने इन्धन, हवाईजहाजको इञ्जिन, पार्टपुर्जा, यन्त्र उपकरण, उडानमा खपत हुने खाद्य सामग्री, मदिरा, बियर एवं हल्का पेय पदार्थमा नेपाल सरकारले पूर्ण वा आंशिक रुपमा भन्सार महसुल छुट दिन सक्नेछ ।

(६) नेपालको कुनै भागबाट विदेशको बाटो गरी पुनः नेपालभित्र ल्याइने मालवस्तुको सम्बन्धमा महसुल सुविधा दिने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७) विदेशबाट नेपालको बाटो गरी पुनः विदेश पठाइने मालवस्तुमा महसुल सुविधा दिने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

◆(८) नेपाल सरकारले राहत सामग्रीको पैठारीमा लाग्ने सम्पूर्ण महसुल छुट दिन सक्नेछ । यसरी महसुल छुट दिँदा महसुल छुट दिइएका मालवस्तुको विवरण र छुट पाउने अवधि समेत खुलाउनु पर्नेछ ।

१०. बण्डेड वेयर हाउसको सुविधा प्रदान गर्न सक्ने : बण्डेड वेयर हाउसको सुविधा लिन चाहने व्यक्तिलाई नेपाल सरकारले बण्डेड वेयर हाउसको सुविधा दिन उपयुक्त देखेमा तोकिए बमोजिमको सर्तका अधीनमा रही बण्डेड वेयर हाउस सञ्चालन गर्ने गरी तोकिए बमोजिम सुविधा दिन सक्नेछ ।

११. बैङ्क जमानत सुविधा अन्तर्गत पैठारी गर्ने सुविधा प्रदान गर्न सक्ने : (१) नेपाल सरकारले कुनै व्यक्तिलाई कुनै मालवस्तु बैङ्क जमानत सुविधा अन्तर्गत पैठारी गर्ने सुविधा तोकिए बमोजिम प्रदान गर्न सक्नेछ ।

(२) कुनै उद्योगले मालवस्तु तयार गरी निकासी गर्ने प्रयोजनको लागि पैठारी गर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ वा करमुक्त पसल सञ्चालनको लागि पैठारी हुने मालवस्तु तोकिएको सर्त बमोजिम बैङ्क जमानत

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

सुविधा अन्तर्गत पैठारी गर्ने सुविधा नेपाल सरकारले तोकिए बमोजिम प्रदान गर्न सक्नेछ ।

☒................

(३) उपदफा (२) बमोजिम पैठारी गर्ने सुविधा प्रदान गर्दा सम्बन्धित भन्सार कार्यालयले त्यसरी पैठारी गर्दा लाग्ने महसुलको अतिरिक्त उपदफा (२) बमोजिमको सर्त उल्लङ्घन गरेमा निजलाई लाग्न सक्ने अन्य कुनै महसुल, शुल्क वा हुन सक्ने जरिबाना रकम समेतको बैङ्क जमानत लिनु पर्नेछ ।

१२. विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगले पैठारी तथा निकासी गर्ने मालवस्तुमा नेपाल सरकारले भन्सार महसुल छुट तथा अन्य सुविधा दिने : ◣(१) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले पैठारी गर्ने मालवस्तुमा विशेष आर्थिक क्षेत्र प्राधिकरणको सिफारिसमा देहाय बमोजिम सुविधा प्रदान गरिनेछ :-

(क) उद्योगले आफ्ना मजदुर तथा कर्मचारी ओसार्नको लागि प्रयोग गर्न पैठारी गर्ने एक थान बस र मालवस्तु ढुवानी गर्ने दुई थान ढुवानी साधनमा एक पटकको लागि एक प्रतिशत मात्र भन्सार महसुल लाग्ने गरी भन्सार महसुलमा छुट दिने,

तर त्यसरी भन्सार महसुल छुटमा पैठारी गरिएका सवारी तथा ढुवानी साधन नामसारी, बिक्री वा कुनै प्रकारले हक हस्तान्तरण गरेमा प्रचलित कानून बमोजिम पूरै महसुल लाग्नेछ ।

(ख) निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गरिने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ (प्याकिङ्ग सामग्री समेत) पैठारी गर्दा लाग्ने भन्सार महसुल र अन्य महसुल बापतको रकमको सट्टा सो बराबरको बैङ्क जमानत लिई पैठारी गर्ने,

(ग) उद्योगलाई आवश्यक पर्ने प्लाण्ट, मेशिनरी यन्त्र उपकरण तथा पार्टपुर्जा पैठारी गर्दा लाग्ने महसुल बापतको रकमको सट्टा सो बराबरको बैङ्क जमानत लिई पैठारी गर्ने,

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "विशेष आर्थिक क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकारले तोकिदिएको क्षेत्र सम्झनु पर्छ ।

---

☒ आर्थिक ऐन, २०७६ द्वारा झिकिएको ।

◣ आर्थिक ऐन, २०७६ द्वारा संशोधित ।

☑(१क) उपदफा (१) को खण्ड (ख) वा (ग) बमोजिम लिइएको बैङ्क जमानत जुन प्रयोजनको लागि लिइएको हो सो बमोजिमको काम सम्पन्न भएको व्यहोरा विशेष आर्थिक क्षेत्र प्राधिकरणबाट सिफारिससहित लेखिआएमा भन्सार कार्यालयले त्यस्तो जमानत फुकुवा गरिदिनु पर्नेछ ।

(२) कुनै पैठारीकर्ताले पैठारी गरेको मालवस्तु विशेष आर्थिक क्षेत्रमा ◣स्थापित उद्योगलाई तोकिए बमोजिम बिक्री गरेमा निजले त्यस्तो मालवस्तु पैठारी गर्दा भन्सार महसुल तिरेको रहेछ भने भन्सार कार्यालयले निजलाई त्यस्तो भन्सार महसुल तोकिए बमोजिम फिर्ता दिनेछ ।

(३) विशेष आर्थिक क्षेत्र बाहिर रहेको कुनै उद्योगले उत्पादन गरेको तयारी मालवस्तु विशेष आर्थिक क्षेत्रभित्र ◣स्थापित उद्योगलाई बिक्री गरेमा सो बिक्रीलाई निकासी गरे सरह मानी निकासी गर्दा पाए सरहको भन्सार महसुल तथा अन्य सुविधा प्रदान गरिनेछ ।

(४) विशेष आर्थिक क्षेत्रमा ◣स्थापित उद्योगले भन्सार महसुल छुटमा पैठारी भएका कच्चा पदार्थबाट तयार भएका मालवस्तु सम्बन्धित उद्योगले नेपालमा खपत गर्ने गरी बिक्री गरेमा त्यस्तो मालवस्तुमा प्रयोग भएको कच्चा पदार्थमा लाग्ने महसुल बुझाएपछि मात्र त्यस्तो मालवस्तु विशेष आर्थिक क्षेत्र बाहिर लैजान दिइनेछ ।

(५) विशेष आर्थिक क्षेत्रमा ◣स्थापित उद्योगले विशेष आर्थिक क्षेत्रभित्र वा बाहिर कसैलाई महसुल छुटमा आयात गरेको मालवस्तुको स्वामित्व हस्तान्तरण गर्ने सम्बन्धमा प्रक्रिया तोकी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गर्न सक्नेछ । त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

☑(६) विशेष आर्थिक क्षेत्रमा स्थापित कुनै उद्योग सो क्षेत्र बाहिर स्थानान्तरण हुन चाहेमा त्यस्तो उद्योगले यस दफा बमोजिम छुट पाएको मूल्य अभिवृद्धि कर बाहेक अन्य महसुल सम्बन्धित भन्सार कार्यालयमा बुझाएपछि सम्बन्धित निकायले स्थानान्तरण गर्न स्वीकृति दिनु पर्नेछ ।

## परिच्छेद-५

## भन्सार मूल्य निर्धारण सम्बन्धी व्यवस्था

१३. पैठारी हुने मालवस्तुको भन्सार मूल्य निर्धारण गर्ने आधार : (१) पैठारी हुने मालवस्तुको भन्सार मूल्य निर्धारण गर्दा विश्व व्यापार सङ्गठनको भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (जनरल एग्रिमेन्ट अन

☑ आर्थिक ऐन, २०७६ द्वारा थप ।
◣ आर्थिक ऐन, २०७६ द्वारा संशोधित ।

टेरिफ्स एण्ड ट्रेड) १९९४ को धारा ७ कार्यान्वयन गर्नको लागि सम्पन्न भएको सम्झौतामा उल्लिखित भन्सार मूल्याङ्कन सम्बन्धी नियमहरु, अनुसूची र व्याख्या अवलम्बन गरिनेछ ।

(२) पैठारी गरिने मालवस्तुको भन्सार मूल्य उपदफा (१) को अधीनमा रही त्यस्तो मालवस्तुको कारोबार मूल्यको आधारमा निर्धारण गरिनेछ ।

(३) पैठारीकर्ताले आफूले पैठारी गरेको मालवस्तुको मूल्य प्रमाणित गर्ने विवरण तथा कागजात संलग्न गरी कारोबार मूल्य घोषणा गर्नु पर्नेछ ।

(४) पैठारीकर्ताले उपदफा (३) बमोजिम घोषणा गरेको कारोबार मूल्य उपदफा (१) अनुरुपको भएमा भन्सार अधिकृतले त्यस्तो कारोबार मूल्यको आधारमा मालवस्तुको भन्सार मूल्य निर्धारण गर्नेछ । त्यस्तो कारोबार मूल्यमा भाडा, बीमा तथा अन्य सम्बद्ध खर्च समावेश भएको नदेखिएमा भन्सार अधिकृतले सोका लागि लाग्न सक्ने अनुमानित रकम जोडी कारोबार मूल्य निर्धारण गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अनुमानित रकम कायम गर्ने आधार महानिर्देशकले तोक्न सक्नेछ ।

(६) पैठारीकर्ताले उपदफा (३) बमोजिम घोषणा गरेको मूल्य शङ्कास्पद छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा भन्सार अधिकृतले निजसँग त्यस्तो मूल्य वास्तविक कारोबार मूल्य हो भनी प्रमाणित गर्ने थप कागजात वा प्रमाण लिखित रुपमा माग गर्न सक्नेछ । त्यसरी माग भएका कागजात उपलब्ध गराउने जिम्मेवारी त्यस्तो पैठारीकर्ताको हुनेछ ।

(७) पैठारीकर्ताले उपदफा (३) बमोजिम घोषणा गरेको कारोबार मूल्य वा पेश गरेको बिल, बीजक र कागजातका आधारमा कुनै मालवस्तुको भन्सार मूल्य निर्धारण हुन नसकेमा त्यसको कारण सहितको सूचना भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई दिनु पर्नेछ ।

(८) उपदफा (२) बमोजिम कारोबार मूल्यका आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तुको भन्सार मूल्य त्यस्तो मालवस्तु पैठारी हुनुभन्दा पहिले नेपालमा पैठारी भइसकेको समरुपको मालवस्तु (आइडेण्टिकल गुड्स) को कारोबार मूल्यको आधारमा निर्धारण गरिनेछ ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "समरुपका मालवस्तु (आइडेण्टिकल गुड्स)" भन्नाले बनौट, गुण, प्रकृति र विशेषता लगायत सम्पूर्ण कुरा एकै किसिमको भएको मालवस्तु सम्झनु पर्छ ।

(९) उपदफा (८) बमोजिम समरुपको मालवस्तुको कारोबार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तुको

भन्सार मूल्य नेपालमा पहिले पैठारी भएको मिल्दोजुल्दो मालवस्तु (सिमिलर गुड्स) को कारोबार मूल्यको आधारमा निर्धारण गरिनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "मिल्दोजुल्दो मालवस्तु (सिमिलर गुड्स)" भन्नाले सबै कुरामा उस्तै नभएका तर उस्तै बनौट सामग्रीको अंश र उस्तै उस्तै विशेषता भएको कारणले गर्दा उस्तै काम गर्न सक्ने र व्यापारिक रुपमा साटफेर हुन सक्ने मालवस्तु सम्झनु पर्छ ।

(१०) उपदफा (९) बमोजिम मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तु अघि नै नेपालमा पैठारी भई बजारमा पैठारीकर्तासँग असम्बन्धित व्यक्तिलाई बिक्री भएको रहेछ भने त्यसरी बिक्री भएको अधिकतम इकाईको प्रति इकाई बिक्री मूल्यमा नेपालमा लागेको कर, महसुल, अन्य सम्बद्ध खर्च र मुनाफा कटाई (डिडक्टिभ भ्यालु मेथड अनुसार) त्यस्तो मालवस्तुको भन्सार मूल्य निर्धारण गरिनेछ ।

(११) उपदफा (१०) बमोजिम भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तु उत्पादन वा निर्माण गर्न लागेको खर्च र सो मालवस्तु पैठारीकर्तालाई बिक्री गर्दा बिक्रेताले लिएको वा लिन सक्ने मुनाफा समेत गणना गरी (कम्प्युटेड भ्यालु मेथड अनुसार) भन्सार मूल्य निर्धारण गरिनेछ ।

(१२) उपदफा (११) बमोजिम भन्सार मूल्य निर्धारण गर्न नसकिएमा भन्सार अधिकृतले उपदफा (२), (८), (९), (१०) र (११) विपरीत नहुने गरी मनासिब आधारमा त्यस्तो मालवस्तुको भन्सार मूल्य निर्धारण गर्नेछ ।

(१३) उपदफा (१०) र (११) मा जुनसुकै कुरा लेखिएको भए तापनि पैठारीकर्ताले उपदफा (१०) भन्दा पहिले उपदफा (११) को प्रक्रिया अवलम्बन गरी भन्सार मूल्य निर्धारण गरिदिनका लागि अनुरोध गरेमा भन्सार अधिकृतले उपदफा (११) बमोजिम भन्सार मूल्य निर्धारण गर्न सक्नेछ ।

●(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यक्तिगत प्रयोजनको लागि ◣यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचना अन्तर्गत पैठारी भएको मालवस्तु वा विदेशी मुलुकबाट उपहार वा नमूना स्वरूप प्राप्त गरी पैठारी भएको मालवस्तु वा राहत सामग्रीको कारोबार मूल्य खुलाउन नसक्ने कारण जनाई त्यस्तो मालवस्तुको धनीले मूल्याङ्कन गरिदिन निवेदन दिएमा र त्यस्तो व्यहोरा भन्सार अधिकृतलाई उपयुक्त लागेमा वा मूल्य नखुलेको अवस्थामा पेश हुन आएमा निजले त्यस्तो मालवस्तुको अनुमानित भन्सार मूल्य निर्धारण गर्न सक्नेछ ।

---

● आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

◣ आर्थिक ऐन, २०७६ द्वारा संशोधित ।

(१५) पैठारीकर्ताले उपदफा (३) बमोजिम घोषणा गरेको मूल्य यस दफा बमोजिम भन्सार अधिकृतले निर्धारण गरेको भन्सार मूल्यभन्दा घटी भएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुका सम्बन्धमा देहाय बमोजिम गर्न सक्नेछ :-

Ψ(क) त्यसरी घटी भएको जति मूल्यमा भन्सार महसुल लाग्ने मालवस्तु भएमा पचास प्रतिशत थप भन्सार महसुल, भन्सार महसुल नलाग्ने भई कृषि सुधार शुल्क वा अन्त:शुल्क मात्र लाग्ने मालवस्तुको हकमा पचास प्रतिशत थप कृषि सुधार शुल्क वा अन्त:शुल्क असुल गरी त्यस्तो मालवस्तु जाँचपास गर्ने, वा

(ख) ➡................ त्यसरी घोषित मूल्यमा पाँच प्रतिशत रकम थप गर्दा हुन आउने रकम पैठारीकर्तालाई भुक्तानी दिने गरी त्यस्तो मालवस्तु खरिद गर्ने गराउने ।

(१६) यस दफा बमोजिम मालवस्तुको भन्सार मूल्य कायम गर्दा सामान्यत: विदेशी मुद्रामा गरिनेछ । पैठारीको अवस्थामा महसुल बुझाउनु पर्ने मालवस्तुको मूल्याङ्कन विदेशी मुद्रामा भएकोमा सोको नेपाली रुपैयाँमा परिवर्तन गर्दा ⭘त्यस्तो मालवस्तुको प्रज्ञापनपत्र भन्सार कार्यालयमा दर्ता भएको वा कम्प्युटर प्रणालीमार्फत भन्सार कार्यालयमा प्राप्त भएको दिन नेपाल राष्ट्र बैङ्कबाट तोकिएको विदेशी मुद्राको बिक्री दरको आधारमा गरिनेछ । नेपाल राष्ट्र बैङ्कबाट विनिमय दर नतोकिएको विदेशी मुद्राको हकमा सो विदेशी मुद्रालाई अमेरिकी डलरमा परिवर्तन गर्दा हुने अमेरिकी डलरको बिक्री दरको आधारमा गरिनेछ ।

तर कूटनीतिक सुविधा, महसुल सुविधा वा पूर्ण वा आंशिक महसुल छुटमा पहिले पैठारी भई पछि महसुल बुझाउने मालवस्तुको भन्सार मूल्यलाई नेपाली रुपैयाँमा परिवर्तन गर्दा बाँकी महसुल बुझाउने दिनमा नेपाल राष्ट्र बैङ्कबाट तोकिएको विदेशी मुद्राको बिक्री दरको आधारमा गरिनेछ ।

◆(१७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम भन्सार अधिकृतले भन्सार मूल्य निर्धारण गर्दा यस दफामा उल्लेख भएको विधि वा प्रक्रिया अनुकूल नभएमा वा मूल्य शङ्कास्पद छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा त्यस्तो मालवस्तुको यस दफा बमोजिम पुन: मूल्य निर्धारण गर्न महानिर्देशकले आदेश दिन सक्नेछ ।

---

Ψ आर्थिक ऐन, २०८० द्वारा संशोधित ।
➡ आर्थिक ऐन, २०७५ द्वारा झिकिएको ।
⭘ आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।
◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

◆(१८) उपदफा (१७) बमोजिम आदेश प्राप्त भएमा भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी तीस दिनभित्र पुन: भन्सार मूल्य निर्धारण गरी महानिर्देशकलाई जानकारी दिनु पर्नेछ ।

◆(१९) उपदफा (१७) बमोजिम आदेश दिँदा महानिर्देशकले त्यस्तो मालवस्तु जाँचपास भएको मितिले नब्बे दिनभित्र दिनु पर्नेछ ।

◆(२०) कुनै पैठारीकर्ताले अधिक बीजकीकरण गरी मालवस्तु पैठारी गरेको भन्सार अधिकृतलाई लागेमा निजले प्रचलित सङ्घीय कानून बमोजिम आवश्यक अनुसन्धान तथा कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

१४. अस्थायी रुपमा भन्सार मूल्य निर्धारण गर्न सक्ने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा भन्सार अधिकृतले पैठारी भएको मालवस्तुको मनासिब अस्थायी भन्सार मूल्य दफा १३ को अधीनमा रही निर्धारण गर्न सक्नेछ :-

(क) पैठारीकर्ताले मनासिब कारण देखाई मालवस्तुको मूल्याङ्कनको लागि आवश्यक पर्ने कागजात तथा अन्य जानकारी तत्काल उपलब्ध गराउन नसक्ने व्यहोराको निवेदन दिएमा,

(ख) मालवस्तुको प्रयोगशाला परीक्षण वा अन्य जाँच गरेपछि मात्र भन्सार मूल्य निर्धारण गर्नु पर्ने वा गर्न सकिने भएमा वा पैठारीकर्ताले उपलब्ध गराएको कागजात र जानकारीका सम्बन्धमा थप जाँचबुझ गर्नु पर्ने देखिएमा ।

(२) उपदफा (१) बमोजिम अस्थायी भन्सार मूल्य निर्धारण भएपछि पैठारीकर्ताले त्यस्तो मालवस्तुमा लाग्ने महसुल धरौटीमा राखी मालवस्तु छुटाउन चाहेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जाँचपास गरिदिनेछ ।

(३) उपदफा (१) बमोजिम अस्थायी मूल्य निर्धारण भएको मितिले तीस दिनभित्र भन्सार अधिकृतले सो मालवस्तुको भन्सार मूल्य दफा १३ बमोजिम निर्धारण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्धारण भएको भन्सार मूल्य उपदफा (१) बमोजिम निर्धारण भएको अस्थायी भन्सार मूल्यभन्दा बढी भएमा भन्सार कार्यालयले त्यसरी बढी भएजति मूल्यमा लाग्ने महसुल त्यस्तो पैठारीकर्ताबाट असुल उपर गर्नु पर्नेछ र घटी भएमा बढी असुल भएको महसुल निजलाई फिर्ता दिनु पर्नेछ ।

---

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

१५. भाडा, बीमा वा अन्य सम्बद्ध खर्चको अनुमानित रकम कायम गरिदिन सक्ने : (१) कुनै पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा लागेको भाडा, बीमा वा अन्य सम्बद्ध खर्चको कागजात आफ्नो काबु बाहिरको परिस्थिति परी तत्काल पेश गर्न नसक्ने भएमा सोको कारण खुलाई त्यस्तो भाडा, बीमा वा अन्य सम्बद्ध खर्चको अनुमानित रकम कायम गरिदिनका लागि भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको कारोबार मूल्यमा समावेश हुन सक्ने भाडा, बीमा वा अन्य सम्बद्ध खर्च बापतको अनुमानित रकम कायम गरिदिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम भाडा, बीमा वा अन्य सम्बद्ध खर्चको अनुमानित रकम कायम भएको मितिले नब्बे दिनभित्र सम्बन्धित पैठारीकर्ताले सो मालवस्तुको वास्तविक भाडा, बीमा तथा अन्य सम्बद्ध खर्च सम्बन्धी कागजात प्रमाण पेश गर्नु पर्नेछ । त्यसरी पेश गरेको कागजात प्रमाणमा उल्लेख भएको रकम उपदफा (२) बमोजिम कायम भएको अनुमानित रकमभन्दा बढी भएमा त्यस्तो बढी रकममा लाग्ने महसुल निजले बुझाउनु पर्नेछ र घटी भएमा लाग्ने महसुल कटाई बाँकी रकम भन्सार कार्यालयले निजलाई फिर्ता गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र सम्बन्धित पैठारीकर्ताले प्रमाण कागजात पेश नगरेमा वा अन्यथा प्रमाणित नभएमा भन्सार अधिकृतबाट उपदफा (२) बमोजिम कायम भएको अनुमानित रकमलाई नै त्यस्तो भाडा, बीमा र अन्य सम्बद्ध खर्चको अन्तिम रकम मानिनेछ ।

१६. निकासी गरिने मालवस्तुको भन्सार मूल्य निर्धारण : (१) निकासीकर्ताले घोषणा गरेको बीजक मूल्य नै निकासी गरिने मालवस्तुको भन्सार मूल्य हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक ठानेमा निकासी हुने कुनै खास प्रकृतिका मालवस्तुको छुट्टै भन्सार मूल्य नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गर्न सक्नेछ । त्यसरी छुट्टै भन्सार मूल्य निर्धारण भएकोमा निकासीकर्ताले घोषणा गरेको बीजक मूल्य र नेपाल सरकारले त्यसरी निर्धारण गरेको भन्सार मूल्यमध्ये जुन बढी हुन्छ सोही मूल्यलाई त्यस्तो मालवस्तुको भन्सार मूल्य मानिनेछ ।

(३) ➡................

(४) यस दफा बमोजिम मालवस्तुको मूल्य कायम गर्दा विदेशी मुद्रामा गरिनेछ । त्यस्तो विदेशी मुद्रालाई नेपाली रुपैयाँमा परिवर्तन गर्दा

---

➡ आर्थिक ऐन, २०७५ द्वारा झिकिएको ।

°त्यस्तो मालवस्तुको प्रज्ञापनपत्र भन्सार कार्यालयमा दर्ता भएको वा कम्प्युटर प्रणालीमार्फत भन्सार कार्यालयमा प्राप्त भएको दिनमा नेपाल राष्ट्र बैङ्कबाट तोकिएको विदेशी मुद्राको खरिद दरको आधारमा गरिनेछ ।

## परिच्छेद-६

## प्रज्ञापनपत्र, जाँच तथा जाँचपास सम्बन्धी व्यवस्था

१७. विवरण पेश गर्नु पर्ने : निकासी वा पैठारी हुने मालवस्तु ढुवानी गर्ने सवारी साधनको चालकले त्यस्तो सवारी साधन भन्सार कार्यालयमा प्रवेश गर्नुअघि सो साधनमा रहेको मालवस्तुको तोकिए बमोजिमको विवरण भन्सार कार्यालयमा दिनु पर्नेछ ।

१८. प्रज्ञापनपत्र भरी पेश गर्नु पर्ने : (१) मालवस्तु निकासी वा पैठारी गर्ने व्यक्तिले तोकिए बमोजिमको कागजात संलग्न गरी प्रज्ञापनपत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

तर, नेपालबाट बाहिर जाने र विदेशी मुलुकबाट नेपालभित्र आउने Ψयात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तुमध्ये नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी भन्सार महसुल नलाग्ने भनी तोकेको मालवस्तुको प्रज्ञापनपत्र भर्न आवश्यक हुने छैन ।

(२) काबु बाहिरको परिस्थिति परी वा अन्य कुनै मनासिब कारणले उपदफा (१) बमोजिमको कुनै कागजात प्रज्ञापनपत्र साथ पेश गर्न नसकिने भएमा त्यस्तो परिस्थिति वा कारण खुलाई त्यस्तो कागजात पछि पेश गर्ने अनुमतिको लागि सम्बन्धित व्यक्तिले भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिएको निवेदन जाँचबुझ गर्दा त्यस्तो परिस्थिति वा कारण मनासिब देखिएमा सम्बन्धित भन्सार अधिकृतले त्यस्तो कागजात पेश गर्ने अवधि तोकिदिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कागजात पेश गर्ने अवधि तोक्दा भन्सार अधिकृतले कुनै सर्त तोक्न वा सुरक्षण बापत मनासिब धरौटी माग गर्न सक्नेछ ।

◆(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मालवस्तु निकासी वा पैठारी गर्ने व्यक्तिले मालवस्तुको विवरण प्रज्ञापनपत्रको ढाँचामा विद्युतीय माध्यमबाट कम्प्युटर प्रणाली मार्फत भन्सार कार्यालयमा पठाउन सक्नेछ ।

---

° आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।
Ψ आर्थिक ऐन, २०८० द्वारा संशोधित ।
◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

◆(६) उपदफा (५) बमोजिम विद्युतीय माध्यमबाट मालवस्तुको प्रज्ञापनपत्र पठाएकोमा निकासी वा पैठारीकर्ताले उपदफा (१) बमोजिमका कागजातहरु भौतिक रूपमा वा विद्युतीय स्वरुपमा भन्सार अधिकृतसमक्ष पेश वा सम्प्रेषण गर्नु पर्नेछ ।

♉(७) यस दफा बमोजिम पैठारी हुने मालवस्तुको प्रज्ञापनपत्र भरी पेश गर्दा मालवस्तुको प्रकृति अनुसार ब्राण्ड, मोडेल, आकार, नाप, एकाई, उत्पादक कम्पनी र मालवस्तुको पहिचान हुने यस्तै अन्य विवरण समेत उल्लेख गरी घोषणा गर्नु पर्नेछ ।

१९. प्रज्ञापनपत्र जाँच गर्ने : (१) दफा १८ बमोजिम प्रज्ञापनपत्र पेश भएपछि सम्बन्धित भन्सार अधिकृतले सो प्रज्ञापनपत्रमा घोषित मालवस्तु कानून बमोजिम पैठारी वा निकासी गर्न पाइने मालवस्तु हो वा होइन भन्ने सम्बन्धमा जाँच गर्नु पर्नेछ । त्यसरी जाँच गर्दा भन्सार अधिकृतले आवश्यकता अनुसार सम्बन्धित मालवस्तुको भौतिक जाँच गर्न वा गर्न लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा त्यस्तो मालवस्तु निकासी वा पैठारी गर्न नपाइने वा प्रतिबन्धित भएको पाइएमा प्रचलित कानून बमोजिम अनुसन्धान वा कारबाहीका लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउनु पर्नेछ ।

२०. मालवस्तुको जाँच गर्ने : (१) दफा १९ बमोजिमको जाँच गर्दा सम्बन्धित मालवस्तु निकासी वा पैठारी गर्न पाइने देखिएमा भन्सार अधिकृतले परिच्छेद-७ बमोजिम त्यस्तो मालवस्तु जाँच गर्नेछ ।

**o**(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भन्सार अधिकृतले छनौट प्रणाली बमोजिम देहायको कुनै प्रक्रिया अवलम्बन गरी मालवस्तु जाँचपास गर्न सक्नेछ :-

(क) मालवस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच नगरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने,

(ख) मालवस्तुको जाँच नगरी तत्सम्बन्धी कागजात मात्र जाँच गरी जाँचपास गर्ने,

(ग) मालवस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच नगरी जाँचपास पछि परीक्षण गर्ने गरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने,

---

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।
♉ आर्थिक ऐन, २०७८ द्वारा थप ।
**o** आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

(घ) मालवस्तु तथा तत्सम्बन्धी कागजात समेत पूर्ण रूपमा जाँच गरेर जाँचपास गर्ने ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि “छनौट प्रणाली” भन्नाले राजस्व सुरक्षा, सामाजिक सुरक्षा, जनस्वास्थ्यको सुरक्षा, पर्यावरणीय सुरक्षा, मालवस्तुको प्रकृति, मालवस्तुको उत्पत्तिको मुलुक, मालवस्तु चलान भएको मुलुक, आपूर्तिकर्ता, पैठारीकर्ता वा भन्सार एजेन्टको साख आदिको आधारमा निर्धारण गरिने जोखिमलाई विचार गरी त्यस्ता जोखिमका आधारमा मालवस्तुको वर्गीकरण गरी मालवस्तु जाँचपास गर्न विभागले जारी गरेको निर्देशिकामा निर्धारण गरिएको प्रणाली सम्झनु पर्छ ।

२१. मूल्याङ्कन गर्नु पर्ने : दफा २० बमोजिम मालवस्तु वा कागजात जाँच गरेपछि भन्सार अधिकृतले पैठारी हुने मालवस्तुको भन्सार मूल्य दफा १३ बमोजिम र निकासी हुने मालवस्तुको भन्सार मूल्य दफा १६ बमोजिम निर्धारण गर्नेछ ।

○२२. मालवस्तुको वर्गीकरण तथा महसुल निर्धारण : (१) दफा २१ बमोजिम भन्सार मूल्य निर्धारण भएपछि भन्सार अधिकृतले घोषित मालवस्तु प्रचलित आर्थिक ऐन अनुसारको उपशीर्षक बमोजिम वर्गीकरण भए नभएको जाँच गर्नु पर्नेछ । त्यसरी जाँच गर्दा भन्सार अधिकृतले दफा ६१क. को उपदफा (३) मा उल्लिखित विषयलाई समेत आधार लिई वर्गीकरण ठीक भए वा नभएको यकिन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मालवस्तुको वर्गीकरण जाँच गर्दा ठीक पाइएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुमा लाग्ने महसुल निर्धारण गर्नेछ ।

(३) उपदफा (१) बमोजिम जाँच गर्दा मालवस्तुको वर्गीकरण ठीक नभएको पाइएमा भन्सार अधिकृतले घोषणाकर्तालाई जानकारी गराई वर्गीकरण उपशीर्षक संशोधन गरी सोही बमोजिम लाग्ने महसुल निर्धारण गर्नेछ ।

(४) उपदफा (३) बमोजिम भन्सार अधिकृतले गरेको संशोधनमा चित्त नबुझ्ने पैठारीकर्ताले दफा ६१क. बमोजिम पुनरावलोकनको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ । त्यसरी निवेदन दिनुअघि भन्सार अधिकृतले निर्धारण गरेको महसुल भुक्तान गरी मालवस्तु छुटाउनु पर्नेछ ।

(५) पैठारीकर्ताले उपदफा (४) बमोजिम महसुल भुक्तान गर्दा वस्तु वर्गीकरणको अन्तिम निर्णय हुँदा ठहरे बमोजिम हुने गरी पूर्ण वा आंशिक रूपमा धरौटीमा राख्न भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ । त्यसरी निवेदन दिएमा भन्सार अधिकृतले सोही बमोजिम धरौटी राखी मालवस्तु जाँचपास गर्न सक्नेछ ।

---

○ आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

(६) उपदफा (१) बमोजिम मालवस्तुको वर्गीकरण यकिन गर्न भन्सार अधिकृतलाई द्विविधा भएमा द्विविधा हुनु पर्ने कारण र आफ्नो राय तथा मालवस्तुको नमूना सहित महानिर्देशक समक्ष निर्णयको लागि लेखी पठाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम लेखी आएमा महानिर्देशकले वर्गीकरण उपशीर्षक तोक्ने निर्णय गरी सोको जानकारी भन्सार अधिकृतलाई गराउनु पर्नेछ । भन्सार अधिकृतले पनि सोही बमोजिम मालवस्तुको वर्गीकरण तथा महसुल निर्धारण गरी मालवस्तु जाँचपास गर्नेछ ।

२३. मालवस्तु जाँचपास गर्ने : महसुल बुझाउन नपर्ने गरी प्रचलित कानून बमोजिम छुट वा सुविधा दिइएकोमा बाहेक दफा २२ बमोजिम निर्धारण भएको महसुल लिएर मात्र भन्सार अधिकृतले मालवस्तु जाँचपास गर्नेछ ।

◆२३क. केन्द्रीय जाँचपास प्रणाली अवलम्बन गर्न सक्ने : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भन्सार कार्यालयमा घोषणा भएको मालवस्तुका सम्बन्धमा विभागले तोकिए बमोजिम मालवस्तु जाँचपास गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२४. मालवस्तु भन्सार कार्यालयमा आइपुग्नु अघि महसुल निर्धारण गर्न सकिने : (१) कुनै पैठारीकर्ताले पैठारी गर्ने मालवस्तु सम्बन्धित भन्सार कार्यालयमा आइपुग्नु अघि सो मालवस्तुमा लाग्ने महसुल बुझाउन चाहेमा सोको लागि सो मालवस्तु सम्बन्धी दफा १८ बमोजिमको कागजात संलग्न गरी प्रज्ञापनपत्र भरी भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा त्यसरी महसुल लिन मनासिब देखिएमा भन्सार अधिकृतले दफा २२ बमोजिम महसुल निर्धारण गरिदिन सक्नेछ । त्यसरी निर्धारण भएको महसुल पैठारीकर्ताले भन्सार कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण भएको महसुल दर वा परिवर्त्य विदेशी मुद्राको विनिमय दर महसुल बुझाएको दिन र मालवस्तु जाँचपास हुँदाको दिनमा फरक पर्न गएमा मालवस्तु जाँचपास हुँदाको दिन कायम रहेको दर लागू हुनेछ ।

(४) जुन मालवस्तुका सम्बन्धमा उपदफा (२) बमोजिम महसुल बुझाइसकिएको हो सो मालवस्तु भन्सार कार्यालयमा आइपुगेपछि सो कार्यालयले त्यस्तो मालवस्तुको आवश्यक प्रक्रिया प्राथमिकतासाथ पूरा गरी त्यस्तो मालवस्तु जाँचपास गरिदिनु पर्नेछ ।

---

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

२५. निकासी वा पैठारी गर्न सकिने : (१) निकासी वा पैठारी गरिने मालवस्तुको निकासीकर्ता वा पैठारीकर्ता वा निजको भन्सार एजेन्टले दफा २३ बमोजिम महसुल बुझाएको प्रज्ञापनपत्र वा रसिद प्राप्त गरेपछि र दफा १८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित मालवस्तुको हकमा भन्सार अधिकृतले जाँच गरी वा गराई लैजाने अनुमति दिएपछि मात्र त्यस्तो मालवस्तु निकासी वा पैठारी गर्न सक्नेछ ।

(२) कसैले विद्युतीय माध्यमबाट सफ्टवेयर निकासी गरेकोमा निकासी सम्बन्धी सम्झौता, बीजक र सम्बन्धित पैठारीकर्ताबाट भुक्तानी प्राप्त भएको प्रमाण समेतको आधारमा नेपाल राष्ट्र बैङ्कले प्रमाणित गरेपछि मात्र त्यस्तो सफ्टवेयर निकासी भएको मानिनेछ ।

२६. निस्सा, प्रमाण वा रसिद माग गर्न सक्ने : (१) कुनै व्यक्तिले कुनै मालवस्तु पैठारी गरी ल्याएको हो वा निकासी गर्न लागेको हो र भन्सार महसुल तिरेको छैन भनी विश्वास गर्नु पर्ने मनासिब कारण भएमा वा भन्सार महसुल नतिरेको थाहा पाएमा भन्सार कार्यालयको कुनै कर्मचारीले त्यस्तो व्यक्तिबाट सो मालवस्तुको भन्सार महसुल तिरेको प्रमाण वा भन्सार महसुल नलाग्ने भए सोही व्यहोराको निस्सा माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएको प्रमाण वा निस्सा त्यस्तो व्यक्तिले त्यस्तो कर्मचारीलाई देखाउनु पर्नेछ । निजले त्यस्तो प्रमाण वा निस्सा पेश गर्न नसकेमा वा पेश गरेको निस्सामा लेखिए बमोजिमको मालवस्तु नभई फरक मालवस्तु देखिन आएमा त्यस्तो कर्मचारीले त्यस्तो मालवस्तु र व्यक्ति भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएपछि भन्सार अधिकृतले त्यस्तो मालवस्तु रोक्का गर्न आदेश दिन सक्नेछ र पेश भएको व्यक्तिलाई चोरी निकासी वा पैठारीको कसूरमा कारबाही चलाउनेछ ।

२७. प्रज्ञापनपत्रको ढाँचा : प्रज्ञापनपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## मालवस्तुको जाँच सम्बन्धी व्यवस्था

२८. भारी वा पोका खोल्न र जाँच्न सक्ने : (१) भन्सार अधिकृतले निकासी वा पैठारी हुने जुनसुकै मालवस्तुको भारी वा पोका एक एक गरी वा बीच बीचमा छड्के गरी वा केही प्रतिशत मात्र खोल्न र जाँच्न वा आफू मातहतका कुनै कर्मचारीलाई त्यसरी खोल्न र जाँच्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा जीवित जनावर, छिटो नाश हुन सक्ने वस्तुहरु र भन्सार अधिकृतले आवश्यक ठानेका अन्य मालवस्तु पहिले जाँच गर्नु पर्नेछ ।

(३) भन्सार अधिकृत वा निज मातहतको कर्मचारीले मालवस्तुको भारी वा पोका उपदफा (१) बमोजिम खोले जाँचेकोमा त्यसरी जाँचेको तरिका र अदतको स्पष्ट विवरण प्रज्ञापनपत्रमा उल्लेख गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम जाँच भएको वा नभएको भारी वा पोकाका सम्बन्धमा शङ्का लागेमा वा सो सम्बन्धमा कुनै सूचना प्राप्त भएमा भन्सार अधिकृतले त्यस्तो भारी वा पोका जाँच नै नभएको भए जाँचबुझ गराउन वा जाँच भइसकेको भए पुनः जाँचबुझ गर्न आफू मातहतका कर्मचारीलाई आदेश दिन सक्नेछ ।

(५) निकासीकर्ता वा पैठारीकर्ताले आफ्नो उपस्थितिमा मालवस्तु जाँच गराउन चाहेमा सोको जानकारी लिखित रुपमा भन्सार अधिकृतलाई दिनु पर्नेछ । त्यसरी जानकारी दिएकोमा भन्सार अधिकृतले त्यस्तो निकासीकर्ता वा पैठारीकर्ताको उपस्थितिमा मालवस्तुको जाँच गर्न वा गराउन सक्नेछ ।

तर भन्सार अधिकृतले तोकेको समयमा निज उपस्थित नभएमा निजको अनुपस्थितिमा नै मालवस्तुको जाँच गर्न बाधा पर्ने छैन ।

(६) भन्सार अधिकृतले यस दफा बमोजिम मालवस्तु जाँच गर्दा वा गराउँदा पैठारीकर्ताले गरेको घोषणाका आधारमा लाग्ने महसुल असुल गरेर मात्र मालवस्तुको जाँच गर्न वा गराउन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम जाँच गर्दा निकासीकर्ता वा पैठारीकर्ता वा निजको एजेन्टले गरेको घोषणा वा प्रज्ञापनपत्रसाथ संलग्न गरेको कागजातमा उल्लिखित विवरण बमोजिमको मालवस्तु नभई फरक परेमा त्यस्तो मालवस्तुको जाँच गर्नु अगाडि नै महसुल असुल भएको रहेछ भने पैठारीकर्ताले त्यस्तो महसुल फिर्ता वा लाग्ने महसुलमा मिलान गर्न पाउने छैन ।

(८) एक पटक जाँचपास भएको मालवस्तु निकासीकर्ता वा पैठारीकर्ताले भन्सार क्षेत्रबाट उठाई लैजानु अघि वा भन्सार क्षेत्र बाहिर लगिसकेपछि महानिर्देशकले खटाएको कुनै अधिकृत कर्मचारी वा सम्बन्धित भन्सार कार्यालयको भन्सार अधिकृतले पुनः पूरा वा आंशिक रुपमा जाँच गर्न वा गराउन सक्नेछ । त्यसरी जाँच गर्दा सोको कारणका बारेमा महानिर्देशक वा भन्सार अधिकृतले सम्बन्धित ०निकासीकर्ता वा पैठारीकर्तालाई जानकारी दिनु पर्नेछ ।

२९. जाँच गरे सरह हुने : दफा २८ बमोजिम भारी वा पोका जाँच गर्दा सो भारी वा पोकामा पेश भएको बिल बीजक, अन्य कागजात वा विवरण बमोजिम मालवस्तु भएमा जाँच नगरिएका अन्य भारी वा पोकाभित्रका मालवस्तु पनि जाँच गरेको मानिनेछ ।

---

० आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

°३०. मालवस्तुको नमूना सङ्कलन र परीक्षण : (१) पैठारी हुने खाद्य वा पेयपदार्थ वा अन्य कुनै मालवस्तुको गुणस्तर परीक्षण, भन्सार मूल्याङ्कन, वर्गीकरण, जनस्वास्थ्य वा वातावरणमा पर्न सक्ने प्रभावको दृष्टिकोणले नमूना जाँच गर्न वा सम्बन्धित विशेषज्ञबाट जाँच गराउन वा प्रयोगशालाबाट परीक्षण गराउन आवश्यक देखेमा भन्सार अधिकृतले उक्त मालवस्तुको धनी वा निजको एजेन्टको रोहबरमा नमूना झिकी आफैँले जाँच गर्न, सम्बन्धित विशेषज्ञबाट जाँच गराउन वा विभाग वा भन्सार कार्यालयको प्रयोगशाला वा अन्य सरकारी निकायको प्रयोगशालाबाट परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परीक्षणको लागि प्राप्त हुन आएको मालवस्तुको नमूना विभागको वा अन्य सरकारी निकायको प्रयोगशालाले यथाशीघ्र परीक्षण गरी त्यसको नतिजा सम्बन्धित भन्सार कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम भन्सार कार्यालयबाट परीक्षणको लागि प्राप्त नमूनाहरू विभागको प्रयोगशालाले आफैँले परीक्षण गर्न नसक्ने भएमा सरकारी निकायको अन्य प्रयोगशालाबाट परीक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धित भन्सार कार्यालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम परीक्षण गर्दा त्यस्तो मालवस्तुले स्वास्थ्य वा वातावरणलाई हानि पुऱ्याउने वा प्रतिकूल असर पार्ने देखिएमा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई त्यस्तो मालवस्तु विदेशी मुलुकको सम्बन्धित निकासीकर्तालाई तोकिए बमोजिम फिर्ता पठाउने आदेश दिनेछ ।

तर भन्सार अधिकृतले त्यसरी आदेश दिनुअघि निज पैठारीकर्ताबाट त्यस्तो मालवस्तुको लागि भुक्तानी गरेको विदेशी मुद्रा फिर्ता ल्याएको प्रमाण पेश गर्न लगाउन वा त्यस्तो विदेशी मुद्रा फिर्ता ल्याउने कबुलियतनामा पेश गर्न लगाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम दिइएको आदेश बमोजिम सम्बन्धित पैठारीकर्ताले त्यस्तो मालवस्तु फिर्ता नपठाएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी तोकिए बमोजिम सडाउन वा नष्ट गर्न सक्नेछ र त्यसरी सडाउन वा नष्ट गर्न लाग्ने वा लागेको खर्च सम्बन्धित पैठारीकर्ताबाट असुल गर्नेछ ।

३१. सम्बन्धित स्थानमा गई मालवस्तु जाँच गर्न सकिने : (१) कुनै निकासीकर्ताले आफूले निकासी गर्ने मालवस्तु त्यस्तो मालवस्तुको उत्पादनस्थल वा गोदाममा गई जाँच गरिदिन भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार मालवस्तु जाँच गर्न मनासिब देखिएमा भन्सार अधिकृतले तोकिए बमोजिमको शुल्क लिई

° आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

त्यस्तो उत्पादनस्थल वा गोदाममा आफैँ गई वा आफू मातहतका कर्मचारीलाई पठाई मालवस्तु जाँच गर्न वा गराउन सक्नेछ ।

(३) कुनै पैठारीकर्ताले आफूले पैठारी गरी ल्याएको मालवस्तु भन्सार क्षेत्रभन्दा बाहिर जाँच गरिदिन तोकिएको कागजात संलग्न गरी प्रज्ञापनपत्र भरी भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा त्यसरी जाँच गर्न मनासिब देखिएमा महानिर्देशकको पूर्व स्वीकृति लिई भन्सार अधिकृतले तोकिएको शुल्क असुल गरी भन्सार क्षेत्रभन्दा बाहिर आफैँ गई वा आफू मातहतका कर्मचारीलाई पठाई मालवस्तुको जाँच गर्न वा गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम मालवस्तु जाँच गर्नुअघि भन्सार अधिकृतले पैठारीकर्ताले घोषणा गरेको भन्सार मूल्य अनुसार सो मालवस्तुमा लाग्ने महसुलमा पचास प्रतिशत महसुल थप गरी हुन आउने रकम धरौटी लिनु पर्नेछ । भन्सार कार्यालयले त्यस्तो धरौटी रकम सो मालवस्तुमा लाग्ने भन्सार महसुलभन्दा बढी भएमा त्यसरी बढी भएजति रकम पैठारीकर्तालाई फिर्ता दिनु पर्नेछ र कम भएमा त्यस्तो कम रकम पैठारीकर्ताबाट असुल गर्नु पर्नेछ ।

३२. ढुवानी गर्ने साधनमा सीलबन्दी गर्न सकिने : भन्सार कार्यालयबाट मालवस्तु जाँचपास भएपछि त्यस्तो मालवस्तु ◣बन्द कन्टेनरबाट ढुवानी गरिने भएमा त्यस्तो कन्टेनरमा भन्सार कार्यालयले सील छाप लगाउनु पर्नेछ ।

३३. स्वीकृति नलिई खोल्न, हेर्न र जाँच्न नपाउने : भन्सार कार्यालयबाट जाँचपास भएका मालवस्तु र त्यस्तो मालवस्तु ढुवानी गरिरहेको साधन राजस्व चुहावट सम्बन्धी प्रचलित कानून बमोजिम अनुसन्धान गर्न अधिकारप्राप्त अधिकारी बाहेक अर्थ मन्त्रालय वा महानिर्देशकको पूर्व स्वीकृति नलिई अन्य निकायले खोल्न हेर्न र जाँच्न पाउने छैन ।

## परिच्छेद-८

## जाँचपास पछिको परीक्षण, खानतलासी तथा पक्राउ सम्बन्धी व्यवस्था

□३४. जाँचपासपछि परीक्षण गर्न सकिने : (१) निकासी वा पैठारी भएको मालवस्तुको सम्बन्धमा देहायका कुराहरु यकिन गर्नका लागि महानिर्देशक वा भन्सार परीक्षकले कुनै निकासीकर्ता वा पैठारीकर्ताको मालवस्तु खरिद, बिक्री, निकासी वा पैठारी सम्बन्धी खाता, स्रेस्ता अभिलेख वा अन्य यस्तै कागजात, बैङ्क अभिलेख, कम्प्युटर प्रणाली लगायत निजको व्यवसायसँग सम्बन्धित सम्पूर्ण अभिलेख परीक्षण गर्न सक्नेछ :-

---

◣ आर्थिक ऐन, २०७६ द्वारा संशोधित ।
□ आर्थिक ऐन, २०७८ द्वारा संशोधित ।

(क) दफा १८ को उपदफा (७) बमोजिम मालवस्तु घोषणा गरे नगरेको,

(ख) घोषणा बमोजिम मालवस्तु भए नभएको,

(ग) मालवस्तुको भन्सार मूल्य यथार्थ भए नभएको,

(घ) मालवस्तुको वर्गीकरण उपशीर्षक ठीक भए नभएको,

(ङ) मालवस्तु निकासी वा पैठारी गर्दाका बखत प्रचलित कानून बमोजिम बुझाउनु पर्ने महसुल बुझाए नबुझाएको,

(च) यस ऐन वा अन्य प्रचलित ऐन बमोजिम पूर्ण वा आंशिक भन्सार महसुल छुट वा सुविधामा पैठारी गरेका मालवस्तु उद्देश्य बमोजिम प्रयोग भए नभएको र सम्बन्धित व्यक्तिले पैठारी गरे नगरेको,

(छ) मालवस्तु पैठारी गर्दा प्रज्ञापनपत्र, खरिद बीजक वा पैठारी सम्बन्धी अन्य कागजातमा उल्लेख गरेका नाप, आकार, एकाई र निजको खरिद खाता, बिक्री खाता, बिक्री बीजकमा उल्लेख गरिएका नाप, आकार र एकाईमा एकरुपता भए नभएको ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा मालवस्तुको भन्सार मूल्य फरक परेको वा वस्तु वर्गीकरण उपशीर्षक फरक परेको वा प्रचलित कानून बमोजिम लाग्ने महसुल छुटेको कारणले कम महसुल असुल भएको देखिएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यसरी कम असुल भएको महसुल असुल गरी सोही महसुल बराबर जरिबाना गर्नेछ ।

(३) उपदफा (१) बमोजिम परीक्षण गर्दा निकासी वा पैठारी गरेको मालवस्तु घोषणा गरेको भन्दा भिन्न पाइएमा वा परिमाण घटी घोषणा गरेको पाइएमा र सो कारणले घटी महसुल असुल भएको देखिएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यसरी फरक घोषणा वा परिमाण घटी गरे बापत लाग्ने महसुल असुल गरी दफा ५७ बमोजिम जरिबाना गर्नेछ ।

(४) उपदफा (१) बमोजिम परीक्षण गर्दा सो उपदफाको खण्ड (क) बमोजिम घोषणा नगरी पैठारी गरेको पाइएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यस्तो मालवस्तुको भन्सार मूल्यको पाँच प्रतिशत जरिबाना गर्नेछ ।

तर मालवस्तुको प्रकृति अनुसार खुलाउन नसकिने किसिमका विवरण नखुलाएको आधारमा यस उपदफा बमोजिम जरिबाना गरिने छैन ।

(५) उपदफा (१) बमोजिम परीक्षण गर्दा सो उपदफाको खण्ड (च) बमोजिमको महसुल छुट सुविधा उद्देश्य विपरीत प्रयोग गरेको वा सम्बन्धित

व्यक्तिले पैठारी नगरेको पाइएमा महानिर्देशक वा भन्सार परीक्षकले दफा ५७ को उपदफा (२०) बमोजिम जरिबाना गर्नेछ ।

(६) उपदफा (१) बमोजिम परीक्षण गर्दा सो उपदफाको खण्ड (छ) बमोजिम मालवस्तुको नाप, आकार र एकाईमा एकरुपता नभएको पाइएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यस्तो मालवस्तुको भन्सार मूल्यको पाँच प्रतिशत जरिबाना गर्नेछ ।

(७) यस दफा बमोजिम परीक्षण गर्दा महसुल वा जरिबाना असुल गर्नु पर्ने देखिएमा महानिर्देशक वा भन्सार परीक्षकले महसुल र जरिबाना निर्धारण गरी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई सोको जानकारी दिई सफाइ पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम जानकारी प्राप्त गरेपछि सम्बन्धित व्यक्तिले पन्ध्र दिनभित्र सफाइ पेश गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम सफाइ पेश भएमा सफाइ पेश भएपछि वा सफाइ पेश नभएमा सफाइ पेश गर्ने म्याद नाघेपछि महानिर्देशक वा भन्सार परीक्षकले अन्तिम महसुल र जरिबाना निर्धारण गरी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई सो बमोजिमको रकम दाखिला गर्ने आदेश दिनेछ । महसुल वा जरिबाना निर्धारण गर्नु पर्ने नदेखिएमा सोको जानकारी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई दिनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम आदेश प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो आदेश प्राप्त गर्ने व्यक्तिले सोही आदेशमा तोकिए बमोजिमको रकम दाखिला गर्नु पर्नेछ । उक्त अवधिभित्र रकम दाखिला नगरेमा त्यस्तो महसुल तथा जरिबाना दाखिला गर्ने आदेश दिएको मितिदेखि वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज समेत गणना गरी असुल गरिनेछ ।

(११) उपदफा (१०) बमोजिम बुझाउनु पर्ने रकम नबुझाएमा निकासीकर्ता वा पैठारीकर्ताको निकासी वा पैठारी लगायतका कारोबार तथा चल अचल सम्पत्ति रोक्का गरी महानिर्देशक वा भन्सार परीक्षकले सोही सम्पत्तिबाट त्यस्तो रकम असुल गर्नेछ ।

(१२) उपदफा (११) बमोजिम रकम असुल हुन नसकेमा त्यस्तो रकम सरकारी बाँकी सरह असुल गरिनेछ ।

(१३) महानिर्देशक वा भन्सार परीक्षकले यस दफाको प्रयोजनका लागि आवश्यक देखेमा बैङ्क वा वित्तीय संस्था एवं निकासीकर्ता वा पैठारीकर्ताको कारोबारसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायबाट सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ता, निजको कारोबार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैङ्क खाता, नाफा नोक्सानको हिसाब, कर विवरण, बीजक र यस्तै

अन्य कागजात माग गर्न सक्नेछ । त्यसरी माग गरिएको हिसाब, कर विवरण, बीजक तथा कागजात उपलब्ध गराउनु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

(१४) उपदफा (१) बमोजिम परीक्षण गर्दा महानिर्देशक वा भन्सार परीक्षकले प्रमाण बुझ्न, सम्बन्धित व्यक्तिलाई बयान गराउन तथा लिखत, प्रमाण वा कागजात पेश गर्न लगाउन सक्नेछ ।

(१५) उपदफा (१४) को प्रयोजनका लागि महानिर्देशक वा भन्सार परीक्षकले व्यक्तिगत वा सार्वजनिक रुपमा सूचना जारी गर्न सक्नेछ ।

(१६) उपदफा (१५) बमोजिम जारी गरिएको सूचनाको म्यादभित्र उपस्थित नहुने वा माग भए बमोजिम लिखत, प्रमाण वा कागजात पेश नगर्ने निकासीकर्ता वा पैठारीकर्तालाई महानिर्देशक वा भन्सार परीक्षकले दफा ५७ को उपदफा (१५क) बमोजिम जरिबाना गरी निजको निकासी वा पैठारी सम्बन्धी कारोबार रोक्का गरी उपलब्ध भएसम्मका लिखत, प्रमाण वा कागजातका आधारमा परीक्षण गर्न सक्नेछ ।

(१७) उपदफा (१६) बमोजिम परीक्षण गरिसकेपछि सो निकासीकर्ता वा पैठारीकर्ताका सम्बन्धमा पछि थप प्रमाण कागजात प्राप्त भएमा त्यस्ता प्रमाण कागजातका आधारमा यस दफा बमोजिम पुन: परीक्षण गर्न सकिनेछ ।

(१८) यस दफा बमोजिमको परीक्षण मालवस्तु जाँचपास भएको मितिले चार वर्षसम्म गर्न सकिनेछ ।

तर कुनै निकासीकर्ता वा पैठारीकर्ताले झुट्टा लिखत वा कागजात तयार गरी प्रचलित कानून बमोजिम लाग्ने भन्दा कम महसुल दाखिला गरेको प्रमाणित भएमा भन्सार परीक्षकले महानिर्देशकको अनुमति लिई चार वर्षपछि समेत परीक्षण गर्न सक्नेछ ।

(१९) यस दफा बमोजिम निकासीकर्ता वा पैठारीकर्तालाई महानिर्देशक वा भन्सार परीक्षकले दिने सूचना वा म्याद वा सफाइ पेश गर्ने सूचना वा महसुल र जरिबाना दाखिला गर्ने आदेश सम्बन्धित व्यक्तिको इमेल ठेगानामार्फत पठाउन सक्नेछ । त्यसरी इमेल ठेगानामा पठाइएको सूचना, जानकारी वा आदेश निजले प्राप्त गरेको मानिनेछ ।

३५. मालवस्तु तथा व्यक्ति भन्सार अधिकृत समक्ष पेश गर्नु पर्ने : कुनै व्यक्तिले दफा ३ बमोजिम तोकिएको बाटोबाट नलगी वा चोरी, छली मालवस्तु निकासी वा पैठारी गरेको वा गर्न लागेको भन्सार कार्यालयको कर्मचारीले वा महानिर्देशकले खटाएको कुनै अधिकारीले फेला पारेमा निजले त्यस्तो मालवस्तु र सो मालवस्तु लिई जाने व्यक्ति तथा सवारी साधन पक्राउ गरी भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ । त्यसरी पेश हुन आएको मालवस्तु, व्यक्ति र

सवारी साधन उपर भन्सार अधिकृतले चोरी निकासी वा चोरी पैठारीको कसूरमा कारबाही चलाउनेछ ।

३६. शङ्का लागेमा वा आधार भएमा तलासी गर्ने : कसैले भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी वा चोरी पैठारी गरी ल्याएको छ वा चोरी निकासी गरी लिई जान लागेको छ वा प्रतिबन्धित मालवस्तु निकासी वा पैठारी गरेको छ वा गर्न लागेको छ भनी विश्वास गर्नु पर्ने मनासिब आधार वा कारण भएमा वा शङ्का लागेमा भन्सार कार्यालयको जुनसुकै कर्मचारीले त्यस्तो व्यक्ति वा जुनसुकै साधनलाई रोक्का गर्न र त्यस्तो व्यक्ति वा त्यस्तो सवारी साधनको तलासी लिन सक्नेछ ।

३७. तलासी लिइने व्यक्तिले तलासी हुनुभन्दा अगाडि आफूलाई भन्सार अधिकृत छेउ पेश गराउन माग गर्न सक्ने : (१) भन्सार अधिकृत वा सो प्रयोजनको लागि तोकिएको कर्मचारी बाहेक अरु कुनै कर्मचारीले दफा ३६ बमोजिमको तलासी लिन चाहेकोमा सम्बन्धित व्यक्तिले त्यस्तो तलासी लिनुभन्दा अगाडि आफूलाई भन्सार अधिकृत समक्ष पेश गराउन माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भन्सार अधिकृत समक्ष पेश गराउन माग भएकोमा सम्बन्धित भन्सार कार्यालयका कर्मचारीले कुनै ढिलासुस्ती नगरी निजलाई भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश गरिएको व्यक्तिको तलासी लिनु पर्ने मनासिब आधार देखेमा भन्सार अधिकृतले निजको तलासी आफैँ लिन वा आफू मातहतका कर्मचारीलाई लिन लगाउनेछ र त्यस्तो आधार नदेखेमा निजलाई तुरुन्त छोडिदिनेछ ।

३८. चोरी पैठारी वा चोरी निकासी गरेको मानिने : दफा ३६ वा ३९ बमोजिम तलासी लिँदा भन्सार महसुल लाग्ने वा यस ऐन बमोजिम घोषणा गरी पैठारी वा निकासी गर्नु पर्ने मालवस्तु बरामद भएकोमा भन्सार अधिकृतले तलासी लिएको व्यक्तिलाई सो मालवस्तुको प्रज्ञापनपत्र र भन्सार महसुल लाग्ने मालवस्तु भए महसुल तिरेको निस्सा पेश गर्न आदेश दिनेछ । निजले त्यस्तो प्रज्ञापनपत्र वा निस्सा पेश गर्न नसकेमा चोरी पैठारी वा चोरी निकासी गरेको मानिनेछ ।

३९. घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिने : (१) कसैले भन्सार महसुल छली वा चोरी पैठारी गरी ल्याएको मालवस्तु कुनै घर, भवन, गोदाम वा अन्य कुनै पनि ठाउँमा लुकाएको वा राखेको छ भन्ने विश्वास वा शङ्का गर्नु पर्ने मनासिब कारण भएमा महानिर्देशकले वा सम्बन्धित भन्सार अधिकृतले कारण सहितको निर्णय गरी त्यस्तो घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिन वा लिन लगाउन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश पाउने कर्मचारीले त्यस्तो घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिनु अघि सो घर, भवन, गोदाम वा ठाउँको धनी वा सो घर, भवन, गोदाम वा ठाउँमा तत्काल बसोबास गरिरहेका व्यक्तिलाई त्यसरी खानतलासी लिनु परेको कारण समेत खोली सूचना दिनु पर्नेछ । त्यस्तो धनी वा व्यक्तिले त्यस्तो सूचना बुझ्न नमानेमा सो सूचनाको एक प्रति त्यस्तो घर, भवन, गोदाम वा ठाउँको सबैले देख्ने स्थानमा टाँसी दिनु पर्नेछ र त्यसरी सूचना टाँस भएपछि सम्बन्धित धनी वा व्यक्तिले खानतलासीको सूचना रीतपूर्वक पाएको मानिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित धनी वा व्यक्तिलाई सूचना दिएपछि निजले खानतलासी लिन खटिएका कर्मचारीलाई त्यस्तो घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिन दिनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम खानतलासी लिन कुनै व्यक्तिले बाधा विरोध गरेमा खानतलासी लिन खटिएका कर्मचारीले खानतलासी लिनु पर्ने घर, भवन, गोदाम वा अन्य कुनै ठाउँमा बसिरहेका व्यक्तिलाई हट्ने सूचना र मौका दिनु पर्नेछ । यसरी हट्ने सूचना र मौका दिँदा दिँदै पनि निजहरु नहटेमा त्यस्तो कर्मचारीले सुरक्षा निकायको सहयोगमा आवश्यक बल समेत प्रयोग गरी खानतलासी लिनु पर्ने घर, भवन, गोदाम वा ठाउँको बाहिरी वा भित्री ढोका, झ्याल वा छेस्किनी खोली वा फोरी सूर्योदयदेखि सूर्यास्तभित्र कुनै पनि समयमा खानतलासी लिन सक्नेछ ।

(५) यस दफा बमोजिम खानतलासी लिँदा खानतलासी लिने कर्मचारीले उपलब्ध भएसम्म सम्बन्धित ▲गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्ष वा वडा सदस्य वा कुनै कार्यालयको कर्मचारी वा घर धनी वा निजको प्रतिनिधि वा सोह्र वर्ष उमेर पुगेको कुनै व्यक्तिलाई साक्षी राखी तलासी लिनु पर्नेछ । त्यस्तो साक्षी बस्ने मानिस फेला नपरेमा वा निजले साक्षी बस्न इन्कार गरेमा सोही व्यहोराको कैफियत जनाई तलासी लिने कर्मचारीले सहीछाप गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम खानतलासी लिँदा भन्सार छली वा चोरी पैठारी गरी ल्याएका मालवस्तु बरामद भएमा त्यसरी खानतलासी लिने कर्मचारीले त्यस्ता मालवस्तु आफ्नो कब्जामा लिई त्यस्ता मालवस्तुको विवरण खोलिएको फेहरिस्त तयार गरी सोको एक प्रति खानतलासी लिएको घर, भवन, गोदाम वा सो ठाउँको सम्बन्धित व्यक्तिलाई तत्काल बुझाइदिनु पर्नेछ । सम्बन्धित व्यक्तिले बुझ्न नमानेमा वा बुझाउन नसकिएमा दुई जना साक्षीको रोहवरमा मुचुल्का गरी टाँस गर्नु पर्नेछ । यसरी टाँस गरिएकोमा सम्बन्धित व्यक्तिलाई बुझाए सरह मानिनेछ ।

---

▲ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(७) उपदफा (६) बमोजिमका मालवस्तु तथा फेहरिस्त त्यस्तो कर्मचारीले सम्बन्धित भन्सार अधिकृत समक्ष दाखिला गर्नु पर्नेछ र त्यसरी दाखिला भएपछि भन्सार अधिकृतले यस ऐन बमोजिम कारबाही गर्नेछ ।

☑४०. पक्राउ गर्न सक्ने : (१) दफा ३६ वा ३९ बमोजिम तलासी लिँदा कुनै व्यक्तिले यस ऐन अन्तर्गतको कसूर गरेको देखिन आएमा त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनबाट पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले पक्राउ पुर्जी जारी गर्ने अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पक्राउ पुर्जी जारी गरिएको व्यक्तिलाई गिरफ्तार गरी बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण दसी वा सबुत नष्ट गर्ने मनासिब कारण भएमा वा कसूरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसूर गरिरहेको अवस्थामा फेला परेमा भन्सार अधिकृत वा निजबाट अधिकार प्राप्त भन्सार कार्यालयका अन्य कर्मचारीले त्यस्तो व्यक्तिलाई जुनसुकै ठाउँमा पक्राउ गर्न वा गर्न लगाउन सक्नेछ ।

४१. नगद धरौटीमा छाड्न वा हिरासतमा राख्न सकिने : (१) दफा ४० को उपदफा (३) बमोजिम पेश भएको व्यक्ति तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएमा भन्सार अधिकृतले निजलाई यस ऐन बमोजिम हुन सक्ने कैद र जरिबाना बापतको रकम र बिगो समेत असुल गर्नु पर्नेमा कायम हुन सक्ने बिगो बराबरको रकम समेतको नगद धरौटी लिई तोकिदिएको समय र स्थानमा हाजिर हुने गरी छाड्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएको नगद धरौटी पेश गर्न नसक्ने व्यक्तिलाई त्यस्तो नगद धरौटी भन्सार कार्यालयमा दाखिला नगरेसम्म निजलाई हिरासतमा राखिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई नगद धरौटीमा छाड्दा निजले प्रमाण लोप गर्न सक्ने आधार देखिएमा भन्सार अधिकृतले कारण खोली त्यस्तो व्यक्तिलाई थुनामा राखी कारबाही अगाडि बढाउन सक्नेछ ।

---

☑ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

(४) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई हिरासतमा राख्दा निजलाई यस ऐन बमोजिम हुने कैदको अधिकतम अवधिभन्दा बढी हिरासतमा राखिने छैन ।

(५) उपदफा (१) बमोजिम दण्ड बापतको धरौटी लिँदा एक दिन कैद बराबर ◣तीन सय रुपैयाँका दरले लिनु पर्नेछ ।

४२. फरार व्यक्तिलाई पछि पक्रन हुने : यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य गर्ने व्यक्तिलाई कसूर गर्दाकै बखत पक्रन नसकिएमा वा पक्राउ गरिएको भए पनि निज फरार भएमा भन्सार अधिकृतले वा निजले अधिकार दिएको कर्मचारीले वा सो कार्यका लागि खटिएको कर्मचारीले निजलाई जुनसुकै बखत पक्राउ गर्न सक्नेछ । त्यसरी पक्रिएको व्यक्ति उपर कसूर गरेका बखत पक्रिए सरह कारबाही हुनेछ ।

४३. अधिकतम बल प्रयोग गर्न सक्ने : (१) कसैले दफा ३ बमोजिम तोकिएको बाटो बाहेक अन्यत्रबाट मालवस्तु निकासी वा पैठारी गर्न लागेमा भन्सार अधिकृत वा निजबाट अधिकारप्राप्त भन्सार कार्यालयका कर्मचारी वा अधिकारप्राप्त सरकारी कर्मचारीले निजलाई रोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्न खोज्दा निजले त्यस्तो अधिकृत वा कर्मचारीलाई हुलहुज्जत वा जोरजुलुम गरेमा भन्सार अधिकृत वा त्यस्तो कर्मचारीले निजलाई त्यसो नगर्न सम्झाउनु बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्झाउँदा बुझाउँदा पनि निजले हुलहुज्जत वा जोरजुलुम गरेमा भन्सार अधिकृत वा त्यस्तो कर्मचारीले निजलाई पक्राउ गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पक्राउ गर्न खोज्दा निजले जोरजुलुम गरेमा वा भाग्न उम्कन खोजेमा र तत्काल पक्राउ गर्न नसकिने अवस्था भएमा आफ्नो रक्षा र कर्तव्यको पालनाको निम्ति त्यस्तो भन्सार अधिकृत वा अधिकारप्राप्त अधिकारीको आदेशले घटनास्थलमा सुरक्षाको लागि खटिएका कर्मचारीले त्यस्तो घटना रोक्न पहिले हवाई फायर गर्ने र त्यसो गर्दा पनि स्थिति नियन्त्रण नभए वा हुलहुज्जत गर्ने व्यक्तिसँग समेत हतियार भएमा कम क्षति हुने गरी गोली समेत चलाउन सक्नेछ ।

(५) दफा ३ अन्तर्गत तोकिएको बाटो गरी सवारी साधनबाट आवत जावत गर्ने कुनै व्यक्तिलाई भन्सार कार्यालयको कर्मचारीले त्यस्तो सवारी साधन समेत रोक्न वा रोक्न लगाउन आदेश दिन सक्नेछ । त्यस्तो आदेश नमानी हुलहुज्जत वा जोरजुलुम गरी त्यस्तो सवारी साधन नजँचाई भगाउने प्रयत्न गरेमा वा भगाएमा त्यस्तो सवारी साधनको पाङ्ग्रामा भन्सार

◣ आर्थिक ऐन, २०७६ द्वारा संशोधित ।

अधिकृतको आदेशले भन्सारमा सुरक्षाको निमित्त खटिएका कर्मचारीले कम क्षति हुने गरी गोली चलाउन सक्नेछ ।

(६) उपदफा (४) र (५) बमोजिम गोली चलाउन परेको अवस्थामा सो कुराको जानकारी भन्सार अधिकृत वा अधिकारप्राप्त अधिकारीले छिटो साधनद्वारा महानिर्देशक तथा सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ ।

## परिच्छेद-९

## मालवस्तु कब्जा, जफत तथा लिलाम बिक्री सम्बन्धी व्यवस्था

४४. जफत हुने मालवस्तु कब्जामा लिन सक्ने : यस ऐन बमोजिम जफत हुने मालवस्तु देखेमा वा पत्ता लागेमा भन्सार अधिकृतले वा निजबाट अधिकारप्राप्त भन्सार कार्यालयका कर्मचारीले वा नेपाल सरकारबाट अधिकारप्राप्त कर्मचारीले जुनसुकै ठाउँमा र जहिलेसुकै पनि त्यस्तो मालवस्तु कब्जामा लिन सक्नेछ ।

४५. कब्जामा लिएको निस्सा दिनु पर्ने : दफा ४४ बमोजिम मालवस्तु कब्जामा लिनेले त्यसरी मालवस्तु कब्जामा लिनु परेको कारण र कब्जामा लिएको मालवस्तुको विवरण खोलिएको फेहरिस्त सहितको निस्सा मालवस्तु कब्जा गरेको बढीमा तीन दिनभित्र सम्बन्धित मालवस्तु धनीलाई दिनु पर्नेछ ।

४६. मालवस्तु बुझाउनु पर्ने : (१) यस ऐन बमोजिम भन्सार कार्यालयको कुनै कर्मचारी वा अन्य निकायले दफा ४४ बमोजिम कब्जामा लिएको मालवस्तु र दफा ४५ बमोजिमको फेहरिस्तको एक प्रति यथाशीघ्र भन्सार अधिकृत समक्ष बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मालवस्तु दाखिला भएपछि भन्सार अधिकृतले त्यस्तो मालवस्तु यस ऐन बमोजिम कब्जा गर्नु पर्ने हो वा होइन भन्ने कुराको जाँचबुझ गर्नु पर्नेछ । त्यसरी जाँचबुझ गर्दा त्यस्तो मालवस्तु विना कारण कब्जामा लिएको वा कब्जामा लिनु नपर्ने देखिएमा निजले तुरुन्त त्यस्तो मालवस्तुको धनीलाई सो मालवस्तु फिर्ता दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा मालवस्तु जफत हुने देखिएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुका सम्बन्धमा यस ऐन बमोजिमको कारबाही चलाउनु पर्नेछ ।

४७. जफत भएको र भन्सारबाट नछुटाएको मालवस्तु नेपाल सरकारको हुने : (१) यस ऐन बमोजिम जफत गरिएको मालवस्तु नेपाल सरकारको हुनेछ ।

(२) भन्सारमा रहेको मालवस्तु सम्बन्धित मालवस्तु धनीले तोकिएको अवधिभित्र छुटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र छुटाई नलगेको मालवस्तु छुटाई लैजान सम्बन्धित भन्सार कार्यालयले सात दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचना प्रकाशन भएपछि सम्बन्धित मालवस्तुको धनीले उपदफा (२) को अवधिभित्र मालवस्तु छुटाई लैजान नसकेको मनासिब कारण सहितको निवेदन भन्सार कार्यालयमा दिएमा र त्यस्तो कारण मनासिब देखिएमा भन्सार अधिकृतले लाग्ने महसुल लिई त्यस्तो मालवस्तु छुटाई लैजान निजलाई अनुमति दिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिमको सूचना प्रकाशन गर्दा पनि भन्सार कार्यालयबाट छुटाई नलगेको मालवस्तु सम्बन्धित भन्सार अधिकृतले जफत गर्नेछ र त्यस्तो मालवस्तु नेपाल सरकारको हुनेछ ।

४८. जफत गरेको सूचना दिनु पर्ने : यस ऐन बमोजिम मालवस्तु जफत गरिएकोमा भन्सार अधिकृतले सोको जानकारी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई दिनेछ ।

४९. जफत गर्नु पर्ने मालवस्तु : यस ऐन बमोजिम कुनै मालवस्तु जफत हुने निर्णय भएमा त्यस्ता मालवस्तुसँग सम्बन्धित देहायका मालवस्तु समेत जफत हुनेछन् :-

(क) मालवस्तु प्याक गर्न वा ढुवानी गर्न प्रयोग भएका पार्सल, प्याकेट वा आधानपात्रहरु (कन्टेनर्स),

(ख) मालवस्तु ढुवानी गर्न प्रयोग गरिएका रेल, हवाईजहाज बाहेक रिक्सा, टाँगा, जनावर लगायत सबै किसिमका सवारी साधनहरु,

(ग) खण्ड (ख) बमोजिमका सवारी साधनमा राखेका कपडा, फर्निचर, विद्युतीय सामान र अरु सामग्रीहरु ।

५०. लिलाम बिक्री गर्न सक्ने : (१) यस ऐन बमोजिम जफत भएका मालवस्तु नेपाल सरकारले आफैँले प्रयोग गरेकोमा बाहेक सम्बन्धित भन्सार अधिकृतले तोकिए बमोजिम लिलाम बिक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जफत भई भन्सार कार्यालयबाट छुटाई नलगी नेपाल सरकारको हुन आएको सुन, चाँदी, जवाहरात वा प्रचलित कानून बमोजिम इजाजत लिई मात्र बिक्री गर्न पाइने मालवस्तु वा अमूल्य खनिज पदार्थहरुको लिलाम बिक्री वा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम कब्जा भएका मालवस्तु सड्ने, गल्ने वा पुरानो भई मूल्य घट्न जाने वा गोदाम वा स्थानको अभावले राख्न बाधा पर्न लागेमा वा जीवजन्तु रहेछ भने भन्सार अधिकृतले त्यस्तो मालवस्तु तोकिए बमोजिम तुरुन्त लिलाम गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको लिलाम बिक्रीबाट प्राप्त रकम भन्सार कार्यालयले धरौटी खातामा आम्दानी बाँध्नु पर्नेछ ।

(५) उपदफा (१), (२) वा (३) बमोजिम लिलाम बिक्री भएको मालवस्तु पछि मालधनीलाई फिर्ता दिनु पर्ने ठहरेमा त्यस्तो लिलाम बिक्रीबाट प्राप्त हुन आएको रकम मात्र निजलाई फिर्ता दिइनेछ ।

तर त्यस्तो रकममा कुनै कर, शुल्क वा अन्य दस्तुर वा रकम लाग्ने रहेछ भने त्यस्तो कर, शुल्क, दस्तुर र रकम कटाएर बाँकी रहेको रकम मात्र निजले पाउनेछ ।

(६) भन्सार कार्यालयमा दाखिला हुन आएको चोरी पैठारी वा चोरी निकासी गरेको मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन स्थानाभाव वा संरक्षण गर्न नसकिने कारणले सो कार्यालयमा राखिराख्न उपयुक्त नदेखिएमा सम्बन्धित भन्सार अधिकृतले तोकिएको समितिबाट त्यस्तो साधनको मूल्य कायम गराई सो मूल्यमा तोकिए बमोजिम लिलाम बिक्री गर्न गराउन सक्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सवारी साधनको धनीले उपदफा (६) बमोजिम कायम भएको मूल्य तथा सो मूल्यमा प्रचलित कानून बमोजिम लाग्ने कर, शुल्क समेत थप गरी हुन आउने रकम नगद रुपैयाँ धरौटी राखी सो सवारी साधन छुटाई लान निवेदन दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम निवेदन परेकोमा भन्सार अधिकृतले त्यस्तो धरौटी रकम लिई सो सवारी साधन निजलाई नै फिर्ता दिन सक्नेछ र त्यस उपर कारबाही र किनारा हुँदा सो सवारी साधन जफत हुने ठहरेमा भन्सार कार्यालयले सवारी साधनको धनीले त्यसरी राखेको धरौटी रकम सदरस्याहा गरी सो सवारी साधन सवारी साधनको धनीलाई नै दिन सक्नेछ । त्यस्तो सवारी साधन जफत नहुने भई सवारी साधनको धनीले फिर्ता पाउने निर्णय भएमा निजले राखेको धरौटी रकम तोकिए बमोजिम फिर्ता दिइनेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लिलाम बिक्री हुन नसकेको वा कुनै किसिमले प्रयोगमा ल्याउन नसकिने मालवस्तु भन्सार अधिकृतले तोकिए बमोजिम सडाउन, गलाउन वा नष्ट गर्न सक्नेछ ।

## परिच्छेद-१०

## भन्सार एजेन्ट सम्बन्धी व्यवस्था

५१. भन्सार एजेन्टको इजाजतपत्र सम्बन्धी व्यवस्था : Ψ(१) निकासी वा पैठारी हुने मालवस्तु भन्सार कार्यालयबाट छुटाउन वा भन्सार कार्यालयसँग

Ψ आर्थिक ऐन, २०८० द्वारा संशोधित ।

सम्बन्धित कामको लागि निकासी वा पैठारीकर्ताको भन्सार एजेन्टको रुपमा काम गर्न चाहने व्यक्तिले विभागबाट भन्सार एजेन्टको इजाजतपत्र लिनु पर्नेछ ।

(२) भन्सार एजेन्टको इजाजतपत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५२. भन्सार एजेन्ट नियुक्त गर्न सक्ने : कुनै निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्ने मालवस्तु आफैँले नछुटाई भन्सार एजेन्ट मार्फत छुटाउन चाहेमा वा भन्सार कार्यालयसँग सम्बन्धित कुनै कार्य आफैँले नगरी भन्सार एजेन्ट मार्फत गराउन चाहेमा निजले तोकिए बमोजिम भन्सार एजेन्ट नियुक्त गर्न सक्नेछ ।

५३. भन्सार एजेन्ट मालवस्तुको धनी मानिने : कुनै मालवस्तुको धनीले सो मालवस्तु भन्सार कार्यालयबाट छुटाउनको लागि वा यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको अन्य कार्य गर्नको लागि कुनै व्यक्तिलाई आफ्नो भन्सार एजेन्ट नियुक्ति गरेमा त्यस्तो भन्सार एजेन्ट सो प्रयोजनको लागि सो मालवस्तुको धनी सरह मानिनेछ ।

◆५३क. भन्सार एजेन्टको कर्तव्य : मालवस्तु भन्सार कार्यालयबाट छुटाउन वा भन्सार कार्यालयसँग सम्बन्धित अन्य कार्य गर्नको लागि यस ऐन बमोजिम नियुक्त भन्सार एजेन्टको कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) भन्सार सम्बन्धी कानूनको पूर्ण परिपालना गर्ने,

(ख) भन्सार जाँचपास प्रक्रियालाई सरलीकरण गर्न भन्सार कार्यालयलाई आवश्यक सहयोग पुऱ्याउने,

(ग) महसुल असुल गर्ने कार्यमा भन्सार कार्यालयलाई आवश्यक सहयोग गर्ने,

(घ) भन्सार कार्यालयको काम कारबाहीमा बाधा अवरोध पुग्ने किसिमका कुनै पनि कार्य नगर्ने,

(ङ) निजलाई नियुक्त गर्ने निकासीकर्ता वा पैठारीकर्तालाई आफू समक्ष उपस्थित गराउन भन्सार अधिकृतले लिखित सूचना दिएमा त्यस्तो सूचना सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई बुझाउने ।

५४. भन्सार एजेन्ट जिम्मेवार हुने : दफा ५२ बमोजिम नियुक्त भएको भन्सार एजेन्टले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरी मालवस्तुको धनीलाई हानि नोक्सानी पुऱ्याएमा निजले सो नोक्सानी बराबरको रकम त्यस्तो मालवस्तुको धनीलाई तोकिए बमोजिम तिर्नु पर्नेछ ।

---

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

५५. इजाजतपत्र निलम्बन र रद्द हुन सक्ने : (१) दफा ५९ बमोजिम जरिबाना भएको वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीतको कुनै काम गर्ने ◆वा आफ्नो कर्तव्य पूरा नगर्ने भन्सार एजेन्टलाई भन्सार अधिकृतले एक महिनादेखि छ महिनासम्म निलम्बन गर्न सक्नेछ ।

○(२) भन्सार एजेन्टले उपदफा (१) बमोजिमको काम तेस्रो पटक पनि गरेमा वा नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य झुट्टा कागजात वा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको देखिएमा भन्सार अधिकृतले निजको इजाजतपत्र रद्द गर्नेछ ।

(३) उपदफा (१) बमोजिम निलम्बन गर्नु वा उपदफा (२) बमोजिम इजाजतपत्र रद्द गर्नुअघि सम्बन्धित भन्सार अधिकृतले त्यस्तो भन्सार एजेन्टलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(४) ○उपदफा (१) वा (५) बमोजिम निलम्बन भएकोमा त्यस्तो निलम्बन अवधिभर निजले भन्सार सम्बन्धी कुनै काम गर्न र ○उपदफा (२) वा (६) बमोजिम इजाजतपत्र रद्द गरिएको भन्सार एजेन्टले पुनः भन्सार एजेन्टको इजाजतपत्र प्राप्त गर्न सक्ने छैन ।

◆(५) प्रचलित कानून बमोजिम भन्सार एजेन्ट उपर फौजदारी कसूरको अभियोगमा अदालतमा मुद्दा दायर भएमा मुद्दा दायर भएका मितिदेखि निज स्वतः निलम्बन हुनेछ ।

◆(६) कुनै फौजदारी अभियोगमा अदालतबाट कुनै भन्सार एजेन्ट दोषी प्रमाणित भएमा निजको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

५६. निवेदन दिन सक्ने : भन्सार अधिकृतले दफा ५५ बमोजिम भन्सार एजेन्टको इजाजतपत्र निलम्बन वा रद्द गर्ने वा निजलाई जरिबाना गर्ने गरी निर्णय गरेकोमा सो निर्णय उपर चित्त नबुझ्ने भन्सार एजेन्टले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ । त्यस्तो निवेदन उपर महानिर्देशकले सामान्यतया तीस दिनभित्र निर्णय दिनु पर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-११

## दण्ड सजाय

५७. दण्ड सजाय : ○(१) कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट

---

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।
○ आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

◆(१क) उपदफा (१) बमोजिमको कसूरको बिगो दश लाख रुपैयाँसम्म भएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी मालवस्तुको बिगो बमोजिम जरिबाना गर्न सक्नेछ ।

◆(१ख) उपदफा (१क) बमोजिम जफत हुने मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन सो सवारी साधन धनीको सहमति वा जानकारीमा प्रयोग भएको रहेछ भने भन्सार अधिकृतले त्यस्तो सवारी साधन जफत गरी सोको धनीलाई एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ । सवारी साधनको धनीको सहमति वा जानकारी बिना सवारी चालकले जानाजानी त्यस्तो मालवस्तु ढुवानी गरेको रहेछ भने त्यस्तो चालकलाई भन्सार अधिकृतले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

◆(१ग) उपदफा (१) बमोजिमको कसूरको बिगो दश लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म भएमा त्यस्तो मालवस्तु जफत भई मालवस्तुको बिगो बमोजिम जरिबाना र देहाय बमोजिमको कैद सजाय हुनेछ :-

(क) दश लाख रुपैयाँभन्दा बढी पच्चीस लाख रुपैयाँसम्मको बिगोमा एक महिनासम्म,

(ख) पच्चीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्मको बिगोमा एक महिनादेखि तीन महिनासम्म,

(ग) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्मको बिगोमा तीन महिनादेखि एक वर्षसम्म ।

◆(१घ) उपदफा (१) बमोजिमको कसूरको बिगो एक करोड रुपैयाँभन्दा बढी भएमा त्यस्तो मालवस्तु जफत गरी मालवस्तुको बिगो बमोजिम जरिबाना र देहाय बमोजिमको कैद सजाय हुनेछ :-

(क) एक करोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्मको बिगोमा एक वर्षदेखि तीन वर्षसम्म,

(ख) तीन करोड रुपैयाँभन्दा बढी बिगोमा तीन वर्षदेखि पाँच वर्षसम्म ।

(२) ○उपदफा (१ग) वा (१घ) बमोजिम जफत हुने मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन सो साधनको धनीको सहमति वा

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।
○ आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

जानकारीमा प्रयोग भएको रहेछ भने *सम्बन्धित भन्सार अधिकृत वा जिल्ला अदालतले त्यस्तो सवारी साधन जफत गरी निजलाई एक वर्षसम्म कैद गर्न सक्नेछ । सवारी साधनको धनीको सहमति वा जानकारी बिना सवारी चालकले जानाजानी त्यस्तो मालवस्तु ढुवानी गर्न सो सवारी साधन प्रयोग गरेको रहेछ भने त्यस्तो चालकलाई *सम्बन्धित भन्सार अधिकृत वा जिल्ला अदालतले पाँच हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्न मद्दत गर्ने वा दुरुत्साहन दिने व्यक्तिलाई *भन्सार अधिकृत वा जिल्ला अदालतले कसूरदारलाई सरह सजाय गर्न सक्नेछ ।

(४) कसैले चोरी निकासी वा चोरी पैठारीको मालवस्तु लुकाएमा वा जानाजानी राखेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी निजलाई दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(५) कुनै निकासीकर्ता, पैठारीकर्ता वा भन्सार एजेन्टले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार तथा गुणस्तर सही भए पनि परिमाण घटी गरी घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यसरी परिमाण घटी घोषणा गरिएजति मालवस्तुको मूल्यको शत प्रतिशत जरिबाना र लाग्ने महसुल लिई त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(६) कुनै निकासीकर्ता, पैठारीकर्ता वा भन्सार एजेन्टले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तर एवं परिमाण सही भए पनि उत्पत्तिको मुलुक फरक पारी घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यस्तो मालवस्तुमा लाग्ने °भन्सार महसुलको पच्चीस प्रतिशत रकम जरिबाना र लाग्ने महसुल लिई त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(७) कुनै निकासीकर्ता वा भन्सार एजेन्टले निकासी हुने मालवस्तुको वास्तविक परिमाणभन्दा बढी परिमाण घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यसरी बढी घोषणा गरिएजति मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिबाना गरी सो व्यहोरा प्रज्ञापनपत्रमा उल्लेख गरी जाँचपास गर्न सक्नेछ ।

(८) कुनै निकासीकर्ता वा भन्सार एजेन्टले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तरमध्ये सबै

---

* केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।
° आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

वा कुनै विवरण फरक पारी घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी त्यस्तो मालवस्तुको धनीलाई बिगो बमोजिम जरिबाना गर्न सक्नेछ ।

(९) पैठारीकर्ता वा भन्सार एजेन्टले एउटा मालवस्तुलाई अर्कै मालवस्तु भनी वा एक प्रकारको पदार्थबाट निर्मित मालवस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित मालवस्तु भनी वा मालवस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तरमध्ये सबै वा कुनै कुरा फरक पारी घोषणा गरेमा वा कुनै मालवस्तु घोषणा नै नगरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यस्तो मालवस्तुको मूल्य बराबर जरिबाना गरी सो मालवस्तु जफत गर्न वा निजबाट सो मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिबाना र लाग्ने महसुल असुल गरी त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(१०) कसैले भन्सार कार्यालयमा जालसाजी, कीर्ते वा नक्कली कागजात पेश गरी महसुल वा राजस्वमा हानि नोक्सानी पुऱ्याएमा वा पुऱ्याउन प्रयत्न गरेमा त्यसरी हानि नोक्सानी पुऱ्याएको वा पुऱ्याउने प्रयत्न गरेको महसुल वा राजस्व रकमको दुई सय प्रतिशत जरिबाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय भन्सार अधिकृतले गर्न सक्नेछ र सरकारी कागजात कीर्ते गरेकोमा प्रचलित कानून बमोजिम कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउनु पर्नेछ ।

(११) कुनै मालवस्तु धनीले वा निजको एजेन्टले मालवस्तु चोरी गर्ने वा सो मालवस्तुमा नोक्सानी पुऱ्याउने मनसायले कुनै भन्सार गोदाम वा सो गोदाममा रहेको मालवस्तु कुनै प्रकारले खोलेमा भन्सार अधिकृतले निजलाई पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(१२) कसैले भन्सार गोदाममा रहेको मालवस्तु भन्सार कार्यालयको स्वीकृतिबेगर गोदामबाट हटाएमा वा लगेमा भन्सार अधिकृतले निजलाई बिगो बमोजिम जरिबाना र छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(१३) कसैले भन्सार कार्यालयको कार्यसम्पादनमा प्रयोग गरिएको प्रज्ञापनपत्र वा लिखतको खास कुरो झुट्टो हो भनी जानाजानी लेखेमा, सहीछाप गरेमा वा प्रयोग गरेमा वा भन्सार कार्यालयको कार्यसम्पादनमा भन्सार अधिकृतले सही गरेको वा छाप लगाएको लिखत, लाहा वा सीलछाप, दस्तखत वा अरु कुनै चिन्ह वा सङ्केतलाई कीर्ते गरेमा वा बदलेमा वा नष्ट गरेमा भन्सार अधिकृतले निजलाई पाँच हजार रुपैयाँसम्म जरिबाना र एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ र सरकारी कागजात कीर्ते गरेकोमा प्रचलित कानून बमोजिम कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउनु पर्नेछ ।

(१४) भन्सार गोदाममा रहेका मालवस्तु जिम्मा रहेको कर्मचारी वा व्यक्तिले त्यस्तो मालवस्तु लापरवाहीपूर्वक हराएमा वा जानाजानी नोक्सानी गरेमा भन्सार अधिकृतले निजबाट सो मालवस्तुको मूल्य र लाग्ने महसुल असुल गरी निजलाई पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(१५) अनधिकृत कर्मचारीले भन्सार गोदाममा रहेको मालवस्तु हटाएमा वा हटाउने आदेश दिएमा भन्सार अधिकृतले निजलाई पाँच हजार रुपैयाँसम्म जरिबाना वा ✱एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

◆(१५क) दफा ३४ बमोजिम परीक्षण गर्ने प्रयोजनका लागि माग गरेका हिसाब, कर विवरण, बीजक तथा कागजात तोकिएको समयमा उपलब्ध नगराउने निकासीकर्ता वा पैठारीकर्तालाई महानिर्देशक वा भन्सार परीक्षकले पटकैपिच्छे दश हजार रुपैयाँ जरिबाना गर्न सक्नेछ ।

(१६) दफा ७० बमोजिम पुनरावलोकन गर्दा मालवस्तुको धनीले नक्कली बिल बीजक वा कागजात पेश गरेको कारणले भन्सार महसुलमा फरक पर्न गएको देखिएमा भन्सार अधिकृतले निजलाई भन्सार कार्यालयबाट छुटाई लगेको मालवस्तुको बिगोको दुई सय प्रतिशत जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(१७) कसैले यस दफामा लेखिएकोदेखि बाहेक यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत कार्य गरेमा भन्सार अधिकृतले निजलाई पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

➡(१८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कसूर गरेमा यस दफामा अन्यत्र उल्लिखित जरिबाना र महसुलका अतिरिक्त त्यस्तो मालवस्तुको मूल्यको तीन सय प्रतिशत थप जरिबाना असुल गरी मालवस्तु छाडिदिने वा त्यस्तो मालवस्तु जफत गरी सो मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिबाना गरिनेछ :-

(१) दफा २० को उपदफा (२) को खण्ड (क), (ख) वा (ग) बमोजिम जाँचपास भएका मालवस्तु पैठारीकर्ताले भन्सार क्षेत्रबाट उठाई लैजानुअघि वा भन्सार क्षेत्र बाहिर लगिसकेपछि अधिकारप्राप्त अधिकारीले पुन: जाँच गर्दा पैठारीकर्ताले घोषणा गरेको भन्दा मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार, गुणस्तर तथा परिमाणमा फरक पाइएमा,

---

✱ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

➡ आर्थिक ऐन, २०७९ द्वारा संशोधित ।

(२) दफा ८९च. बमोजिम आन्तरिक परिवहन गर्ने कन्टेनरमा लगाइएको भू-मण्डलीय स्थिति निर्धारण प्रणाली (जीपीएस) जडित ताला तथा मालवस्तु चलान भएको स्थानमा लगाइएको सिलसिलेवार नम्बर सहितको सील दुरूस्त नभएमा ।

(१८क) काबु बाहिरको परिस्थिति बाहेक दफा ८९च. बमोजिम आन्तरिक परिवहनको लागि तोकिएको सडकमार्ग प्रयोग नगरेमा वा तोकिएको समयावधिभित्र तोकिएको भन्सार कार्यालयमा नपुगेमा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना गरिनेछ ।

◆(१९) उपदफा (१८) बमोजिम सजाय पाएको पैठारीकर्ताले पुन: निकासी तथा पैठारी सम्बन्धी कार्य गर्न नपाउने गरी विभागले कारोबार रोक्का गर्न सक्नेछ ।

◆(२०) कुनै व्यक्तिले यस ऐन वा अन्य प्रचलित ऐन बमोजिम पूर्ण वा आंशिक भन्सार महसुल छुट वा सुविधामा पैठारी गरेका मालवस्तु, जुन उद्देश्यले पैठारी गरेको हो त्यस्तो उद्देश्य विपरीत प्रयोग वा बिक्री गरेको वा छुट वा सुविधा नपाउने व्यक्तिले आंशिक भन्सार महसुल छुट वा सुविधामा कुनै मालवस्तु पैठारी गरेको पाइएमा भन्सार अधिकृत वा भन्सार परीक्षकले त्यस्ता मालवस्तुको भन्सार मूल्यको शत प्रतिशत जरिबाना गर्न सक्नेछ ।

◆५७क. मुद्दा हेर्ने अधिकारी : दफा ५७ को उपदफा (१क), (१ख) र (१ग) बमोजिमको मुद्दा भन्सार अधिकृतले र उपदफा (१घ) बमोजिमको मुद्दा जिल्ला अदालतले सुरु कारबाही र किनारा गर्नेछ ।

५८. बाधा विरोध गर्नेलाई सजाय हुने : कुनै व्यक्तिले भन्सार अधिकृत वा भन्सार कार्यालयको कर्मचारीलाई यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमले दिएको अधिकार प्रयोग गर्न जानाजानी बाधा अवरोध पुऱ्याएमा भन्सार अधिकृतले त्यस्तो व्यक्ति सरकारी कर्मचारी भएमा पाँच हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय र अन्य व्यक्ति भए छ महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय गर्न सक्नेछ ।

५९. भन्सार एजेन्टलाई सजाय हुने : (१) दफा ५७ को उपदफा (५), (६), (७), (८) र (९) बमोजिमको कार्य गर्ने भन्सार एजेन्टलाई भन्सार अधिकृतले **○**पच्चीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

---

आर्थिक ऐन, २०७९ द्वारा थप ।
◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।
○ आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

(२) भन्सार एजेन्टलाई उपदफा (१) बमोजिम सजाय गरिएको कारणले मात्र यस दफा बमोजिम मालवस्तुको धनीलाई हुने दण्ड सजाय वा जरिबानाबाट उन्मुक्ति भएको मानिने छैन ।

६०. प्रचलित कानून बमोजिम सजाय हुने : यस ऐन अन्तर्गतको कुनै कसूर वा कार्य प्रचलित कानून बमोजिम दण्डनीय हुने रहेछ भने त्यस्तो कानून बमोजिम समेत कारबाही र सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

○६०क. नेपाल सरकार वादी हुने : यस ऐनको दफा ५७ को उपदफा (१ग) र (१घ) अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ ।

○६०ख. मुद्दाको अनुसन्धान, तहकिकात र दायरी : (१) यस ऐन अन्तर्गतका कसूरको अनुसन्धान तहकिकात गर्न महानिर्देशक वा भन्सार कार्यालयको प्रमुखले भन्सारको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृत तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा तत्काल प्राप्त प्रमाणबाट अभियोग लागेको व्यक्ति कसूरदार देखिएमा निजलाई यस ऐन बमोजिम हुन सक्ने कैद, जरिबाना बापतको रकम र बिगो समेत असुल गर्नु पर्नेमा त्यस्तो बिगो बराबरको रकम समेतको नगद धरौटी माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग गरेको नगद धरौटी दाखिला नगरेमा अनुसन्धान अधिकृतले मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राख्न सक्नेछ ।

(४) अनुसन्धान अधिकृतले अनुसन्धान तहकिकातको Ψमुद्दासँग सम्बन्धित व्यक्ति पक्राउ परेको मितिले पच्चीस दिनभित्र अनुसन्धान सम्पन्न गरी दफा ५७ को उपदफा (१ग) र (१घ) बमोजिम सजाय हुने मुद्दाको हकमा सरकारी वकीलको राय लिई मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

## परिच्छेद-१२

## पुनरावलोकन तथा पुनरावेदन सम्बन्धी व्यवस्था

६१. मूल्याङ्कन पुनरावलोकन समिति सम्बन्धी व्यवस्था : (१) भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि त्यस्तो निर्णय वा आदेश भएको मितिले ○तीस दिनभित्र उपदफा (२) बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समिति समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

○ आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।
Ψ आर्थिक ऐन, २०८० द्वारा संशोधित ।

(२) उपदफा (१) को प्रयोजनको लागि नेपाल सरकारले देहाय बमोजिमको मूल्याङ्कन पुनरावलोकन समिति गठन गर्नेछ :-

(क) राजस्व प्रशासन सम्बन्धी ज्ञान र अनुभव भएको निजामती सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत - अध्यक्ष

(ख) भन्सार प्रशासन सम्बन्धमा राजपत्राङ्कित पदमा कम्तीमा तीन वर्षको अनुभव प्राप्त कम्तीमा रा.प. द्वितीय श्रेणीको बहालवाला व्यक्ति वा सोही अनुभव प्राप्त गरी सोही श्रेणीको पदबाट अवकाश प्राप्त व्यक्ति एक जना - सदस्य

(ग) अन्तर्राष्ट्रिय व्यापार सम्बन्धमा राजपत्राङ्कित पदमा कम्तीमा तीन वर्षको अनुभव प्राप्त कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको बहालवाला व्यक्ति एक जना - सदस्य

(३) उपदफा (२) बमोजिमको मूल्याङ्कन पुनरावलोकन समितिको अध्यक्ष र सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख भएको भए तापनि मूल्याङ्कन पुनरावलोकन समितिका अध्यक्ष वा सदस्यको कार्यक्षमताको अभाव भएमा वा निजले आफ्नो पद अनुकूलको आचरण नगरेमा वा इमान्दारीपूर्वक काम नगरेमा नेपाल सरकारले सफाइ पेश गर्ने मौका दिई जुनसुकै बखत निजलाई सो पदबाट हटाउन सक्नेछ ।

○(५) मूल्याङ्कन पुनरावलोकन समितिले यस दफा बमोजिम पुनरावलोकन गर्दा भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको भन्सार मूल्याङ्कन ठीक भए नभएको सम्बन्धमा जाँचबुझ गरी भन्सार अधिकृतले गरेको मूल्याङ्कनलाई नै कायम गर्न, बदर गर्न, त्यस्ता मालवस्तुको यस ऐन बमोजिम मूल्याङ्कन गरिदिन वा भन्सार अधिकृतलाई पुन: मूल्याङ्कन गर्नको लागि आदेश दिन सक्नेछ । मूल्याङ्कन पुनरावलोकन समितिले त्यसरी मूल्याङ्कन कायम गर्दा, बदर गर्दा, मूल्याङ्कन गर्दा वा पुन: मूल्याङ्कनको लागि आदेश दिँदा स्पष्ट कारण र आधार समेत खुलाउनु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समितिको अन्य काम, कर्तव्य, अधिकार, कार्यविधि र सो समितिका अध्यक्ष तथा सदस्यको पारिश्रमिक एवं सेवाका सर्त तोकिए बमोजिम हुनेछन् ।

---

○ आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

(७) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले त्यस्तो निवेदन दिनुअघि भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको मूल्याङ्कन अनुसार लाग्ने महसुल रकम भन्सार कार्यालयमा धरौटी राख्नु पर्नेछ ।

◆(८) मूल्याङ्कन पुनरावलोकन समितिले उपदफा (५) बमोजिम पुनरावलोकन गर्दा दफा १३ को उपदफा (१) बमोजिम गर्नेछ ।

◆६१क. मालवस्तुको वर्गीकरण उपर पुनरावलोकनको व्यवस्था : (१) भन्सार अधिकृतले दफा २२ बमोजिम गरेको मालवस्तुको वर्गीकरण उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो मालवस्तु जाँचपास भएको मितिले तीस दिनभित्र पुनरावलोकनको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन साथ त्यस्तो मालवस्तुको नमूना एवं आफ्नो निवेदनको व्यहोरा पुष्ट्याँई हुने आवश्यक कागजात समेत पेश गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम महानिर्देशकले मालवस्तुको वर्गीकरणको निर्णय उपर पुनरावलोकन गर्दा वा दफा २२ को उपदफा (७) बमोजिम निर्णय गर्दा प्रचलित आर्थिक ऐन, विश्व भन्सार सङ्गठनद्वारा प्रतिपादित हार्मोनाइज्ड वस्तु वर्गीकरण तथा सङ्केतीकरण प्रणाली, त्यस्तो प्रणालीको व्याख्या सम्बन्धी नियमहरू, व्याख्यात्मक टिप्पणीहरू, विश्व भन्सार सङ्गठनद्वारा गरिएका वस्तु वर्गीकरण सम्बन्धी निर्णयहरू, विश्व भन्सार सङ्गठनको हार्मोनाइज्ड सिष्टम कमिटीले दिएको रायहरूलाई आधार लिन सक्नेछ ।

(४) कुनै मालवस्तुको वर्गीकरणका सम्बन्धमा निर्णय लिनुअघि महानिर्देशकले विभागको वा अन्य सरकारी निकायको प्रयोगशालाबाट परीक्षण गराई सम्बन्धित विशेषज्ञको राय लिन वा कुनै मालवस्तुका सम्बन्धमा सम्बन्धित विशेषज्ञ वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय निकायको राय लिन सक्नेछ ।

(५) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर महानिर्देशकले साठी दिनभित्र निर्णय दिई सक्नु पर्नेछ ।

तर अन्तर्राष्ट्रिय निकायसँग राय लिई निर्णय गर्नु पर्ने अवस्थामा यस उपदफा बमोजिमको समय अवधि लागू हुने छैन ।

६२. पुनरावेदन : (१) दफा १३ बमोजिमको निर्णय वा आदेश बाहेक यस ऐन बमोजिम भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णय वा ✡दफा ३४ बमोजिम महानिर्देशक वा भन्सार परीक्षकले महसुल वा जरिबानाको रकम दाखिला गर्न दिएको आदेश वा दफा ६१ बमोजिम गठित

---

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

✡ आर्थिक ऐन, २०७८ द्वारा थप ।

मूल्याङ्कन पुनरावलोकन समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको वा दण्ड सजाय दिएको वा निर्णय भएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

●(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले जुन निर्णय वा आदेशका विरुद्ध पुनरावेदन गर्ने हो त्यस्तो निर्णय वा आदेश बमोजिम लाग्ने महसुल र दण्ड जरिबानाको रकम सम्बन्धित भन्सार कार्यालय वा भन्सार जाँचपास परीक्षण कार्यालयमा बुझाई वा धरौटी राखी पुनरावेदन गर्न सक्नेछ ।

तर त्यस्तो महसुल र दण्ड जरिबानाको रकम बुझाउन नसकी थुनामा रहेको व्यक्तिले पुनरावेदन दिन चाहेमा धरौटी नराखी पुनरावेदन दिन सक्नेछ ।

◎(२क) उपदफा (१) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिँदा निर्धारित भन्सार महसुल रकममध्ये विवाद रहित भन्सार महसुल रकम बुझाई विवादित भन्सार महसुल र जरिबानाको शत प्रतिशत रकम धरौटी राख्नु पर्ने वा त्यस्तो रकम बापत बैङ्क जमानत दिनु पर्नेछ ।

◎(२ख) उपदफा (२क) बमोजिम सम्बन्धित कार्यालयको नाममा कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको धरौटी खातामा दाखिल गरेको बैङ्क भौचर वा त्यस्तो रकम बराबरको बैङ्क जमानतपत्र पुनरावेदनपत्र साथ पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको सात दिनभित्र त्यस्तो पुनरावेदनको प्रतिलिपि सम्बन्धित ●भन्सार कार्यालय वा भन्सार जाँचपास परीक्षण कार्यालयमा दिनु पर्नेछ ।

(४) दफा ६१ बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समितिले गरेको निर्णयमा चित्त नबुझेमा भन्सार अधिकृतले त्यस्तो निर्णय भएको पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

◆(५) दफा ६१क. बमोजिम महानिर्देशकले गरेको वर्गीकरण वा पुनरावलोकनको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-१३

## कर्मचारीलाई हुने सजाय सम्बन्धी व्यवस्था

६३. उजुरी दिन सकिने : ●(१) भन्सार कार्यालय वा भन्सार जाँचपास परीक्षण कार्यालयको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेको वा राजस्वमा हानि पुऱ्याएको वा निकासीकर्ता वा

● आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।
◎ आर्थिक ऐन, २०७९ द्वारा थप ।
◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

पैठारीकर्तालाई बद्नियतपूर्वक दु:ख दिने नियतले कुनै काम गरेको छ भन्ने कुरामा विश्वास गर्नु पर्ने मनासिब कारण भएमा भन्सार अधिकृत र भन्सार परीक्षकको हकमा महानिर्देशक समक्ष, भन्सार कार्यालय वा भन्सार जाँचपास परीक्षण कार्यालयको अन्य कर्मचारीको हकमा महानिर्देशक वा भन्सार अधिकृत वा भन्सार परीक्षक समक्ष उजुरी दिन सकिनेछ ।

⭘(२) उपदफा (१) बमोजिम परेको उजुरी उपर महानिर्देशक वा भन्सार अधिकृत वा भन्सार परीक्षकले छानबिन गरी सोको जानकारी निवेदकलाई दिनुपर्नेछ ।

⭘(३) उपदफा (२) बमोजिमको छानबिनबाट भन्सार अधिकृत, भन्सार कार्यालयका अन्य कर्मचारी, भन्सार परीक्षक वा भन्सार जाँचपास परीक्षण कार्यालयका अन्य कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेको वा राजस्वमा हानि पुऱ्याएको वा निकासीकर्ता वा पैठारीकर्तालाई बद्नियतपूर्वक दु:ख दिने नियतले मात्र कुनै काम गरेको पाइएमा त्यस्तो भन्सार अधिकृत र भन्सार परीक्षकलाई महानिर्देशकले, भन्सार कार्यालयका अन्य कर्मचारीलाई भन्सार अधिकृतले र भन्सार जाँचपास परीक्षण कार्यालयका अन्य कर्मचारीलाई भन्सार परीक्षकले विभागीय कारबाही प्रारम्भ गरी प्रचलित कानून बमोजिम भ्रष्टाचार मानिने कार्य भएको पाइएमा सम्बन्धित अधिकारी समक्ष बुझाउनु पर्नेछ ।

◆(४) यस ऐन बमोजिमको काम कारबाहीको सिलसिलामा महानिर्देशकले दिएको आदेश वा निर्देशनको पालना नगर्ने वा लापरवाही वा बदनियतपूर्वक काम गर्ने भन्सार कार्यालय वा भन्सार जाँचपास परीक्षण कार्यालयको कर्मचारीलाई महानिर्देशकले विभागीय कारबाही गर्न सक्नेछ ।

६४. <u>कारबाहीको सूचना र हदम्याद</u> : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम अनुसार भन्ने सम्झी गरेका र कुनै कामको सम्बन्धमा भन्सार अधिकृत वा अरु कर्मचारी उपर मुद्दा चलाउने कारण र वादी हुनेको र निजको वारेस भए वारेसको नाम र ठेगाना खोली लिखित सूचना त्यस्तो भन्सार अधिकृत वा कर्मचारीलाई बुझाएको वा हुलाकद्वारा रजिष्टर गरी पठाएको र त्यसको एकप्रति नक्कल महानिर्देशकमा पेश गरेको दुई महिना ननाघी मुद्दा चल्न सक्ने छैन ।

६५. <u>कर्मचारीलाई सजाय</u> : (१) भन्सार सम्बन्धी काम गर्ने कुनै निजामती कर्मचारीलाई प्रचलित निजामती सेवा ऐन तथा नियमावली बमोजिम विभागीय कारबाही चलाइएकोमा सो ऐन तथा नियमावलीमा तोकिएको सजाय मात्र अपर्याप्त भयो भन्ने अख्तियारवालालाई लागेमा सो सजाय माथि सो ऐन तथा

---

⭘ आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

नियमावलीमा तोकिएको अख्तियारवालाले देहायका कामबाट कसैलाई भएको नोक्सानी सबै वा केही निज कर्मचारीको जायजातबाट असुल उपर गरी भराउने आदेश दिन समेत सक्नेछ :-

(क) यस ऐनको व्यवस्था जानाजानी उल्लङ्घन गरेको, वा

(ख) नेपाल सरकारलाई हानि नोक्सानी हुने गरी कुनै काम जानाजानी वा बदनियतपूर्वक गरेको, वा

(ग) कुनै मालवस्तुको सम्बन्धमा असल नियतले यस ऐन बमोजिम आफ्नो ओहदाको कर्तव्य पालन गरेकोमा बाहेक ओहदाको हैसियतले आफूले जाने बुझेको कुनै विवरण आफ्नो वा अन्य कसैको फाइदाको लागि वा कसैलाई नोक्सान पार्ने नियतले प्रकाश गरेमा वा आफूलाई सुम्पेको गोप्य राख्नु पर्ने काम कुरा कसैलाई देखाएमा वा कसैलाई दिएमा ।

(२) यस ऐन बमोजिम अख्तियारवालाले दिएको आदेश उपर सम्बन्धित कर्मचारीले प्रचलित निजामती सेवा ऐन तथा नियमावली अनुसारको अख्तियारवाला समक्ष पुनरावेदन दिन सक्नेछ र त्यस्तो अख्तियारवालाले सोही ऐन तथा नियमावली बमोजिम पुनरावेदनको किनारा गर्नेछ ।

(३) यस दफा बमोजिम भएको जरिबाना असुल गर्दा अख्तियारवालाले अदालती दण्ड जरिबाना असुल गर्ने सम्बन्धी प्रचलित कानूनको प्रयोग गरी सोही बमोजिम असुल उपर गर्न सक्नेछ ।

(४) यस दफामा लेखिएको कुनै कुराले पनि कसूर गर्ने कर्मचारी उपर अदालती कारबाही चलाउन सकिने प्रचलित कानूनको व्यवस्थामा कुनै बाधा पारेको मानिने छैन ।

तर अदालती कारबाही चलिसकेपछि यस दफा बमोजिम कारबाही चलाइने छैन ।

६६. <u>असल नियतले गरेको काम कारबाहीप्रति जवाफदेही नहुने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै भन्सार कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा असल नियतले गरेको काम कारबाहीप्रति निज व्यक्तिगत रुपमा जवाफदेही हुने छैन ।

६७. <u>निरीक्षण गर्नु पर्ने</u> : (१) महानिर्देशकले गरेको काम कारबाहीका सम्बन्धमा अर्थ मन्त्रालयले र भन्सार अधिकृतले गरेको काम कारबाहीका सम्बन्धमा विभागले वर्षमा एक पटक निरीक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा अन्य कुराका अतिरिक्त निकासी वा पैठारी भएको मालवस्तुको महसुल वास्तविक रुपमा असुल उपर भए नभएको, दफा ३४ बमोजिम जाँचपास पछिको परीक्षण गरे नगरेको, दफा ७० बमोजिम प्रज्ञापनपत्र पुनरावलोकन गरे नगरेको, लिलाम बिक्री गर्नु पर्ने मालवस्तु समयमा लिलाम बिक्री गरे नगरेको, छुट भएको राजस्व रकम यथाशीघ्र असुल गरे नगरेको समेत निरीक्षण गरी सोको प्रतिवेदन मन्त्रालयले निरीक्षण गरेको भए मन्त्रिपरिषद् र विभागले निरीक्षण गरेको भए अर्थ मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि मन्त्रिपरिषद्ले अर्थ मन्त्रालयलाई र अर्थ मन्त्रालयले विभागलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको निर्देशन पालना भयो भएन भन्ने सम्बन्धमा अर्थ मन्त्रालयले अनुगमन गर्नेछ र उपदफा (२) बमोजिम मन्त्रिपरिषद्मा पेश गर्ने प्रतिवेदनमा सो सम्बन्धी कुरा समेत उल्लेख गर्नेछ ।

## परिच्छेद-१४

## विविध

६८. बौद्धिक सम्पत्ति उपरको अधिकार उल्लङ्घन गरी निकासी वा पैठारी हुन लागेको मालवस्तु रोक्का गर्न निवेदन दिन सक्ने : (१) प्रचलित कानून बमोजिम कुनै व्यक्तिले प्राप्त गरेको पेटेण्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार जस्ता बौद्धिक सम्पत्ति उपरको अधिकार उल्लङ्घन गरी कसैले कुनै मालवस्तु पैठारी वा निकासी गर्न लागेमा सराकोरवाला व्यक्तिले त्यस्तो निकासी वा पैठारी रोक्का गर्न प्रमाण सहित सम्बन्धित भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्बन्धित भन्सार अधिकृतले त्यस्तो मालवस्तु भन्सार कार्यालयमा रोक्का राखी सो सम्बन्धमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखिआएमा त्यस्तो निकाय वा अधिकारीले सो सम्बन्धमा प्रचलित कानून बमोजिम कारबाही टुङ्गो लगाई भन्सार कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निकाय वा अधिकारीले प्रचलित कानून बमोजिम कारबाही गर्दा त्यस्ता मालवस्तु जफत हुने ठहर गरेमा भन्सार अधिकृतले सो मालवस्तु त्यस्तो निकाय वा अधिकारी समक्ष बुझाइदिनु पर्नेछ ।

६९. <u>भन्सार कार्यालय वा गोदाममा रोक्का रहेका मालवस्तुको क्षतिपूर्ति</u> : (१) भन्सार कार्यालय वा गोदाममा रहेका मालवस्तु भन्सार कार्यालय वा गोदामले क्षति नहुने गरी सुरक्षित रुपमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका मालवस्तु चोरिएमा, हराएमा वा प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणले वा मालवस्तु राख्ने वा उठाउने क्रममा स्वाभाविक रुपमा हुन सक्ने टुटफुट बाहेक अन्य कुनै कारणबाट नष्ट भएमा, क्षति भएमा वा क्षति गरिएमा भन्सार कार्यालय वा सो गोदाम सञ्चालन गर्ने निकायबाट सो मालवस्तुको धनीले त्यस्तो मालवस्तुको क्षतिपूर्ति तोकिए बमोजिम भराई लिन पाउनेछ ।

तर, त्यस्तो मालवस्तुमा निजको हक स्थापित नभई निजले क्षतिपूर्तिको दाबी गर्न सक्ने छैन ।

७०. <u>पुनरावलोकन गर्न सक्ने</u> : (१) भन्सार कार्यालयबाट जाँचपास भएको मालवस्तुको प्रज्ञापनपत्र मालवस्तु जाँचपास भएको मितिले चार वर्षभित्र सम्बन्धित भन्सार अधिकृत वा निजले खटाएको कर्मचारीले पुनरावलोकन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावलोकन गर्दा असुल गर्नु पर्ने महसुल असुल गर्न छुट भएको देखिएमा त्यस्तो मालवस्तुको धनीबाट त्यसरी छुट भएको महसुल सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

७१. <u>चोरी निकासी वा पैठारी पक्राउ गर्ने वा सुराक दिने व्यक्तिलाई पुरस्कार दिने</u> : (१) कसैले कुनै मालवस्तु चोरी निकासी वा पैठारी गर्न लागेको वा गरेको कुराको सुराक दिने वा त्यस्तो मालवस्तु पक्राउ गरी भन्सार कार्यालयमा दाखिला गर्ने कर्मचारी वा व्यक्तिलाई त्यस्तो कार्य प्रमाणित हुन आएमा तोकिए बमोजिम पुरस्कार दिइनेछ ।

◆(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि चोरी निकासी वा पैठारीको सूचना दिने सुराकीलाई सूचनाको सत्यताको आधारमा विभागद्वारा तोकिएको कार्यविधि बमोजिम महानिर्देशकले तत्काल दश हजार रुपैयाँसम्म सुराकी खर्च दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार सम्बन्धित भन्सार कार्यालयले त्यस्तो चोरी निकासी वा पैठारी भएको मालवस्तु लिलाम बिक्री गरी प्राप्त हुन आएको रकमबाट दिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले त्यस्तो मालवस्तु कुनै सरकारी निकायलाई प्रयोग गर्न दिने निर्णय

---

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

गरेमा सो निकायले तोकिएको समितिबाट सो मालवस्तुको मूल्य निर्धारण गराई सो मूल्यको आधारमा उपदफा (१) बमोजिमको पुरस्कारको रकम सम्बन्धित भन्सार कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ र भन्सार कार्यालयले सो रकम सुराकी र पक्राउ गर्ने सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनेछ ।

(४) भन्सार कार्यालयले उपदफा (१) बमोजिम चोरी निकासी वा पैठारीको सुराक दिने सुराकीको नाम, थर र विवरण गोप्य राख्नु पर्नेछ ।

(५) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको सुराकीको नाम, थर र विवरण कानून बमोजिम अनुसन्धान गर्ने निकायले अनुसन्धानको सिलसिलामा वा अदालतबाट माग भएकोमा बाहेक कुनै व्यक्ति वा निकायलाई उपलब्ध गराउन भन्सार अधिकृत बाध्य हुने छैन र सुराकी दिएको कारणले मात्र निजलाई कुनै अदालत, निकाय वा कार्यालयमा उपस्थित हुन बाध्य गरिने छैन ।

(६) सुराकी प्रतिवेदन लिने तथा पुरस्कार वितरण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७२. विलम्ब शुल्क (डेमरेज) लाग्ने : (१) भन्सार कार्यालयले सञ्चालन गरेको भन्सार गोदाममा रहेका मालवस्तुहरु त्यस्तो मालवस्तुको धनीले तोकिएको म्यादभित्र जाँचपास गराई नलगेमा तोकिए बमोजिमको विलम्ब शुल्क (डेमरेज) लाग्नेछ ।

तर, मालवस्तुको मूल्याङ्कन गर्न, वर्गीकरण गर्न वा अन्य कुनै कारणले भन्सार अधिकृतलाई द्विविधा भई जाँचपास हुन नसकेका मालवस्तुको विलम्ब शुल्क (डेमरेज) लाग्ने छैन ।

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि कुनै मालवस्तुमा लागेको विलम्ब शुल्क (डेमरेज) कुनै खास परिस्थिति वा अवस्था सिर्जना भएका कारणले मिनाहा दिनु पर्ने मनासिब कारण भएमा तोकिएको अधिकारीले तोकिए बमोजिम आंशिक वा पूर्णरुपले मिनाहा दिन सक्नेछ ।

७३. जरिबाना नतिरेसम्म मालवस्तु उठाउन नपाउने : कुनै मालवस्तुको सम्बन्धमा सो मालवस्तुको धनीलाई यस ऐन बमोजिम जरिबाना वा बढी महसुल लागेमा सो जरिबाना वा बढी महसुल नतिरेसम्म निजले त्यस्तो मालवस्तु भन्सार कार्यालयबाट उठाउन पाउने छैन ।

७४. छुट रकम वा जरिबाना तिर्नु पर्ने : (१) यस ऐन वा प्रचलित कानून बमोजिम कुनै व्यक्तिले भन्सार कार्यालयमा बुझाउनु पर्ने महसुल, जरिबाना वा अन्य कुनै रकम कुनै मालवस्तुको मूल्याङ्कन वा वर्गीकरण गर्दा वा गणितीय भूल वा

अन्य कुनै कारणले छुट भएको कुरा पछिबाट देखिन आएमा ◆वा विभागले कुनै माध्यमबाट जानकारी प्राप्त गरी असुल गर्न आदेश दिएमा त्यसरी छुट भएको रकम त्यस्तो भन्सार कार्यालयले निजबाट तुरुन्त असुल उपर गर्नेछ ।

(२) सम्बन्धित व्यक्तिले उपदफा (१) बमोजिमको रकम नबुझाएमा सो कार्यालयले निजको कारोबार रोक्का राखी सोही कार्यालय वा अन्य भन्सार कार्यालयमा रहेको निजको जुनसुकै मालवस्तु तोकिए बमोजिम लिलाम गरी वा गर्न लगाई सो रकम असुल उपर गर्नेछ ।

(३) उपदफा (२) बमोजिम लिलाम गर्दा वा गर्न लगाउँदा प्राप्त भएको रकमबाट समेत उपदफा (१) बमोजिमको महसुल रकम वा जरिबाना असुल उपर हुन नसकेमा सो महसुल वा जरिबाना वा रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

७५. भन्सार महसुल वा जरिबाना फिर्ता दिने : (१) कुनै निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्दा कानून बमोजिम लाग्ने भन्दा बढी भन्सार महसुल बुझाएको रहेछ भने सम्बन्धित भन्सार कार्यालयले निजलाई त्यस्तो बढी भन्सार महसुल तोकिए बमोजिम फिर्ता दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा भन्सार महसुल फिर्ता हुने छैन :-

(क) मालवस्तु छुटाएको साठी दिनभित्र त्यस्तो महसुल फिर्ता लिन सम्बन्धित भन्सार कार्यालयमा निवेदन नदिएमा, वा

(ख) फिर्ताको लागि दाबी गरिएको अङ्क पाँच सय रुपैयाँभन्दा कम भएमा ।

(३) भन्सार अधिकृतले असुल गरेको महसुल वा जरिबाना उपर यस ऐन बमोजिम परेको पुनरावेदन उपर निर्णय हुँदा त्यसरी असुल भएको सबै वा केही महसुल वा जरिबाना नलाग्ने गरी निर्णय भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सो निर्णय उपर थप पुनरावेदन नलाग्ने अवस्थामा वा अनुमति प्राप्त नहुने भनी सम्बन्धित अदालतबाट निर्णय भएपछि मात्र भन्सार अधिकृतले सम्बन्धित व्यक्तिलाई त्यस्तो भन्सार महसुल वा जरिबाना फिर्ता दिनेछ ।

७६. मालवस्तुको धनी वा एजेन्टमा जिम्मेवारी रहने : (१) भन्सार कार्यालयबाट ●दफा २०, २८ वा २९ बमोजिम जाँच गरी दफा २३ बमोजिम जाँचपास

---

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

● आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

गरिएको मालवस्तु पछि अधिकारप्राप्त अधिकारीले भन्सार क्षेत्रभित्र वा बाहिर खोली जाँच गर्दा पैठारीकर्ताले पेश गरेको बिल, बीजक अन्य कागजात वा विवरणसँग भारी वा पोकाभित्रको मालवस्तु वा अदत फरक देखिएमा सोको जिम्मेवारी मालवस्तुको धनी वा निजको एजेन्टमा रहनेछ ।

(२) कुनै मालवस्तु कानून बमोजिम पैठारी गरी ल्याएको हो वा सो मालवस्तुमा कानून बमोजिम लाग्ने महसुल तिरेको छ भन्ने कुराको भन्सार अधिकृतलाई चित्त बुझ्ने गरी प्रमाण दाखिल गर्ने उत्तरदायित्व सो मालवस्तु साथमा राख्ने व्यक्तिको हुनेछ ।

७७. मालधनीले खर्च व्यहोर्नु पर्ने : मालवस्तुहरु बोक्ने, जाँच्न र खोल्नको लागि उचित ठाउँमा पुऱ्याउने, यन्त्रमा राख्ने र झिक्ने, खोल्ने, छुट्याउने र मालवस्तुको वा सो मालवस्तु रहेको कन्टेनर, बाकस, झोला, प्याकेट, बोरा वा यस्तै अन्य प्याकिङ्ग सामग्रीमा चिन्ह लगाउने आदि काम मालवस्तु धनीले आफ्नै खर्चमा गर्नु पर्नेछ ।

७८. प्रतिलिपि दिन सकिने : (१) भन्सार कार्यालयमा रहेको कुनै प्रमाणपत्र, बिल वा अन्य कागजातको प्रतिलिपि लिन चाहने सरोकारवाला व्यक्तिले तोकिए बमोजिमको दस्तुर संलग्न गरी निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन जाँचबुझ गरी निवेदकलाई त्यस्तो बिल वा कागजातको प्रतिलिपि सम्बन्धित भन्सार अधिकृतले दिन सक्नेछ ।

७९. पैठारी भएको मालवस्तुको प्रमाणपत्र दिने : विदेशमा बिक्री कर वा अन्य कुनै कर लाग्ने मालवस्तु पैठारी गर्ने व्यक्तिले त्यस सम्बन्धी प्रमाणपत्र लिनको लागि सम्बन्धित भन्सार कार्यालयमा दरखास्त दिएमा भन्सार अधिकृतले निवेदकबाट तोकिए बमोजिम दस्तुर लिई निवेदकलाई तोकिए बमोजिमको ढाँचामा प्रमाणपत्र दिन सक्नेछ ।

८०. जानकारी माग गर्न सक्ने : (१) पैठारीकर्ताले आफूले पैठारी गरेको मालवस्तुको भन्सार मूल्य निर्धारण गर्न भन्सार कार्यालयले अवलम्बन गरेको आधारका सम्बन्धमा सम्बन्धित भन्सार कार्यालयमा निवेदन दिई जानकारी माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा सो कार्यालयले निजलाई त्यस्तो जानकारी सात दिनभित्र दिनु पर्नेछ ।

८१. म्याद जारी तथा कारबाही र किनारा : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिए तापनि यस ऐन अन्तर्गतको कसूरको सिलसिलामा भन्सार अधिकृत वा निजले अधिकार प्रदान गरेको भन्सार कार्यालयको अन्य अधिकृत कर्मचारीले

सम्बन्धित व्यक्तिका नाममा सुरु म्याद जारी गर्दा तोकिए बमोजिम जारी गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको म्याद थमाउन पाइने छैन ।

(३) यस ऐन बमोजिम दर्ता भएको मुद्दा भन्सार अधिकृतले सामान्यतया तीन महिनाभित्र किनारा गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र किनारा गर्न नसकेमा सोको कारण खुलाई महानिर्देशकलाई जानकारी दिनु पर्नेछ ।

८२. सूचना जारी गर्ने तरिका : यस ऐन र यस अन्तर्गत बनेको नियममा छुट्टै व्यवस्था भएकोमा बाहेक भन्सार कार्यालयको काम कारबाहीसँग सरोकार भएको वा हुन सक्ने व्यक्तिको नाममा सो कार्यालयले व्यक्तिगत वा सार्वजनिक सूचना जारी गर्दा ⚬पन्ध्र दिनको अवधि दिई तोकिए बमोजिम सूचना जारी गर्नु पर्नेछ ।

८३. अधिकार प्रत्यायोजन गर्न सक्ने : (१) नेपाल सरकारले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले पाएको सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी महानिर्देशक वा सो सूचनामा तोकिएको अरु कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम महानिर्देशकले आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार आफ्नो मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८४. अर्थ मन्त्रालयले अधिकारी तोकी अधिकार सुम्पन सक्ने : यस ऐन अन्तर्गत भन्सार अधिकृतलाई भएको सबै वा केही अधिकार अर्थ मन्त्रालयले कुनै अधिकारीलाई सुम्पन सक्नेछ ।

८५. अर्थ मन्त्रालयले कुनै अधिकारीलाई तोक्न सक्ने : (१) भन्सार अधिकृत वा अन्य कर्मचारी समेत मिली यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गर्न लागेको वा गरिरहेको वा गरेको छ भन्ने उजुरी परेमा अर्थ मन्त्रालयले सो काम सम्बन्धी कारबाही गर्न अर्को भन्सार अधिकृत वा अन्य अधिकारीलाई तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अधिकारीले त्यस्तो कारबाही यस ऐन बमोजिम गर्नु पर्नेछ ।

८६. अदालतलाई भए सरहको अधिकार हुने : यस ऐनको प्रयोजनका लागि भन्सार अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र

⚬ आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

लिखतहरु पेश गर्न लगाउने र मुद्दाको पुर्पक्ष गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम सुरु अदालतलाई भए सरहको अधिकार हुनेछ ।

°८७. सहयोग गर्नु पर्ने : भन्सार अधिकृत वा भन्सार कार्यालयका अन्य कर्मचारीले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्य पालन र अधिकार प्रयोग गर्दा कुनै सरकारी कर्मचारी, प्रहरी वा वित्तीय संस्थासँग कुनै प्रकारको सहयोग, सूचना वा मद्दत माग गरेमा त्यस्तो सहयोग, सूचना वा मद्दत दिनु त्यस्तो वित्तीय संस्था, प्रहरी वा कर्मचारीको कर्तव्य हुनेछ ।

८८. अन्य निकायले हस्तक्षेप गर्न नहुने : निकासी वा पैठारीको लागि भन्सार कार्यालयभित्र रहेको मालवस्तु सो कार्यालयबाट जाँचपास भई भन्सार क्षेत्रबाट नहटाइएसम्म सो मालवस्तुका सम्बन्धमा कुनै अधिकारी वा निकायले कुनै प्रकारको हस्तक्षेप गर्न हुँदैन ।

◆८८क. गोपनीयता सम्बन्धी व्यवस्था : निकासीकर्ता वा पैठारीकर्ताले भन्सार कार्यालयमा पेश गरेका गोपनीयता कायम राख्नु पर्ने प्रकृतिका भन्सार मूल्याङ्कन सम्बन्धी सूचना तथा अन्य व्यक्तिगत व्यावसायिक सूचनाहरू अधिकारप्राप्त अधिकारीबाट अनुसन्धान वा लेखापरीक्षणको प्रयोजनका लागि वा अदालतबाट न्यायिक कारबाहीको प्रयोजनका लागि माग भएको अवस्थामा बाहेक गोप्य राखिनेछ ।

°८९. पूर्वादेश सम्बन्धी व्यवस्था : (१) नेपाल सरकारले मालवस्तुको वर्गीकरण तथा उत्पत्तिका सम्बन्धमा पूर्वादेश जारी गर्न सक्ने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समिति सम्बन्धी अन्य व्यवस्था सोही सूचनामा तोकिए बमोजिम हुनेछ ।

◆८९क. भन्सार सहयोग सम्बन्धी सम्झौता गर्न सक्ने : (१) नेपाल सरकारले व्यापार सहजीकरण, भन्सार सम्बन्धी पारस्परिक सहयोग एवं सूचना आदान-प्रदान गर्नका लागि विदेशी मुलुकसँग सम्झौता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि महानिर्देशकले सक्षम अधिकारीको रूपमा कार्य गर्नेछ ।

(३) सन्धि सम्बन्धी प्रचलित नेपाल कानूनको अधीनमा रही महानिर्देशकले यस दफा बमोजिमको सम्झौताका सम्बन्धमा अर्को मुलुकको सक्षम अधिकारीसँग वार्ता गर्न वा सम्झौताको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्न सक्नेछ ।

---

° आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।

◆८९ख. निकासी वा पैठारी सङ्केत नम्बर लिनु पर्ने : □(१) कुनै पनि व्यक्तिले निकासी वा पैठारी सङ्केत नम्बर नलिई मालवस्तु निकासी वा पैठारी गर्न पाइने छैन ।

तर तोकिए बमोजिमको व्यक्तिले निकासी वा पैठारी सङ्केत नम्बर नलिई निकासी वा पैठारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिएको निकासी वा पैठारी सङ्केत नम्बर तोकिए बमोजिम नवीकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नवीकरण गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

(४) नवीकरण नगरी त्यस्तो निकासी वा पैठारी सङ्केत नम्बर प्रयोग गरी निकासी वा पैठारी सम्बन्धी कारोबार गर्न पाइने छैन ।

(५) तोकिए बमोजिमको समयभित्र नवीकरण नगरेमा त्यस्तो निकासी वा पैठारी सङ्केत नम्बर स्वत: रद्द हुनेछ ।

☑(६) यस दफा बमोजिमको निकासी वा पैठारी सङ्केत नम्बरको प्रशासन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकायले गर्नेछ र त्यस्तो सूचना प्रकाशन नभएसम्म त्यस्तो सङ्केत नम्बरको प्रशासन सम्बन्धी काम भन्सार विभागले गर्नेछ ।

♦(७) निकासी वा पैठारी सङ्केत नम्बर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

◆८९ग. विद्युतीय माध्यमबाट भुक्तानी गर्न सकिने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन वा अन्य प्रचलित सङ्घीय कानून बमोजिम भन्सार कार्यालयमा बुझाउनु पर्ने महसुल वा जरिबाना वा अन्य कुनै रकम विद्युतीय माध्यमबाट भुक्तानी (इ-पेमेन्ट) गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम विद्युतीय माध्यमबाट गरिने भुक्तानी (इ-पेमेन्ट) सम्बन्धी अन्य व्यवस्था विभागले तोके बमोजिम हुनेछ ।

☑८९घ. कागजातलाई मान्यता दिने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि भन्सार अधिकृतले कम्प्युटर प्रणालीमा भएको अभिलेखको आधारमा आफ्नो आधिकारिक पासवर्ड प्रयोग गरी सो प्रणालीबाट मुद्रित गरेको जाँचपाससँग सम्बन्धित कागजातमा कर्मचारीको दस्तखत नभए पनि त्यस्तो कागजातलाई दस्तखत भए सरह मान्यता दिइनेछ ।

---

◆ आर्थिक ऐन, २०७५ द्वारा थप ।
□ आर्थिक ऐन, २०७८ द्वारा संशोधित ।
☑ आर्थिक ऐन, २०७६ द्वारा थप ।
♦ आर्थिक ऐन, २०७८ द्वारा थप ।

(२) भन्सार कार्यालयले उपलब्ध गराएको आधिकारिक पासवर्ड प्रयोग गरी विद्युतीय माध्यमबाट गरिने मालवस्तुको घोषणा, सूचनाको आदान-प्रदान वा जाँचपाससँग सम्बन्धित कम्प्युटर प्रणालीमा भएको अभिलेखको आधारमा मुद्रण गरिएका कागजातमा सम्बन्धित व्यक्तिको दस्तखत नभए पनि दस्तखत भए सरह मान्यता दिइनेछ ।

卐८९ङ. राष्ट्रिय एकद्वार प्रणालीबाट कार्य गर्न सकिने : (१) नेपाल सरकारले अन्तर्राष्ट्रिय व्यापारलाई व्यवस्थित गर्न राष्ट्रिय एकद्वार प्रणाली (नेशनल सिङ्गल विण्डो) को विकास गरी कार्यान्वयनमा ल्याउन कुनै निकायलाई तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निकाय नतोकिएसम्मको लागि राष्ट्रिय एकद्वार प्रणालीको कार्यान्वयन विभागले गर्नेछ ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारले विकास गरेको राष्ट्रिय एकद्वार प्रणालीमा निकासी वा पैठारीसँग सम्बन्धित निकायलाई आबद्ध गरिनेछ ।

(४) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय एकद्वार प्रणालीमा आबद्ध निकासी वा पैठारीसँग सम्बन्धित निकायले उपदफा (१) बमोजिमको प्रणालीमार्फत कार्य गर्नु पर्नेछ ।

(५) राष्ट्रिय एकद्वार प्रणाली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

卐८९च. निकासी पैठारी गरिने मालवस्तुको आन्तरिक परिवहन : (१) कुनै भन्सार कार्यालयमा आइपुगेको मालवस्तु सो कार्यालयबाट जाँचपास नगराई अर्को भन्सार कार्यालयमा लगी जाँचपास गराउन चाहेमा त्यस्तो मालवस्तु अर्को कुनै भन्सार कार्यालयसम्म लैजान आन्तरिक परिवहनको सुविधा दिन सकिनेछ ।

(२) आन्तरिक परिवहन सम्बन्धी अन्य व्यवस्था नेपाल सरकार, अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

●९०. आदेश जारी गर्न सक्ने : (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ हटाउनको लागि अर्थ मन्त्रालयले यस ऐनको प्रतिकूल नहुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) भन्सार मूल्य निर्धारण वा मालवस्तु जाँचपास वा भन्सार प्रक्रिया सम्बन्धी अन्य कुनै कुरामा भन्सार अधिकृतलाई द्विविधा भएमा वा यस प्रकारका कार्य सम्पादनमा कुनै बाधा अड्काउ परेमा महानिर्देशकले त्यस्तो

---

卐 आर्थिक ऐन, २०७८ द्वारा थप ।

● आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

द्विविधा हटाउन वा बाधा अड्काउ फुकाउन भन्सार अधिकृतलाई यस ऐनको प्रतिकूल नहुने गरी उपयुक्त आदेश दिन सक्नेछ ।

►९१. कारबाही गर्ने अधिकार : (१) भन्सार क्षेत्र बाहेक अन्यत्रबाट भन्सार महसुल छली ल्याएका मालवस्तु कसैले पक्राउ गरी भन्सार कार्यालयमा पेश गरेकोमा भन्सार अधिकृतलाई र विभागमा पेश गरेकोमा महानिर्देशक वा निजले तोकेको कुनै अधिकृतलाई सो उपर यस ऐन बमोजिम अनुसन्धान र कारबाही गर्ने अधिकार हुनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भन्सार कार्यालयबाट जाँचपास भइसकेको कुनै मालवस्तुका सम्बन्धमा कुनै सूचना प्राप्त भएमा वा शङ्का लागेमा महानिर्देशकले कुनै अधिकृतलाई तोकी त्यस्तो मालवस्तु नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गरी प्रतिवेदन पेश गर्न आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा महानिर्देशकले यस ऐन बमोजिम भन्सार अधिकृतलाई भए सरहको अधिकार प्रयोग गरी आवश्यक कारबाही गर्न सक्नेछ ।

९२. नियम बनाउने अधिकार : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारले निकासी वा पैठारी हुने मालवस्तुका सम्बन्धमा उत्पत्तिको नियम बनाउन सक्नेछ ।

○९३. निर्देशिका तथा कार्यविधि बनाउन सक्ने : विभागले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही देहायका विषयमा निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ :-

(क) मालवस्तुको मूल्याङ्कन सम्बन्धी,

(ख) छनौट प्रणाली बमोजिम मालवस्तुको जाँचपास सम्बन्धी,

(ग) जाँचपास पछिको परीक्षण सम्बन्धी,

(घ) राहत सामग्री जाँचपास सम्बन्धी,

(ङ) विद्युतीय घोषणा, जाँचपास एवं राजस्व भुक्तानी सम्बन्धी,

(च) निकासी पैठारी सङ्केत नम्बर प्रदान गर्ने सम्बन्धी,

---

► आर्थिक ऐन, २०७६ द्वारा संशोधित ।

○ आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

(छ) प्रतिस्पर्धाको आधारमा करमुक्त पसल सञ्चालन सम्बन्धी,

ᵇ(छ१) राष्ट्रिय एकद्वार प्रणाली सञ्चालन सम्बन्धी,

(ज) भन्सारको कार्यसम्पादनसँग सम्बन्धित अन्य विषय सम्बन्धी ।

९४. खारेजी तथा बचाउ : (१) भन्सार ऐन, २०१९ खारेज गरिएको छ ।

(२) भन्सार ऐन, २०१९ बमोजिम स्थापना भएको भन्सार विभाग तथा भन्सार कार्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछन् ।

(३) भन्सार ऐन, २०१९ अन्तर्गत भएका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेका मानिनेछन् ।

---

ᵇ आर्थिक ऐन, २०७८ द्वारा थप ।

# भन्सार नियमावली, २०६४

| संशोधन | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|
| | २०६५।१।१५ |
| १. भन्सार (पहिलो संशोधन) नियमावली, २०६५ | २०६५।१०।२७ |
| २. भन्सार (दोस्रो संशोधन) नियमावली, २०६६ | २०६६।३।२९ |
| ३. भन्सार (तेस्रो संशोधन) नियमावली, २०६७ | २०६७।८।४ |
| ४. भन्सार (चौथो संशोधन) नियमावली, २०७० | २०७०।३।३० |
| ५. भन्सार (पाँचौं संशोधन) नियमावली, २०७१ | २०७१।३।२९[✱] |
| ६. भन्सार (छैठौं संशोधन) नियमावली, २०७२ | २०७२।३।२९ |
| ७. भन्सार (सातौं संशोधन) नियमावली, २०७३ | २०७३।३।२० |
| ८. भन्सार (आठौं संशोधन) नियमावली, २०७४ | २०७४।४।१० |
| ९. भन्सार (नवौं संशोधन) नियमावली, २०७५ | २०७५।२।२२ |
| १०. भन्सार (दशौं संशोधन) नियमावली, २०७६ | २०७६।३।२३ |
| ११. भन्सार (एघारौं संशोधन) नियमावली, २०७७ | २०७७।३।१ |
| १२. भन्सार (बाह्रौं संशोधन) नियमावली, २०७८ | २०७८।२।१७ |
| १३. भन्सार (तेह्रौं संशोधन) नियमावली, २०७९ | २०७९।२।१५ |
| १४. भन्सार (चौधौं संशोधन) नियमावली, २०८० | २०८०।२।१५ |

भन्सार ऐन, २०६४ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "भन्सार नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले भन्सार ऐन, २०६४ सम्झनु पर्छ ।

(ख) "तेस्रो मुलुक" भन्नाले भारत बाहेकका अन्य विदेशी मुलुक सम्झनु पर्छ ।

(ग) "मूल्याङ्कन पुनरावलोकन समिति" भन्नाले ऐनको दफा ६१ को उपदफा (२) बमोजिम गठित समिति सम्झनु पर्छ ।

---

✱ नेपाल राजपत्रमा मिति २०७१।५।१६ मा प्रकाशित सूचना अनुसार भूल सुधार गरिएको ।

(घ) "मालवस्तु धनी" भन्नाले निकासी वा पैठारी हुने जुनसुकै मालवस्तुको धनी सम्झनु पर्छ ।

## परिच्छेद-२

## भन्सार महसुल सुविधा, छुट तथा अन्य सुविधा सम्बन्धी व्यवस्था

३. कूटनीतिक सुविधा वा महसुल सुविधा दिन सकिने : (१) ऐनको दफा ९ को उपदफा (१) बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा पाउने निकाय, पदाधिकारी वा व्यक्तिले त्यस्तो सुविधा लिनका लागि सुविधा लिन खोजेको मालवस्तुको विवरण, मूल्य र परिमाण समेत उल्लेख गरी परराष्ट्र मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा कूटनीतिक सुविधा वा महसुल सुविधा दिनु पर्ने देखिएमा परराष्ट्र मन्त्रालयले अनुसूची-१ बमोजिमको ढाँचामा दुई प्रति सिफारिस फाराम भरी विभागमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सिफारिस फाराम प्राप्त भएपछि विभागले एक प्रति सिफारिस फाराम सम्बन्धित *भन्सार कार्यालय वा करमुक्त पसलमा कार्यान्वयनका लागि पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सिफारिस फाराम प्राप्त भएपछि सम्बन्धित *भन्सार कार्यालय वा करमुक्त पसलले सो सिफारिस बमोजिम सम्बन्धित निकाय, पदाधिकारी वा व्यक्तिलाई कूटनीतिक सुविधा वा महसुल सुविधा दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिएको विवरण सम्बन्धित *भन्सार कार्यालय वा करमुक्त पसलले विभागमा पठाउनु पर्नेछ र सो विवरणको एक प्रति अभिलेखका लागि आफ्नो कार्यालयमा राख्नु पर्नेछ ।

(६) यस नियमको प्रयोजनको लागि परराष्ट्र मन्त्रालयले कूटनीतिक सुविधा वा महसुल सुविधाको सिफारिस गर्ने फाराममा दस्तखत गर्ने आधिकारिक व्यक्तिको दस्तखतको नमूना अग्रिम रुपमा विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

४. नेपालको कुनै भागबाट विदेशको बाटो गरी पुन: नेपालभित्र ल्याउने मालवस्तुको महसुल सुविधा सम्बन्धी व्यवस्था : (१) नेपालको कुनै भागबाट विदेशको बाटो गरी पुन: नेपालभित्र कुनै मालवस्तु ल्याउन चाहने मालवस्तु धनीले मालवस्तुका साथ प्रज्ञापनपत्र भरी सम्बन्धित भन्सार कार्यालयमा पेश गर्नु पर्नेछ । त्यस्तो

---

* पहिलो संशोधनद्वारा संशोधित ।

प्रज्ञापनपत्रमा सो मालवस्तु पुन: कुन भन्सार कार्यालयबाट नेपालभित्र ल्याइने हो सो समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रज्ञापनपत्र उपर जाँचबुझ गर्दा नेपालको बाटोबाट मालवस्तु लैजान सक्ने यातायातको सस्तो र सजिलो साधन तथा सुविधा छ र भन्सार प्रशासनका दृष्टिले पनि नेपालको बाटो प्रयोग गरी मालवस्तु लैजान मनासिब देखिएमा भन्सार कार्यालयको प्रमुखले विदेशको बाटो गरी मालवस्तु लैजान स्वीकृति दिने छैन ।

(३) उपनियम (१) बमोजिम प्राप्त प्रज्ञापनपत्र उपर जाँचबुझ गर्दा नेपालको बाटोबाट मालवस्तु लैजान सक्ने यातायातको सस्तो र सजिलो साधन तथा सुविधा नभएको र भन्सार प्रशासनका दृष्टिले विदेशको बाटो गरी मालवस्तु लैजान मनासिब देखिएमा भन्सार कार्यालयको प्रमुखले त्यस्तो मालवस्तुमा लाग्ने भन्सार महसुलको लगत राखी वा भन्सार महसुल धरौटी लिई त्यस्तो मालवस्तुको विवरण खुलाई भन्सार कार्यालयको सील लगाई सो मालवस्तु नेपालको कुनै भागबाट विदेशको बाटो प्रयोग गरी पुन: नेपालभित्र ल्याउने गरी निर्दिष्ट स्थानमा पुऱ्याउन लाग्ने बाटाको म्याद तोकी सोही व्यहोरा प्रज्ञापनपत्रमा खुलाई एक प्रति प्रज्ञापनपत्र मालवस्तु धनीलाई दिई त्यस्तो मालवस्तु लैजान अनुमति दिनु पर्नेछ ।

(४) कुनै विदेशी मुलुकमा पैठारी गर्न निषेध गरिएका मालवस्तु त्यो मुलुकको बाटो गरी नेपालको एक भागबाट अर्को भागमा ल्याउन परेमा नेपाल र सो मुलुक बीच पारवहन सम्बन्धमा कुनै सन्धि वा सम्झौता भएको रहेछ भने मालवस्तु धनीले त्यस्तो सन्धि वा सम्झौता अन्तर्गतको स्वीकृत कार्य प्रणालीको रीत पुऱ्याई लैजानु पर्नेछ ।

(५) निकासी गर्न अनुमति दिने भन्सार कार्यालयले उपनियम (३) बमोजिम दिएको प्रज्ञापनपत्र र सो बमोजिमको मालवस्तु तथा ढुवानी सम्बन्धी कागजात पैठारी हुने भन्सार कार्यालयमा पेश हुन आएमा र सबै विवरण भिडाउँदा ठीक देखिएमा सो भन्सार कार्यालयले भन्सार महसुल नलिई सोही व्यहोरा प्रज्ञापनपत्रमा जनाई त्यस्तो मालवस्तु पैठारी गर्न अनुमति दिनेछ र सो प्रज्ञापनपत्रको एक प्रति संलग्न गरी निकासी गर्न अनुमति दिने भन्सार कार्यालयलाई तीन दिनभित्र जानकारी पठाइदिनु पर्नेछ ।

तर निकासी गर्न अनुमति दिएको भन्सार कार्यालयले दिएको प्रज्ञापनपत्र मालवस्तु पैठारी हुने भन्सार कार्यालयमा दाखिला नभएमा पैठारी बापतको महसुल धरौटी लिएर मात्र मालवस्तु पैठारी गर्न दिनु पर्नेछ ।

(६) निकासी गर्न अनुमति दिने भन्सार कार्यालयले उपनियम (५) बमोजिम जानकारी प्राप्त भै धरौटी फिर्ता वा लगत कट्टा गरिदिन हुने अवस्था देखेमा धरौटी फिर्ता वा लगत कट्टा गरिदिनु पर्नेछ ।

तर निकासी गर्न अनुमति दिइएको मालवस्तु आंशिक रुपमा मात्र पैठारी भएको देखिएमा पैठारी नभएको मालवस्तुको लाग्ने भन्सार महसुल धरौटी रकमबाट कट्टा गरी असुल उपर गर्नु पर्नेछ । कुनै मालवस्तुको लाग्ने महसुलको लगत राखी मालवस्तु छाडेको भए सो महसुल सात दिनभित्र असुल उपर गर्नु पर्नेछ ।

५. विदेशबाट नेपालको बाटो गरी सोही मुलुकको अर्को भागमा लैजाने मालवस्तुको महसुल सुविधा सम्बन्धी व्यवस्था : (१) विदेशी मुलुकबाट नेपालको बाटो गरी सोही मुलुकको अर्को भागमा कुनै मालवस्तु लैजान चाहने मालवस्तु धनीले नेपालको बाटो प्रयोग गर्नु पर्ने कारण, नेपालभित्र पैठारी गर्ने र नेपालबाट निकासी गर्ने भन्सार कार्यालयको नाम र मालवस्तुको विवरण सहित विभागमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा विभागले त्यस्तो मालवस्तु विदेशबाट नेपालको बाटो गरी सोही मुलुकको अर्को भागमा लैजान अनुमति प्रदान गर्नेछ । यसरी अनुमति प्रदान गर्नुअघि विभागले सम्बन्धित मुलुकको नेपालस्थित दूतावास वा कूटनीतिक नियोगको सिफारिसपत्र माग गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुमति प्राप्त गरे पछि मालवस्तु धनीले त्यस्तो अनुमति संलग्न गरी मालवस्तुका साथ प्रज्ञापनपत्र भरी सम्बन्धित भन्सार कार्यालयमा पेश गर्नु पर्नेछ । यस्तो प्रज्ञापनपत्रमा सो मालवस्तु कुन भन्सार कार्यालयबाट पुन: विदेशमा निकासी गर्ने हो सो कुरा समेत स्पष्ट रुपमा खुलाउन पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रज्ञापनपत्र प्राप्त हुन आएमा सम्बन्धित भन्सार कार्यालयले त्यस्तो मालवस्तुको विवरण खुलाई आफ्नो कार्यालयको सील लगाई सो मालवस्तु विदेशी मुलुकको कुनै भागबाट नेपालको बाटो गरी सोही मुलुकको अर्को भागमा लैजाने गरी निर्दिष्ट स्थानमा पुऱ्याउन बढीमा सात दिनको बाटाको म्याद तोकी सोही व्यहोरा प्रज्ञापनपत्रमा खुलाई एक प्रति प्रज्ञापनपत्र मालवस्तु धनीलाई दिई विभागको अनुमति बमोजिम मालवस्तु लैजान दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम दिएको प्रज्ञापनपत्र र सो बमोजिमको मालवस्तु तथा ढुवानी सम्बन्धी कागजात निकासी हुने भन्सार कार्यालयमा पेश हुन आएमा र सबै विवरण भिडाउँदा ठीक देखिएमा सो भन्सार कार्यालयले भन्सार महसुल नलिई सोही व्यहोरा प्रज्ञापनपत्रमा जनाई त्यस्तो मालवस्तु निकासी गर्न अनुमति दिनेछ र सो प्रज्ञापनपत्रको एक प्रति संलग्न गरी पैठारी गर्ने भन्सार कार्यालयलाई तीन दिनभित्र जानकारी पठाइदिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम जानकारी प्राप्त भएपछि पैठारी गर्न दिएको भन्सार कार्यालयले मालवस्तु धनीबाट पहिले धरौटी लिएको भए सो धरौटी फिर्ता दिनु पर्नेछ ।

तर पहिले पैठारी भएको मालवस्तु आंशिक रुपमा मात्र निकासी भएको पाइएमा निकासी नभएजति मालवस्तुमा लाग्ने महसुल धरौटी राखेको भए धरौटीबाट कट्टा गरी असुल उपर गर्नु पर्नेछ र मालवस्तुमा लाग्ने महसुल धरौटी नराखेको भए सम्बन्धित व्यक्तिबाट असुल गर्नु पर्नेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा पैठारी गर्न निषेध गरिएका मालवस्तु विदेशबाट नेपालको बाटो प्रयोग गरी सोही मुलुकको अर्को भागमा लैजाँदा नेपाल सरकार र सम्बन्धित मुलुकको सरकारका बीच कुनै द्विपक्षीय सन्धि वा सम्झौता भएको रहेछ भने त्यस्तो सन्धि वा सम्झौताका प्रावधानहरु पूरा गर्नु पर्नेछ ।

६. <u>विदेशबाट नेपालको बाटो प्रयोग गरी अन्य विदेशी मुलुकमा मालवस्तु लैजाने सम्बन्धी व्यवस्था</u> : (१) विदेशबाट नेपालको बाटो प्रयोग गरी अर्को कुनै विदेशी मुलुकमा मालवस्तु लैजाने प्रयोजनका लागि प्रयोग हुने भन्सार कार्यालयहरु विभागले तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विदेशबाट नेपालको बाटो प्रयोग गरी अर्को कुनै विदेशी मुलुकमा मालवस्तु लैजान चाहने मालवस्तु धनीले मालवस्तुका साथ विभागले तोकेको ढाँचामा चार प्रति फाराम तथा प्रज्ञापनपत्र भरी सम्बन्धित भन्सार कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त फाराम र प्रज्ञापनपत्र उपर आवश्यक जाँचबुझ गर्दा सम्बन्धित भन्सार कार्यालयले प्रतिबन्धित मालवस्तु भएको नदेखिएमा नेपाल सरकारले तोके बमोजिमको सेवा शुल्क लिई मालवस्तु रहेको बन्द कन्टेनरमा सील लगाई प्राप्त फारामहरु प्रमाणित गरी एक प्रति फाराम मालवस्तु धनीलाई दिई एक प्रति फाराम अभिलेखका लागि आफ्नो कार्यालयमा राखी दुई प्रति फाराम निकासी गर्ने भन्सार कार्यालयमा पठाई नेपालको बाटो प्रयोग गरी अर्को विदेशी मुलुकमा लैजान पन्ध्र दिनसम्मको बाटाको म्याद दिई अनुमति दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पैठारी गर्न अनुमति दिइएको मालवस्तु निकासी हुने भन्सार कार्यालयमा प्राप्त हुन आएमा सो कार्यालयले उपनियम (२) बमोजिमको फाराम प्रमाणित गरी त्यस्तो मालवस्तु निकासी गर्न अनुमति दिनेछ र सो फारामको एक प्रति पैठारी गर्ने भन्सार कार्यालयमा पठाई दिनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम नेपालको बाटो प्रयोग गरी अर्को विदेशी मुलुकमा निर्धारित म्यादभित्र लैजान नसकेमा सोको कारण खुलाई निकासी गर्ने

म्याद थप गर्न मालवस्तु धनीले विभागमा निवेदन दिन सक्नेछ । त्यसरी प्राप्त निवेदन उपर जाँचबुझ गर्दा कारण मनासिब लागेमा विभागले मनासिब म्याद थप गरिदिन सक्नेछ ।

(६) उपनियम (३) बमोजिम पैठारी भएको मालवस्तु विदेशी मुलुकमा निर्धारित समयभित्र निकासी नगरी नेपालभित्रै बिक्री वा उपयोग गरेमा त्यस्तो मालवस्तुमा लाग्ने महसुल र शत प्रतिशत थप महसुल समेत मालवस्तु धनीबाट असुल गरिनेछ ।

(७) यस नियम बमोजिम विदेशबाट नेपालको बाटो प्रयोग गरी अन्य विदेशी मुलुकमा मालवस्तु लैजाँदा बन्द कन्टेनरको प्रयोग गर्नु पर्नेछ ।

७. मर्मत गर्नका लागि मालवस्तु लैजाने र ल्याउने सम्बन्धी व्यवस्था : (१) कुनै मालवस्तु मर्मतका लागि नेपालबाट विदेशमा लैजाँदा वा मर्मत गरी विदेशबाट ल्याउँदा सो मालवस्तुको भएसम्मको नम्बर, साइज र स्पेशिफिकेशन समेतको पूरा विवरण प्रज्ञापनपत्रमा भरी भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

➲(२) उपनियम (१) बमोजिम प्रज्ञापनपत्र प्राप्त हुन आएमा भन्सार अधिकृतले सो मालवस्तु हवाईजहाज वा हेलिकोप्टर वा तिनका इञ्जिन भएमा सम्बन्धित वायुसेवा कम्पनीको जमानीमा धरौटी नलिई र हवाईजहाज वा हेलिकोप्टरको पार्टपुर्जा भएमा मूल्यको शून्य दशमलव पाँच प्रतिशत तथा अन्य मालवस्तु भएमा मूल्यको पाँच प्रतिशत धरौटी लिई मर्मतका लागि लैजान दिन सक्नेछ ।

(३) मर्मत गर्न विदेश निकासी गरेको मालवस्तु तीन महिनाभित्र फर्काई ल्याउनु पर्नेछ र सो म्यादभित्र फर्काई ल्याएपछि मर्मत गर्दा लागेको खर्च बमोजिमको मूल्य र पार्टपुर्जा फेरिएको भए सो बापतको मूल्यलाई भन्सार मूल्य मानी धरौटी राखेको रकमबाट सो महसुल कट्टा गरी बाँकी धरौटी फिर्ता दिइनेछ ।

(४) उपनियम (३) मा उल्लिखित म्यादभित्र मर्मत गरी ल्याउने समय अपुग भएमा सो कुराको प्रमाण सहित भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ र भन्सार अधिकृतले मनासिब ठहराएमा तीन महिनामा नबढाई म्याद थप गरिदिन सक्नेछ । यसरी थप भएको म्याद समेत नपुग हुने भएमा भन्सार अधिकृतले म्याद थप्नु पर्ने आधार र कारण सहित स्वीकृतिका लागि महानिर्देशक समक्ष लेखी पठाउनु पर्नेछ र महानिर्देशकले म्याद थप गरिदिने स्वीकृति दिएकोमा सोही बमोजिम भन्सार अधिकृतले म्याद थप गर्न सक्नेछ ।

(५) यस नियम बमोजिम मर्मतको लागि विदेश निकासी गरिएका मालवस्तु उपनियम (३) र (४) मा उल्लिखित म्यादभित्र फिर्ता नल्याई सो अवधि

---

➲ पाँचौं संशोधनद्वारा संशोधित ।

पछि फिर्ता ल्याएमा पहिले राखिएको धरौटी जफत गरी नयाँ मालवस्तु पैठारी गरे सरह महसुल असुल गरिनेछ ।

(६) कुनै मालवस्तु मर्मत गर्नका लागि विदेशबाट नेपालमा ल्याउन वा मर्मत गरी नेपालबाट लैजानु परेमा सो मालवस्तु धनीले मालवस्तुको भएसम्मको नम्बर, साइज र स्पेशिफिकेशन समेतको पूरा विवरण प्रज्ञापनपत्रमा भरी भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम प्रज्ञापनपत्र प्राप्त हुन आएमा भन्सार अधिकृतले सो मालवस्तुमा पैठारी गर्दा लाग्ने महसुल धरौटी लिई ✂छ महिनाभित्र मर्मत गरी फिर्ता लैजाने व्यहोरा प्रज्ञापनपत्रमा उल्लेख गर्न लगाई जाँचपास गर्न सक्नेछ ।

(८) उपनियम (७) बमोजिम पैठारी भएको मालवस्तु पैठारी भएको मितिले ✂छ महिनाभित्र मर्मत गरी निकासी गरेमा र मर्मत खर्च बापतको रकम भुक्तानी भएको प्रमाण पेश गरेमा पैठारी गर्दा राखेको धरौटी फिर्ता दिइनेछ । सो म्यादभित्र फिर्ता नलगेमा वा पैठारी गर्दा उल्लेख गरेको मालवस्तुको विवरणसँग निकासी गर्न ल्याएको मालवस्तुको विवरण नमिलेमा वा मर्मत खर्च बापतको रकम भुक्तानी गरेको प्रमाण पेश नभएमा त्यस्तो मालवस्तु र पैठारी गर्दा राखेको धरौटी जफत गरिनेछ ।

(९) हवाई सेवा सञ्चालन गर्ने गरी दर्ता भएको हवाई कम्पनीले हवाईजहाज वा हेलिकोप्टरको इञ्जिन मर्मत गर्नु पर्ने भई त्यस्तो इञ्जिन मर्मत गर्न लाग्ने अवधिको लागि विदेशबाट भाडामा इञ्जिन पैठारी गर्नु परेमा लाग्ने भन्सार महसुल बराबरको बैङ्क जमानत भन्सार कार्यालयमा राखी बढीमा छ महिनासम्मको लागि पैठारी गर्न सक्नेछन् । सो अवधिभित्र त्यस्ता इञ्जिनहरु फिर्ता लगेमा बैङ्क जमानत फुकुवा गरिनेछ र सो अवधिभित्र फिर्ता नलगेमा नियमित पैठारी गरे सरह महसुल असुल गरिनेछ ।

(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक नियोगले कुनै मालवस्तु मर्मत गर्न निकासी गर्दा र मर्मत गरी पैठारी गर्दा सोको अभिलेख मात्र राखी धरौटी नलिई निकासी र पैठारी गर्न दिइनेछ ।

८. निकासी वा पैठारी भएको मालवस्तु पुन: निकासी वा पैठारी गर्ने सम्बन्धी व्यवस्था : (१) नेपालभित्र पैठारी भएको मालवस्तु जुन उद्देश्यको लागि पैठारी गरेको हो सो उद्देश्य परिपूर्ति हुन नसकेको वा प्रयोगशाला परीक्षणबाट गुणस्तरहीन ठहरिएकोले त्यस्तो मालवस्तुको शोधभर्ना स्वरुप सोही प्रकारको अर्को मालवस्तु पैठारी गर्ने वा सो बापत विदेशी मुद्रा भुक्तानी भैसकेको भए

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

त्यस्तो विदेशी मुद्रा फिर्ता ल्याउने सर्तमा भन्सार कार्यालयको प्रमुखले त्यस्तो मालवस्तु पैठारी भएको वा भन्सार कार्यालयमा आइपुगेको मितिले नब्बे दिनभित्र महसुल नलिई फिर्ता लैजान दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मालवस्तु फिर्ता भएकोमा त्यसरी फिर्ता भएको मितिले *छ महिनाभित्र शोधभर्ना स्वरुप सोही प्रकारको अर्को मालवस्तु पैठारी नगरेमा वा त्यस्तो मालवस्तु पहिले पैठारी गर्दा विदेशी मुद्रा भुक्तानी भैसकेको भए त्यस्तो विदेशी मुद्रा फिर्ता नल्याएमा सम्बन्धित भन्सार अधिकृतले प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम फिर्ता पठाउनु पर्ने मालवस्तु फिर्ता गर्नु अगावै विदेशको आपूर्तिकर्ताले सोको शोधभर्ना स्वरुप सोही प्रकारको अर्को मालवस्तु पठाएको रहेछ भने पैठारीकर्ताको निवेदन र पेश भएका कागजातबाट त्यस्तो मालवस्तु शोधभर्ना स्वरुप पैठारी भएको देखिएमा लाग्ने महसुल लिई भन्सार अधिकृतले जाँचपास गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम शोधभर्ना स्वरुप मालवस्तु पैठारी भैसके पछि पहिले पैठारी भएको मालवस्तु उपनियम (१) बमोजिमको म्यादभित्र फिर्ता पठाउँदा भन्सार महसुल लाग्ने छैन र पहिले पैठारी गर्दा भन्सार महसुल तिरिसकेको भए त्यस्तो भन्सार महसुल फिर्ता दिइनेछ ।

तर उपनियम (१) बमोजिमको म्यादभित्र फिर्ता नपठाई सो अवधि पछि फिर्ता पठाएमा सो मालवस्तु पैठारी गर्दा भन्सार महसुल तिरिसकेको भए पनि त्यस्तो भन्सार महसुल फिर्ता दिइने छैन ।

(५) नेपालभित्र वा विदेशी मुलुकमा लाग्ने हाट बजार, मेला वा प्रदर्शनीमा बिक्री वितरण वा प्रदर्शनका निमित्त कुनै मालवस्तु पैठारी वा निकासी गर्नु परेमा मालवस्तु धनीले पैठारी वा निकासीको प्रयोजन खुलाई प्रज्ञापनपत्रमा उल्लिखित मालवस्तु भन्सार कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम पैठारी वा निकासी हुने मालवस्तुमा लाग्ने महसुल धरौटी लिइनेछ ।

(७) हाट बजार, मेला वा प्रदर्शनीमा बिक्री वितरण गर्न पैठारी वा निकासी गरिएको मालवस्तु हाट बजारको हकमा भोलिपल्ट र मेला वा प्रदर्शनीको हकमा त्यस्तो मेला वा प्रदर्शनी समाप्त भएको मितिले बाटाको म्याद बाहेक तीस दिनभित्र पुन: पैठारी वा निकासी गर्न भन्सार कार्यालयमा दाखिला गरेमा भन्सार कार्यालयले पुन: पैठारी वा निकासी नभएको मालवस्तुमा लाग्ने

* पहिलो संशोधनद्वारा संशोधित ।

महसुल धरौटी रहेको रकममध्येबाट कटाई बाँकी धरौटी रकम मालवस्तु धनीलाई फिर्ता गर्नु पर्नेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको सार्वजनिक संस्था वा कूटनीतिक नियोगको सिफारिसमा यस नियम बमोजिम मालवस्तु निकासी वा पैठारी गर्दा भन्सार अधिकृतले अभिलेख मात्र राखी लाग्ने महसुल नलिई निकासी वा पैठारी गर्न दिन सक्नेछ । निकासी भएको मालवस्तु विदेशमा नै खपत भएको वा पैठारी भएको मालवस्तु नेपालभित्र खपत भएको अवस्थामा त्यस्तो खपत भएको मालवस्तुमा लाग्ने महसुल सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ताबाट असुल गरिनेछ ।

(९) यस नियम बमोजिम मालवस्तु पैठारी गर्दा र निकासी गर्दा एउटै भन्सार कार्यालयबाट गर्नु पर्नेछ ।

(१०) उपनियम (९) बमोजिम एउटै भन्सार कार्यालयबाट निकासी वा पैठारी गर्न नसकिने अवस्था भएमा कारण खोली सम्बन्धित व्यक्तिले विभागमा निवेदन दिन सक्नेछ । त्यस्तो निवेदनमा उल्लेख भएको कारण मनासिब देखिएमा विभागले कुनै अर्को भन्सार कार्यालयबाट समेत यस नियमको प्रयोजनका लागि त्यस्तो मालवस्तु निकासी वा पैठारी गर्न अनुमति दिन सक्नेछ ।

(११) कुनै मालवस्तु पैठारी हुँदा सो मालवस्तुको उपयोग र परिवहनका लागि त्यस्तो मालवस्तुसँगै आपूर्ति हुने, बारम्बार प्रयोगमा आउने र मालवस्तुको प्रयोग गर्दासम्म खाली गर्न नसकिने किसिमको आधानपात्र (कन्टेनर) पछि निकासी हुने सर्तमा पैठारी गर्दा लाग्ने महसुल बापत सो रकम बराबरको बैङ्क जमानत लिई प्रज्ञापनपत्रमा निकासी हुने अवधि तोकी महसुल नलिई पैठारी गर्न भन्सार अधिकृतले अनुमति दिन सक्नेछ । यसरी बैङ्क जमानत राखी पैठारी भएका आधानपात्र प्रज्ञापनपत्रमा तोकिएको म्यादभित्र निकासी नभएमा लाग्ने महसुल बैङ्क जमानतबाट असुल गरिनेछ ।

तर त्यस्तो आधानपात्रभित्र रहेको मालवस्तु उपभोग गर्ने व्यक्तिले सो आधानपात्रबाट अन्य आधानपात्रमा खन्याई उपभोग गर्न सकिने रहेछ भने त्यस्तो मालवस्तुको आधानपात्रमा यस नियम बमोजिमको सुविधा प्रदान गरिने छैन ।

📖(१२) कुनै उद्योगले स्वप्रयोजनको लागि उपनियम (११) बमोजिमको खाली आधानपात्रमा मालवस्तु भरी ल्याउनको लागि त्यस्तो आधानपात्र निकासी गर्न चाहेमा सो व्यहोरा खुलाई भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

🕮(१३) उपनियम (१२) बमोजिम निवेदन प्राप्त हुन आएमा सम्बन्धित भन्सार अधिकृतले त्यस्तो खाली आधानपात्रको मूल्यको पाँच प्रतिशतले हुने रकम नगद धरौटी वा सो रकम बराबरको कम्तीमा छ महिनाको बैङ्क जमानत लिई तीन महिनासम्मको म्याद दिई सो म्यादभित्र त्यस्तो आधानपात्रमा मालवस्तु भरी पुन: पैठारी गर्ने सर्तमा त्यस्तो आधानपात्र निकासी गर्न अनुमति दिनु पर्नेछ ।

🕮(१४) कुनै कारणले उपनियम (१३) बमोजिमको म्यादभित्र त्यस्तो आधानपात्र पुन: पैठारी गर्न नसकेको कारण सहित सम्बन्धित उद्योगले म्याद थपका लागि निवेदन दिएमा र त्यस्तो निवेदन जाँचबुझ गर्दा निवेदनको व्यहोरा मनासिब देखिएमा सम्बन्धित भन्सार कार्यालयको प्रमुखले बढीमा एक महिनाको म्याद थप गरिदिन सक्नेछ ।

🕮(१५) उपनियम (१४) बमोजिमको म्यादभित्र सम्बन्धित उद्योगले त्यस्तो आधानपात्रमा मालवस्तु भरी पुन: पैठारी गरेमा भन्सार अधिकृतले सो मालवस्तुमा लाग्ने महसुल असुल गरी उपनियम (१३) बमोजिम त्यस्तो उद्योगले नगद धरौटी राखेको भए त्यस्तो धरौटी फिर्ता दिनेछ र नगद धरौटीको सट्टा बैङ्क जमानत राखेको भए त्यस्तो जमानत फुकुवा गर्नेछ ।

🕮(१६) उपनियम (१४) बमोजिमको म्यादभित्र सम्बन्धित उद्योगले त्यस्तो आधानपात्र पुन: पैठारी गरी नल्याएमा भन्सार अधिकृतले त्यस्तो उद्योगले राखेको नगद धरौटी राजस्व खातामा जम्मा गर्नु पर्नेछ र नगद धरौटीको सट्टा बैङ्क जमानत राखेको भए सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट त्यस्तो रकम असुल गर्नु पर्नेछ । त्यस्तो आधानपात्र त्यस्तो म्याद नाघे पछि पुन: पैठारी गरी ल्याएको भएमा भन्सार अधिकृतले त्यस्तो उद्योगले राखेको नगद धरौटी राजस्व खातामा जम्मा गर्नु पर्नेछ र नगद धरौटी नराखी बैङ्क जमानत राखेको भए सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट त्यस्तो रकम असुल गरी आधानपात्रमा ल्याएको मालवस्तुमा लाग्ने महसुल लिई जाँचपास गर्न सक्नेछ ।

■(१७) कुनै व्यक्तिले आफूले पैठारी गरेको वा नेपालभित्र खरिद गरेको बस वा ट्रकको चेसिस पैठारी वा खरिद गरेको मितिले तीन महिनाभित्र बडी बनाउनको लागि निकासी गर्न चाहेमा त्यस्तो चेसिस पैठारी गर्दाको प्रज्ञापनपत्र वा बीजक संलग्न गरी भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

🕮(१८) उपनियम (१७) बमोजिम निवेदन प्राप्त हुन आएमा भन्सार अधिकृतले बस वा ट्रकको चेसिसको मूल्यको पाँच प्रतिशतले हुने रकम नगद धरौटी वा सो बराबरको बैङ्क जमानत लिई छ महिनाको म्याद दिई बडी बनाई पुन: पैठारी गर्ने सर्तमा निकासी गर्न अनुमति दिनु पर्नेछ ।

---

🕮 पहिलो संशोधनद्वारा थप ।

■ सातौं संशोधनद्वारा संशोधित ।

📖(१९) उपनियम (१८) बमोजिम निकासी भएको बस वा ट्रकको चेसिसबाट छ महिनाभित्र बडी बनाई पुन: पैठारी गरेमा भन्सार अधिकृतले बडी बनाई ल्याउँदा लागेको मूल्यमा लाग्ने महसुल असुल गरी पैठारीकर्ताले नगद धरौटी रकम राखेको भए त्यस्तो नगद धरौटी फिर्ता दिनेछ र नगद धरौटीको सट्टा बैङ्क जमानत राखेको भए त्यस्तो बैङ्क जमानत फुकुवा गर्नेछ ।

📖(२०) उपनियम (१८) बमोजिमको म्यादभित्र ■सम्बन्धित व्यक्तिले त्यस्तो बस वा ट्रकको बडी बनाई पुन: पैठारी गरी नल्याएमा भन्सार अधिकृतले निजले राखेको नगद धरौटी राजस्व खातामा जम्मा गर्नु पर्नेछ र नगद धरौटीको सट्टा बैङ्क जमानत राखेको भए सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट त्यस्तो रकम असुल गर्नु पर्नेछ । त्यस्तो बस वा ट्रकको चेसिस यस नियम बमोजिमको म्याद नाघेपछि पुन: पैठारी गरी ल्याएकोमा भन्सार अधिकृतले निजले राखेको नगद धरौटी राजस्व खातामा जम्मा गर्नु पर्नेछ र नगद धरौटीको सट्टा बैङ्क जमानत राखेको भए सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट त्यस्तो रकम असुल गरी बस वा ट्रकको बडी बनाई ल्याउँदा लागेको मूल्यमा लाग्ने महसुल असुल गरी जाँचपास गर्न सक्नेछ ।

❖(२१) विदेशमा कार्य गर्ने गरी ठेक्का प्राप्त गरेका नेपाली व्यक्तिले उक्त कार्यको लागि आवश्यक पर्ने सवारी तथा ढुवानीका साधनहरु, यन्त्र, उपकरणहरु तथा तिनका पार्टपुर्जाहरु लैजान चाहेमा त्यसरी लैजान चाहने व्यक्तिले आवश्यक प्रमाण सहित भन्सार कार्यालयको प्रमुख समक्ष निवेदन दिनु पर्नेछ ।

❖(२२) उपनियम (२१) बमोजिमको निवेदन प्राप्त भएपछि भन्सार कार्यालयको प्रमुखले आवश्यक छानबिन गर्दा मनासिब देखिएमा निवेदकको माग बमोजिम बिना महसुल निकासी गर्ने अनुमति दिन सक्नेछ । यसरी निकासी भएमा निकासी भएका मालवस्तु कार्य सम्पन्न भएपछि फिर्ता ल्याउँदा महसुल लाग्ने छैन ।

◢(२३) नेपालमा उत्पादित मालवस्तु गुणस्तर परीक्षण गराउन निकासी गर्नु परेमा त्यस्ता मालवस्तुको मूल्यको पाँच प्रतिशत धरौटी लिई भन्सार कार्यालय प्रमुखले निकासी गर्न अनुमति दिन सक्नेछ ।

◢(२४) उपनियम (२३) बमोजिम परीक्षणको लागि निकासी गरेको मालवस्तु तीन महिनाभित्र फिर्ता ल्याएमा परीक्षण खर्चमा लागेको रकममा लाग्ने महसुल लिई पहिले राखेको धरौटी रकम फिर्ता दिइनेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।
■ सातौं संशोधनद्वारा संशोधित ।
❖ चौथो संशोधनद्वारा थप ।
◢ छैठौं संशोधनद्वारा थप ।

◢(२५) उपनियम (२३) बमोजिम परीक्षणको लागि निकासी गरिएको मालवस्तु तीन महिना पछि फिर्ता ल्याएमा नयाँ मालवस्तु पैठारी गरे सरह महसुल लाग्नेछ ।

परिच्छेद-३

बण्डेड वेयर हाउस, बैङ्क जमानत र विशेष आर्थिक क्षेत्र सम्बन्धी व्यवस्था

९. बण्डेड वेयर हाउसको इजाजतपत्र सम्बन्धी व्यवस्था: (१) बण्डेड वेयर हाउसको सुविधा लिन चाहने देहायका उद्योग वा व्यक्तिले इजाजतपत्रको लागि विभाग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) विदेशमा तयारी पोशाक निकासी गर्ने उद्योग,

(ख) आफ्नो उत्पादन तेस्रो मुलुकमा निकासी गर्ने उद्योग,

(ग) खण्ड (क) मा उल्लिखित उद्योग बाहेक आफ्नो उत्पादनको न्यूनतम ❍बीस प्रतिशत वा एक करोड रुपैयाँभन्दा बढी मूल्यको मालवस्तु भारतमा निकासी गर्ने उद्योग,

(घ) नेपाल सरकारबाट स्वीकृति प्राप्त गरेको करमुक्त पसलबाट बिक्री गर्नका लागि मालवस्तु पैठारी गर्ने व्यक्ति ।

(२) उपनियम (१) बमोजिम निवेदन दिने उद्योगले सोही उपनियमको खण्ड (क), (ख) वा (ग) बमोजिमको उद्योग हो भन्ने कुराको प्रमाण समेत पेश गर्नु पर्नेछ ।

तर सञ्चालनमा आएको एक वर्ष पूरा नगरेको उद्योगले बण्डेड वेयर हाउसको इजाजतपत्र लिन चाहेमा निकासी योजना र आफ्नो उत्पादन विदेशमा निकासी गर्ने वा उत्पादनको न्यूनतम ❍बीस प्रतिशत वा एक करोड रुपैयाँभन्दा बढी मूल्यको मालवस्तु भारतमा निकासी गर्ने सर्त सहितको कबुलियतनामा पेश गरेमा सो प्रमाण पेश गर्नु पर्ने छैन ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा बण्डेड वेयर हाउसको इजाजतपत्र दिन मनासिब देखिएमा विभागले इजाजतपत्र दस्तुर बापत ✱छ हजार रुपैयाँ लिई निवेदकलाई इजाजतपत्र दिन सक्नेछ ।

(४) उपनियम (१) बमोजिमको इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ । यस्तो इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले प्रत्येक आर्थिक वर्षका लागि सो आर्थिक वर्ष सुरु हुनुअगावै नवीकरण दस्तुर बापत ✱तीन हजार रुपैयाँ तिरी विभागबाट त्यस्तो इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

---

◢ छैठौं संशोधनद्वारा थप ।
❍ दशौं संशोधनद्वारा संशोधित ।
✱ पहिलो संशोधनद्वारा संशोधित ।

χ(५) उपनियम (४) बमोजिमको अवधिमा इजाजतपत्र नवीकरण नगराउने इजाजतपत्रवालाले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र तीन हजार रुपैयाँ थप दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछ । त्यस्तो अवधिभित्र समेत नवीकरण नगराएको इजाजतपत्र स्वत: रद्द हुनेछ ।

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र नवीकरण नगरेको अवधिमा बण्डेड वेयर हाउसको इजाजतपत्रवालाले बण्डेड वेयर हाउसको सुविधा उपभोग गर्न पाउने छैन ।

१०. <u>बण्डेड वेयर हाउसको इजाजतपत्रवालाले प्राप्त गर्ने सुविधा</u> : (१) नियम ९ बमोजिम बण्डेड वेयर हाउसको इजाजतपत्रवालाले निकासी गरिने वा स्वदेशमा नै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) मा लाग्ने महसुल बापत बैङ्क जमानत दिई पैठारी गर्न सक्नेछ ।

▩(२) उपनियम (१) बमोजिम बैङ्क जमानत दिँदा पैठारी गरिने मालवस्तुमा लाग्ने भन्सार महसुल वा कृषि सुधार शुल्क र सोको पन्ध्र प्रतिशतले हुने थप रकम बराबरको बैङ्क जमानत दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम दिइने बैङ्क जमानतको अवधि छ महिनादेखि एक वर्षसम्मको हुनु पर्नेछ । छ महिनाको बैङ्क जमानत दिएकोमा पछि म्याद थप गर्नु परेमा बढीमा छ महिनासम्म थप गर्न सकिनेछ ।

तर नियम १३ बमोजिम म्याद थप गरिएकोमा बैङ्क जमानतको म्याद समेत सोही बमोजिम थप गर्नु पर्नेछ ।

(४) नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलको हकमा उद्योग विभागले नेपालमा उत्पादन नहुने भनी प्रमाणित गरी बण्डेड वेयर हाउसको सुविधा दिन सिफारिस गरेको अवस्थामा मात्र यस नियम बमोजिम सुविधा दिइनेछ ।

✂(५) बण्डेड वेयर हाउसको इजाजतपत्र प्राप्त गरी करमुक्त पसल सञ्चालन गर्न स्वीकृति प्राप्त व्यक्तिले त्यस्तो करमुक्त पसलबाट बिक्री गर्नको लागि पैठारी गर्ने मालवस्तुमा लाग्ने महसुल बराबरको रकमको बैङ्क जमानत राखी पैठारी गर्न पाउनेछ । यसरी मालवस्तु पैठारी गर्दा विभागबाट त्यस्तो मालवस्तु र परिमाणको स्वीकृति लिनु पर्नेछ ।

❐(५क) उपनियम (५) बमोजिम पैठारी गर्ने मालवस्तुमध्ये मदिरा र चुरोट नेपाल सरकार, परराष्ट्र मन्त्रालयले नियम ३ को उपनियम (२)

---

χ चौधौं संशोधनद्वारा संशोधित ।
▩ तेह्रौं संशोधनद्वारा संशोधित ।
✂ दोस्रो संशोधनद्वारा संशोधित ।
❐ दोस्रो संशोधनद्वारा थप ।

बमोजिम गरेको सिफारिसको आधारमा विभागबाट कूटनीतिक तथा महसुल सुविधा दिन तोकिएको व्यक्ति वा निकायलाई मात्र बिक्री गर्न पाउनेछ ।

(६) बण्डेड वेयर हाउसको इजाजतपत्रप्राप्त उद्योगले आफ्नो उत्पादन खरिद गर्ने विदेशी क्रेतासँग गरेको सम्झौता अनुसार वाणिज्य विभागको सिफारिसमा बाइ ब्याक सम्झौता अन्तर्गत प्रतीतपत्र बिना विदेशस्थित क्रेताले बिना मूल्य पठाएको कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थ पैठारी गरी सोबाट तयारी वस्तु बनाई उत्पादन प्रक्रियामा लागेको खर्च र मुनाफा मात्र भुक्तानी लिने गरी सोही क्रेतालाई वा वाणिज्य विभागको सिफारिस बमोजिम अन्य व्यक्तिलाई निकासी गर्ने भएमा त्यस्तो कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थ पैठारी गर्दा लाग्ने ▩भन्सार महसुल वा कृषि सुधार शुल्क ✂............ बापतको रकम बराबरको बैङ्क जमानत दिई पैठारी गर्न पाउनेछ ।

(७) उपनियम (६) बमोजिम मालवस्तु पैठारी गर्दा पैठारीकर्ताले पैठारीकै अवस्थामा वाणिज्य विभागले तोकेको सर्त र प्रक्रिया पूरा गरी प्रतीतपत्र बिना पैठारी गर्न दिन सो विभागले भन्सार कार्यालयका नाममा दिएको सिफारिसपत्र, विदेशी क्रेतासँग गरेको सम्झौता र बिना मूल्यको तर भन्सार प्रयोजनका लागि मूल्य खुलाइएको बीजक समेत प्रज्ञापनपत्र साथ संलग्न गर्नु पर्नेछ ।

(८) यस नियम बमोजिम बैङ्क जमानत दिँदा प्रचलित कानून बमोजिम बैङ्क जमानत जारी गर्न पाउने बैङ्क वा वित्तीय संस्थाले जारी गरेको बैङ्क जमानत दिनु पर्नेछ ।

११. धरौटी वा बैङ्क जमानत राखी मालवस्तु पैठारी गर्ने सम्बन्धी विशेष व्यवस्था : ⌦(१) ................

(२) नेपालका कपडा उद्योगले उत्पादन गर्ने कपडा निकासीमूलक तयारी पोशाक उद्योगलाई बिक्री गर्ने भएमा सो कपडा उत्पादनका लागि आवश्यक पर्ने धागो पैठारी गर्दा कपडा उद्योग सङ्घको सिफारिसमा सो धागोमा लाग्ने भन्सार महसुल बापतको रकम बराबरको बैङ्क जमानत राखी पैठारी गर्न पाउनेछ ।

१२. बण्डेड वेयर हाउसको सुविधा प्राप्त उद्योग वा व्यक्तिले पालन गर्नु पर्ने सर्तहरु : (१) बण्डेड वेयर हाउसको सुविधा प्राप्त उद्योगले आफ्नो उत्पादन निकासी गर्दा प्रतीतपत्र वा प्रचलित बैङ्किङ कागजातको माध्यमबाट गर्नु पर्नेछ ।

(२) बण्डेड वेयर हाउसको सुविधा प्राप्त उद्योगले पैठारी गरेको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल

---

▩ तेह्रौं संशोधनद्वारा संशोधित ।
✂ दोस्रो संशोधनद्वारा झिकिएको ।
⌦ आठौं संशोधनद्वारा झिकिएको ।

समेत) बाट त्यस्तो मालवस्तु पैठारी भएको मितिले एघार महिनाभित्र तयारी मालवस्तु बनाई निकासी ❖वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गरिसक्नु पर्नेछ ।

(३) बण्डेड वेयर हाउसको सुविधा लिई नियम १० बमोजिम पैठारी भएको कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) बाट तयारी मालवस्तु बनाई निकासी गर्दा भन्सार कार्यालयले कायम गरेको मूल्यको न्यूनतम ✱दश प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको मूल्य अभिवृद्धिको प्रतिशत गणना गर्दा निकासी भएको मालवस्तुको एफ.ओ.बी. मूल्यबाट त्यस्तो मालवस्तु उत्पादन गर्न प्रयोग भएको नियम १० बमोजिम मालवस्तु पैठारी गर्दा भन्सारले कायम गरेको मूल्य घटाई हुन आउने अङ्कलाई त्यस्तो मालवस्तु उत्पादन गर्न प्रयोग भएको मालवस्तु पैठारी गर्दा भन्सारले कायम गरेको मूल्यले भाग गर्दा आउने अङ्कलाई १०० ले गुणा गरी निकालिनेछ ।

(५) बण्डेड वेयर हाउसको सुविधा प्राप्त व्यक्तिले करमुक्त पसलबाट बिक्री गर्नका लागि पैठारी गरेको मालवस्तु पैठारी गरेको मितिले एक वर्षभित्र करमुक्त पसलबाट बिक्री गरिसक्नु पर्नेछ ।

(६) नियम ११ को उपनियम (२) बमोजिम धागो पैठारी गर्ने कपडा उद्योगले आफूले पैठारी गरेको धागोबाट कपडा बनाई पैठारी गरेको मितिले एघार महिनाभित्र तयारी पोशाक उद्योगलाई बिक्री गरिसक्नु पर्नेछ ।

▶१३. म्याद थप गर्न सक्ने : नियम १२ को उपनियम (२), (५) र (६) बमोजिमको अवधिभित्र निकासी वा बिक्री गर्न वा विदेशी मुद्रा आर्जन गरेको प्रमाण पेश गर्न नसकी सम्बन्धित व्यक्तिले कारण सहित म्याद थप गर्न निवेदन दिएमा र त्यस्तो कारण मनासिब देखिएमा भन्सार कार्यालयको प्रमुखले बढीमा छ महिना म्याद थप गर्न सक्नेछ ।

१४. बैङ्क जमानत र धरौटी फुकुवाका लागि निवेदन दिनु पर्ने : (१) बण्डेड वेयर हाउसको सुविधा प्राप्त उद्योगले नियम १२ को अवधिभित्र वा नियम १३ बमोजिम म्याद थप भएकोमा सो अवधिभित्र आफूले राखेको बैङ्क जमानत फुकुवा गर्नका लागि देहायका कागजात संलग्न गरी बैङ्क जमानत राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ :-

(क) नियम १० बमोजिम मालवस्तु पैठारी गरेको प्रमाण,

---

❖ चौथो संशोधनद्वारा थप ।
✱ पहिलो संशोधनद्वारा संशोधित ।
▶ तेस्रो संशोधनद्वारा संशोधित ।

(ख) तयारी मालवस्तु निकासी गरेको प्रमाण,

(ग) सम्बन्धित बैङ्कबाट प्रमाणित गरेको विदेशी मुद्रा आर्जन गरेको प्रमाण,

(घ) सम्बन्धित निकायबाट प्रमाणित कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) को खपत अनुपातको प्रमाण ।

(२) बण्डेड वेयर हाउसको सुविधा अन्तर्गत करमुक्त पसलबाट बिक्री गर्न मालवस्तु पैठारी गर्ने व्यक्तिले पैठारी गरेको मालवस्तु नियम १२ को उपनियम (५) बमोजिमको अवधिभित्र वा नियम १३ बमोजिम म्याद थप भएकोमा सो अवधिभित्र करमुक्त पसलबाट बिक्री गरेको प्रमाण संलग्न गरी आफूले राखेको बैङ्क जमानत वा धरौटी फुकुवा गर्नका लागि बैङ्क जमानत वा धरौटी राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) ⌦................

(४) नियम ११ को उपनियम (२) बमोजिम बैङ्क जमानतमा धागो पैठारी गर्ने उद्योगले उक्त धागोबाट कपडा बनाई धागो पैठारी गरेको मितिले एघार महिनाभित्र तयारी पोशाक उद्योगलाई न्यूनतम ✱दश प्रतिशत मूल्य अभिवृद्धि गरी बिक्री गरेको प्रमाण, उक्त कपडा खरिद गर्ने तयारी पोशाक उद्योग र धागो पैठारी गर्ने कपडा उद्योगबीच भएको खरिद बिक्री सम्झौता, सम्बन्धित निकायबाट प्रमाणित भएको धागोको खपत अनुपातको प्रमाण र कपडा खरिद गर्ने तयारी पोशाक उद्योगको अनुरोधमा जारी गरिएको धागो पैठारी गर्दा लागेको महसुल बापतको बैङ्क जमानत संलग्न गरी आफूले राखेको बैङ्क जमानत फुकुवा गर्नका लागि बैङ्क जमानत राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

🕮(४क) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि धागो पैठारी गर्ने उद्योगले सो धागोबाट कपडा बनाई तयारी पोशाक उद्योगलाई बिक्री गरेपछि पनि आफूले राखेको बैङ्क जमानत फुकुवा नगराई त्यस्तो तयारी पोशाक उद्योगले तयारी पोशाक निकासी गरेपछि मात्र बैङ्क जमानत फुकुवा गराउन चाहेमा उपनियम (४) मा उल्लिखित कागजातको अतिरिक्त कपडा खरिद गर्ने तयारी पोशाक उद्योगले सो कपडाबाट तयारी पोशाक बनाई न्यूनतम दश प्रतिशत मूल्य अभिवृद्धि गरी निकासी गरेको प्रमाण, सम्बन्धित निकायबाट प्रमाणित भएको कपडाको खपत अनुपातको प्रमाण र सम्बन्धित बैङ्कले प्रमाणित गरेको निकासी गर्ने उद्योगले विदेशी मुद्रा आर्जन गरेको प्रमाण

---

⌦ आठौं संशोधनद्वारा झिकिएको ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

🕮 पहिलो संशोधनद्वारा थप ।

संलग्न गरी धागो पैठारी गरेको मितिले बाइस महिनाभित्र बैङ्क जमानत राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(५) नियम ११ को उपनियम (२) बमोजिम बैङ्क जमानतमा धागो पैठारी गर्ने उद्योगबाट कपडा खरिद गर्ने निकासीमूलक तयारी पोशाक उद्योगले उपनियम (४) बमोजिम धागो पैठारी गर्ने उद्योगले राखेको बैङ्क जमानत फुकुवा गर्न भन्सार कार्यालयमा पेश गरेको बैङ्क जमानत फुकुवा गर्नका लागि धागो पैठारी गर्ने कपडा उद्योगबाट खरिद गरेको कपडाबाट खरिद गरेको मितिले एघार महिनाभित्र तयारी पोशाक बनाई न्यूनतम *दश प्रतिशत मूल्य अभिवृद्धि गरी निकासी गरेको प्रमाण, सम्बन्धित बैङ्कबाट प्रमाणित गरेको विदेशी मुद्रा आर्जन गरेको प्रमाण र सम्बन्धित निकायबाट प्रमाणित भएको कपडाको खपत अनुपातको प्रमाण संलग्न गरी बैङ्क जमानत राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(६) नियम १० को उपनियम (६) बमोजिम मालवस्तु पैठारी गर्दा राखेको बैङ्क जमानत फकुवा गर्नका लागि नियम १२ को उपनियम (५) बमोजिमको अवधिभित्र वा नियम १३ बमोजिम म्याद थप भएकोमा सो अवधिभित्र वाणिज्य विभागले तोके बमोजिम मूल्य अभिवृद्धि गरी तयारी मालवस्तु बनाई निकासी गरेको प्रमाण, सम्बन्धित बैङ्कबाट प्रमाणित गरेको अभिवृद्धि गरेको मूल्य बराबरको विदेशी मुद्रा आर्जन गरेको प्रमाण र सम्बन्धित निकायबाट प्रमाणित भएको कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थको खपत अनुपातको प्रमाण संलग्न गरी बैङ्क जमानत राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(७) ➔.................

१५. बैङ्क जमानत र धरौटी फुकुवा गर्ने : (१) नियम १४ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा निवेदकले सो नियममा उल्लेख भएका सम्पूर्ण सर्त र प्रक्रिया पूरा गरेको देखिएमा सम्बन्धित भन्सार कार्यालयले एक महिनाभित्र बैङ्क जमानत वा धरौटी फुकुवा गर्नु पर्नेछ ।

α(२) बण्डेड वेयर हाउसको सुविधा लिई पैठारी गरेको मालवस्तु वा निकासी भएको मालवस्तुमा आंशिक रुपमा प्रयोग भएको वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा नै बिक्री भएको मालवस्तुमा आंशिक रुपमा प्रयोग भएको वा करमुक्त पसलबाट निर्धारित म्यादभित्र आंशिक रुपमा बिक्री भएको वा नियम ११ को उपनियम (२) बमोजिम पैठारी भएको धागो निकासीमूलक तयारी कपडा उद्योगलाई बिक्री गरेको कपडामा आंशिक रुपमा प्रयोग भएको वा निकासीमूलक तयारी कपडा उद्योगले त्यसरी स्थानीय रुपमा खरिद गरेको कपडा निकासी भएको तयारी कपडामा आंशिक रुपमा मात्र प्रयोग गरेको

---

✱ पहिलो संशोधनद्वारा संशोधित ।
➔ तेस्रो संशोधनद्वारा झिकिएको ।
α चौंथो संशोधनद्धारा संशोधित ।

पाइएमा त्यसरी प्रयोग भएजति मालवस्तुमा लाग्ने महसुल बापतको बैङ्क जमानत वा धरौटी मात्र फुकुवा गरिनेछ ।

१६. <u>बैङ्क जमानतबाट महसुल असुल गर्ने र धरौटी सदरस्याहा गर्ने</u> : (१) नियम १० वा ११ बमोजिम मालवस्तु पैठारी गर्ने व्यक्तिले नियम १२ मा उल्लेख भएका सर्तहरु पालन नगरेमा र नियम १४ बमोजिम निवेदन नदिएमा त्यस्ता व्यक्तिले बैङ्क जमानत राखेको रहेछ भने बैङ्क जमानतबाट लाग्ने महसुल असुल गरिनेछ र धरौटी राखेको रहेछ भने लाग्ने महसुल धरौटी रकमबाट सदरस्याहा गरिनेछ ।

▩(२) उपनियम (१) बमोजिम बैङ्क जमानतबाट महसुल असुल गर्दा पैठारी भएको मालवस्तुमा पैठारी गरेको दिनमा लाग्ने भन्सार महसुल वा कृषि सुधार शुल्कमा पन्ध्र प्रतिशत थप गरी असुल गरिनेछ ।

▩(३) नियम १५ को उपनियम (२) बमोजिम आंशिक रुपमा मात्र मालवस्तु प्रयोग भएकोमा प्रयोग नभएजति मालवस्तुमा पैठारी गरेको दिनमा लाग्ने भन्सार महसुल वा कृषि सुधार शुल्कमा पन्ध्र प्रतिशत थप गरी पैठारीकर्ताले राखेको बैङ्क जमानतबाट असुल गरिनेछ ।

▩(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि धरौटीबाट सदरस्याहा गरी महसुल असुल गर्दा वा करमुक्त पसलले निर्धारित म्यादभित्र मालवस्तु बिक्री नगरेको कारणले बैङ्क जमानत वा धरौटीबाट महसुल असुल गर्दा भन्सार महसुल वा कृषि सुधार शुल्क मात्र असुल गरिनेछ ।

१७. <u>भन्सार कार्यालयले माग गरेको बैङ्क जमानतको रकम भुक्तानी गर्नु पर्ने:</u> (१) भन्सार कार्यालयको पक्षमा जारी भएको बैङ्क जमानत बराबरको रकम सम्बन्धित भन्सार कार्यालयले माग गरेमा त्यस्तो बैङ्क जमानत जारी गर्ने बैङ्क वा वित्तीय संस्थाले पन्ध्र दिनभित्र सम्बन्धित भन्सार कार्यालयको नाममा भुक्तानी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम भुक्तानी नगर्ने बैङ्क वा वित्तीय संस्थाबाट जारी भएको बैङ्क जमानत त्यस्तो भुक्तानी प्राप्त नभएसम्म भन्सार कार्यालयले स्वीकार गर्न हुँदैन ।

❒(३) भन्सार कार्यालयको पक्षमा जारी गरिएको बैङ्क जमानत सम्बन्धित भन्सार कार्यालयबाट फुकुवा भएको लिखित जानकारी प्राप्त नभएसम्म बैङ्क जमानत जारी गर्ने बैङ्क तथा वित्तीय संस्थाले त्यस्तो बैङ्क जमानत बमोजिमको रकम सम्बन्धित भन्सार कार्यालयलाई बुझाउने दायित्वबाट उन्मुक्ति पाएको मानिने छैन ।

---

▩ तेह्रौं संशोधनद्वारा संशोधित ।
❒ दोस्रो संशोधनद्वारा थप ।

१८. विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगलाई मालवस्तु बिक्री गर्ने र भन्सार महसुल फिर्ता दिने व्यवस्था : (१) कुनै पैठारीकर्ताले पैठारी गरेको मालवस्तु विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगलाई विभागको पूर्व स्वीकृति लिई बिक्री गरेमा निजले त्यस्तो मालवस्तु पैठारी गर्दा भन्सार महसुल तिरेको रहेछ भने त्यस्तो भन्सार महसुल फिर्ता पाउनका लागि मालवस्तु बिक्री गरेको *साठी दिनभित्र देहायका प्रमाण कागजात संलग्न गरी त्यस्तो मालवस्तु जुन भन्सार कार्यालयबाट पैठारी गरेको हो सोही कार्यालयमा निवेदन दिनु पर्नेछ:-

(क) मालवस्तु पैठारी गर्दाको बीजक, प्रज्ञापनपत्र र नगदी रसिद,

(ख) खरिदकर्ता उद्योग र बिक्रेता पैठारीकर्ताबीच त्यस्तो मालवस्तु खरिद बिक्री गर्ने सम्बन्धमा भएको सम्झौतापत्र,

(ग) मालवस्तु बिक्री गरेको बीजक,

(घ) खरिदकर्ता उद्योगले त्यस्तो मालवस्तु खरिद गरेको देखिने खरिद खाताको प्रमाणित प्रतिलिपि,

(ङ) खरिदकर्ता उद्योगबाट भुक्तानी प्राप्त गरेको प्रमाण,

(च) खरिदकर्ता उद्योग वा बिक्रेताका तर्फबाट सम्बन्धित भन्सार कार्यालयका नाममा जारी भएको त्यस्तो मालवस्तुमा लागेको महसुल बराबरको बैङ्क जमानत ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार कार्यालयको प्रमुखले आवश्यक जाँचबुझ गरी महसुल फिर्ता दिनु पर्ने देखिएमा निवेदन परेका मितिले तीस दिनभित्र निवेदकलाई पूर्ण वा आंशिक रुपमा महसुल फिर्ता दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा निवेदकले माग गरेको रकम पूर्ण वा आंशिक रुपमा फिर्ता दिनु नपर्ने देखिएमा कारण खोली निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम बिक्री गरेको मालवस्तु प्रयोग गरी विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगले तयारी मालवस्तु बनाई निकासी गरेको प्रमाण र विदेशी मुद्रा प्राप्त गरेको प्रमाण पेश गरेपछि उपनियम (१) को खण्ड (च) बमोजिमको बैङ्क जमानत फुकुवा गरिनेछ ।

(५) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिक्रेताले आफ्नो पैठारी मूल्यमा भन्सार महसुल समेत समावेश गरी त्यस्तो मालवस्तु बिक्री गरेको रहेछ भने पैठारी गर्दा तिरेको भन्सार महसुल फिर्ता दिइने छैन ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

## परिच्छेद-४

## प्रज्ञापनपत्र र मालवस्तु जाँच गर्ने र प्रयोगमा नआउने मालवस्तु नष्ट गर्ने सम्बन्धी व्यवस्था

१९. विद्युतीय माध्यमबाट विवरण सम्प्रेषण गर्न सक्ने : (१) कुनै निकासीकर्ता वा पैठारीकर्ताले आफूले निकासी वा पैठारी गर्ने मालवस्तुको घोषणा विद्युतीय माध्यमद्वारा सम्बन्धित भन्सार अधिकृत समक्ष सम्प्रेषण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विवरण सम्प्रेषण गर्ने कार्यविधि विभागले तोके बमोजिम हुनेछ ।

२०. सवारी चालकले दिनु पर्ने विवरण : ऐनको दफा १७ बमोजिम सवारी साधनको चालकले सो साधनमा रहेको मालवस्तुको विवरण दिँदा अनुसूची-२ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

२१. प्रज्ञापनपत्रसाथ संलग्न गर्नु पर्ने कागजात : (१) ऐनको दफा १८ बमोजिम मालवस्तु निकासी वा पैठारी गर्ने व्यक्तिले प्रज्ञापनपत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्दा देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

(क) तेस्रो मुलुकबाट मालवस्तु पैठारी गर्दा,-

(१) भुक्तानी प्रक्रिया सम्बन्धी बैङ्किङ्ग कागजात,

(२) बीजक (इन्भ्वाइस),

(३) प्याकिङ्ग लिष्ट,

(४) बिल अफ लेडिङ्ग वा एयरवे बिल,

(५) उत्पत्तिको प्रमाणपत्र,

(६) विदेशी विनिमय नियन्त्रण (वि.वि.नि.) फाराम,

(७) भारतमा ट्राञ्जिट भई पैठारी गरिने मालवस्तुको हकमा भन्सार पारवहन सम्बन्धी कागजात,

(८) हवाई मार्गबाट पैठारी हुनेमा सम्बन्धित एयरलाइन्सको डेलिभरी अर्डर,

(९) भन्सार कार्यालयमा कुनै टर्मिनल सञ्चालक भएकोमा त्यस्तो टर्मिनल सञ्चालकले जारी गरेको डेलिभरी अर्डर,

(१०) प्रचलित कानून बमोजिम सम्बन्धित निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात ।

(ख) भारतबाट मालवस्तु पैठारी गर्दा,-

(१) बीजक (इन्भ्वाइस),

(२) प्याकिङ्ग लिष्ट,

(३) प्रचलित कानून बमोजिम सम्बन्धित निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात,

(४) इनबण्ड अन्तर्गत पैठारी गर्दा उपखण्ड (१), (२) र (३) का अतिरिक्त नेपाल इन्भ्वाइस (इनबण्ड फाराम), वि.वि.नि. फाराम, भुक्तानी प्रक्रिया सम्बन्धी बैङ्किङ्ग कागजात र सोमा उल्लेख भए बमोजिमका कागजातहरु,

(५) ............

<u>स्पष्टीकरण</u> : यस खण्डको प्रयोजनको लागि "इनबण्ड" भन्नाले नेपाल राष्ट्र बैङ्कले तोकेको प्रक्रिया अनुसार परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट पैठारी गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(ग) निकासी गर्दा,-

(क) मालवस्तु प्याकिङ्गको विवरण सहितको बीजक (इन्भ्वाइस),

(ख) उत्पत्तिको प्रमाणपत्र वा जी.एस.पी.को लागि जारी गरिएको प्रमाणपत्र,

(ग) तेस्रो मुलुकमा निकासी हुनेमा भुक्तानी प्रक्रिया सम्बन्धी बैङ्किङ्ग कागजात,

(घ) प्रचलित कानून बमोजिम सम्बन्धित निकायको सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात ।

(२) .................

२२. <u>प्रज्ञापनपत्रको ढाँचा</u> : प्रज्ञापनपत्रको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ ।

---

छैठौं संशोधनद्वारा झिकिएको ।
छैठौं संशोधनद्वारा संशोधित ।
तेह्रौं संशोधनद्वारा संशोधित ।
तेह्रौं संशोधनद्वारा झिकिएको ।

२३. <u>मालवस्तु फिर्ता पठाउन सकिने</u> : (१) ऐनको दफा ३० को उपदफा (४) बमोजिम मालवस्तु फिर्ता पठाउनु पर्ने भएमा त्यस्तो मालवस्तु पैठारी गर्ने व्यक्तिले मालवस्तुको बीजक, प्रतीतपत्र खोली पैठारी भएको भए प्रतीतपत्र, बिल अफ लेडिङ वा एअरवे बिल र प्याकिङ्ग लिष्टको प्रतिलिपि संलग्न गरी भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ । मालवस्तुको प्रकृति अनुसार अन्य कागजात आवश्यक पर्ने देखेमा भन्सार अधिकृतले पैठारीसँग सम्बन्धित अन्य कागजात समेत पैठारीकर्तालाई पेश गर्न लगाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार अधिकृतले सो सम्बन्धमा सम्पूर्ण व्यहोरा र आफ्नो राय समेत उल्लेख गरी महानिर्देशक समक्ष लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम लेखिआएको विषयका सम्बन्धमा महानिर्देशकले जाँचबुझ गर्दा त्यस्तो मालवस्तु फिर्ता लैजान दिने मनासिब देखेमा फिर्ता लैजान आदेश दिने गरी भन्सार अधिकृतलाई अनुमति दिन सक्नेछ । यस्तो अनुमति प्राप्त भएपछि भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई त्यस्तो मालवस्तु *<u>तीस दिनभित्र</u> विदेशस्थित निकासीकर्तालाई फिर्ता पठाउन आदेश दिनेछ ।

(४) उपनियम (३) बमोजिम अनुमति दिँदा त्यस्तो मालवस्तु पैठारी गर्दा भुक्तानी गरेको विदेशी मुद्रा फिर्ता ल्याउने गरी भन्सार अधिकृतले मनासिब अवधि तोकी सम्बन्धित पैठारीकर्तालाई कबुलियत गराउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको अवधिभित्र विदेशी मुद्रा फिर्ता ल्याएको प्रमाण सम्बन्धित भन्सार कार्यालयमा पेश नगरेमा त्यस्तो पैठारीकर्तालाई विदेशी मुद्रा अपचलनमा प्रचलित कानून बमोजिम कारबाही गर्नका लागि भन्सार कार्यालयले सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

२४. <u>सम्बन्धित स्थानमा गई मालवस्तु जाँच गर्ने सम्बन्धी व्यवस्था</u> : *(१) ऐनको दफा ३१ बमोजिम कुनै निकासीकर्ताले निकासी गर्ने मालवस्तु त्यस्तो मालवस्तुको उत्पादनस्थल वा गोदाममा गई जाँच गरिदिन वा कुनै पैठारीकर्ताले पैठारी गरी ल्याएको मालवस्तु भन्सार क्षेत्रभन्दा बाहिर गई जाँच गरिदिन प्रज्ञापनपत्र भरी नियम २१ मा उल्लिखित कागजात संलग्न गरी भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको निवेदन अनुसार निकासी गर्ने मालवस्तु त्यस्तो मालवस्तुको उत्पादनस्थल वा गोदाममा गई जाँच गर्दा वा पैठारी गरी ल्याएको मालवस्तु भन्सार क्षेत्रभन्दा बाहिर गई जाँच गर्दा प्रति कन्साइन्मेन्ट एक हजार रुपैयाँ शुल्क लाग्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

(३) उपनियम (२) बमोजिम निकासी हुने मालवस्तु जाँच गरेपछि जाँच गर्ने कर्मचारीले त्यस्तो मालवस्तु आफ्नै रोहबरमा ढुवानीको साधनमा राख्न लगाई बन्द गरी सील लगाउनु पर्नेछ र मालवस्तु निकासी हुँदाका बखत भन्सार कार्यालयले उक्त सील दुरुस्त छ छैन यकिन गरेर मात्र निकासी गर्न दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम भन्सार क्षेत्रभन्दा बाहिर गई जाँच गर्न खटिएको कर्मचारीले सो प्रयोजनका निमित्त यातायातको साधन प्रयोग गर्नु पर्ने भएमा सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ताले त्यस्तो साधनको व्यवस्था गर्नु पर्नेछ ।

२५. प्रयोगमा नआउने मालवस्तु हटाउने वा नष्ट गर्ने सम्बन्धी व्यवस्था : (१) देहाय बमोजिमका मालवस्तु भन्सार कार्यालयबाट हटाउन वा नष्ट गर्न परेमा भन्सार कार्यालयको प्रमुखले सोको कारण र हटाउने वा नष्ट गर्ने तरिका समेत उल्लेख गरी लिखित निर्णय गर्नु पर्नेछ :-

(क) ऐनको दफा ७ बमोजिम कुनै पैठारीकर्ताले आफूले पैठारी गरी भन्सार कार्यालयबाट नछुटाई नेपाल सरकारको हुने गरी छोडेको प्रयोगमा आउन नसक्ने वा लिलाम बिक्री समेत हुन नसक्ने अवस्थाको मालवस्तु,

(ख) ऐनको दफा ३० बमोजिम विशेष परीक्षण गर्दा स्वास्थ्य वा वातावरणलाई हानि पुऱ्याउने वा प्रतिकूल असर पार्ने देखिई भन्सार अधिकृतले विदेशी मुलुकको सम्बन्धित निकासीकर्तालाई फिर्ता गर्न दिएको आदेश बमोजिम सम्बन्धित पैठारीकर्ताले फिर्ता नपठाएको मालवस्तु,

(ग) लिलाम बिक्री हुन नसकेको वा कुनै किसिमले प्रयोगमा ल्याउन नसकिने अवस्थाको भई ऐनको दफा ५० को उपदफा (९) बमोजिम भन्सार कार्यालयबाट सडाउन, गलाउन वा नष्ट गर्न परेको मालवस्तु ।

(२) उपनियम (१) बमोजिम निर्णय भएपछि जिल्ला प्रशासन कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय वा नजिकको सरकारी कार्यालयमध्ये कुनै दुई वटा कार्यालयका प्रतिनिधि, उपलब्ध भएसम्म स्थानीय उद्योग वाणिज्य सङ्घको प्रतिनिधि र भन्सार अधिकृतको रोहवरमा मुचुल्का खडा गरी सार्वजनिक रुपले त्यस्तो मालवस्तु भन्सार कार्यालयबाट हटाउने वा नष्ट गर्ने कार्य सम्बन्धित भन्सार कार्यालयले गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम त्यस्तो मालवस्तु हटाउने वा नष्ट गर्ने कार्य पूरा भएपछि भन्सार कार्यालयको प्रमुखले सो व्यहोरा प्रमाणित गरी त्यस्तो मालवस्तुलाई कार्यालयको लगतबाट कट्टा गरी सोको जानकारी विभागलाई दिनु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जनस्वास्थ्य वा वातावरणलाई प्रतिकूल असर पर्ने मालवस्तु वा विषादि वा भारी यन्त्र उपकरण वा सवारी साधन नष्ट गर्दा विभागले तोके बमोजिम गर्नु पर्नेछ ।

## परिच्छेद-५

## जाँचपास पछिको परीक्षण सम्बन्धी व्यवस्था

२६. ◆निकासीकर्ता वा पैठारीकर्ताले कागजात सुरक्षित राख्नु पर्ने : ऐनको दफा ३४ बमोजिम जाँचपास पछिको परीक्षण गर्ने प्रयोजनका लागि पैठारीकर्ताले आफूले पैठारी गरेका मालवस्तुसँग सम्बन्धित देहाय बमोजिमका विवरण एवं कागजात तयार गरी त्यस्तो मालवस्तु जाँचपास भएका मितिले चार वर्षसम्म सुरक्षित राख्नु पर्नेछ :-

(क) ◆निकासी वा पैठारी प्रज्ञापनपत्र, महसुल तिरेको रसिद र खरिदखाता,

(ख) बिक्री बीजक तथा बिक्री खाता,

(ग) परिमाण समेत खुलेको मौज्दात विवरण,

(घ) मालवस्तुको ◆निकासी वा पैठारी र बिक्रीसँग सम्बन्धित बैङ्किङ्ग अभिलेख,

(ङ) वासलात तथा नाफा नोक्सान हिसाब र सोसँग सम्बन्धित अन्य विवरण,

(च) आफ्नो कारोबारको विवरण कम्प्युटर प्रणालीमा राखेको भए सो प्रणाली,

(छ) ◆निकासी वा पैठारी, सञ्चय र बिक्रीसँग सम्बन्धित अन्य कागजात र विवरण ।

२७. जाँचपास पछिको परीक्षण सम्बन्धी अन्य व्यवस्था : (१) ऐनको दफा ३४ को उपदफा (२) को प्रयोजनका लागि भन्सार कार्यालयमा ◆निकासीकर्ता वा पैठारीकर्ताले घोषणा गरेको मालवस्तुको मूल्य यथार्थ हो वा होइन भन्ने कुरा निश्चित गर्नका लागि ऐनको दफा १३ मा उल्लेख भए बमोजिमका मूल्याङ्कनका सबै वा कुनै तरिका अवलम्बन गरी त्यस्तो मालवस्तुको मूल्य कायम गर्न सकिनेछ ।

▣(२) ऐनको दफा ३४ को उपदफा (३) को प्रयोजनका लागि निकासी वा पैठारी भएको मालवस्तुको परिमाण यकिन गर्न मौज्दातको भौतिक परीक्षण गर्न सकिनेछ ।

---

◆ नवौं संशोधनद्वारा संशोधित ।
▣ बाह्रौं संशोधनद्वारा संशोधित ।

(३) पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा भन्सार कार्यालयमा घोषणा गरेको मूल्यको सत्यता परीक्षण गर्ने प्रयोजनका लागि निजले पैठारी गरी बिक्री गरेको मालवस्तुको खुद्रा तहसम्मको कारोबारको अभिलेख परीक्षण गर्न सकिनेछ ।

(४) जाँचपास पछिको परीक्षण गर्दा महानिर्देशक वा ◆भन्सार परीक्षकले सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई सम्भव भएसम्म सो परीक्षण गर्ने मिति र समय तोकी अग्रिम सूचना दिनु पर्नेछ ।

२८. कागजात माग गर्न सक्ने : ◆(१) जाँचपास पछिको परीक्षण गर्ने महानिर्देशक वा भन्सार परीक्षकले सो प्रयोजनका लागि आवश्यक देखेमा बैङ्क, वित्तीय संस्था एवं निकासीकर्ता वा पैठारीकर्ताको कारोबारसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायबाट सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ता, निजको कारोबार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैङ्क खाता, नाफा नोक्सानको हिसाब, कर विवरण, बीजक र यस्तै अन्य आवश्यक कागजात पन्ध्र दिनको म्याद दिई माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम माग गरेको कागजात उपलब्ध गराउनु सम्बन्धित बैङ्क वा वित्तीय संस्था वा अन्य निकायको कर्तव्य हुनेछ ।

(४) ⊞.................

परिच्छेद-६

न्यून बीजकीकरण भई पैठारी भएको मालवस्तु खरिद सम्बन्धी व्यवस्था

■२९. न्यून बीजकीकरण भई पैठारी भएको मालवस्तु खरिद गर्ने सम्बन्धी व्यवस्था : ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम मालवस्तु खरिद गर्ने प्रयोजनको लागि नेपाल सरकारले विभागलाई आवश्यक रकम उपलब्ध गराउनेछ ।

■३०. खरिद गरिएको मालवस्तु लिलाम गर्न वा सरकारी प्रयोगमा ल्याउन सकिने : ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम खरिद गरिएको मालवस्तु परिच्छेद-७ बमोजिम लिलाम बिक्री गर्न वा सरकारी प्रयोगमा ल्याउन सकिनेछ ।

■३१. पैठारीकर्तालाई जानकारी दिनु पर्ने : ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम मालवस्तु खरिद गर्नु परेमा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई वा निजको भन्सार एजेन्टलाई त्यसको लिखित सूचना अनुसूची-४ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

---

◆ नवौं संशोधनद्वारा संशोधित ।
⊞ छैठौं संशोधनद्वारा झिकिएको ।
■ सातौं संशोधनद्वारा संशोधित ।

## परिच्छेद-७

## मालवस्तु जफत र लिलाम बिक्री सम्बन्धी व्यवस्था

३२. भन्सार गोदाममा रहेका मालवस्तु छुटाउनु पर्ने : (१) भन्सार गोदाममा रहेको मालवस्तु त्यस्तो गोदाममा दाखिला भएको मितिले ❁साठी दिनभित्र सम्बन्धित मालवस्तु धनीले जाँचपास गराई छुटाउनु पर्नेछ ।

तर कुनै मालवस्तु स्वास्थ्यका लागि हानिकारक, छिटो नाश हुने, भन्सार गोदाममा राखिरहन उपयुक्त नहुने वा स्थानको अभावले गर्दा सो म्यादसम्म राखिरहन नसकिने अवस्थाको भएमा भन्सार कार्यालयको प्रमुखले सो म्याद समाप्त हुनुअगावै पनि त्यस्तो मालवस्तु जाँचपास गराई लैजान मनासिब समय दिई मालवस्तु धनीलाई सूचना दिन सक्नेछ । यस्तो सूचनाको म्यादभित्र मालवस्तु धनीले मालवस्तु जाँचपास गराई नलगेमा भन्सार कार्यालयको प्रमुखले ऐनको दफा ४७ बमोजिमको कारबाही चलाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र जाँचपास गराई नलगेका मालवस्तुको विवरण त्यस्ता मालवस्तु अन्य व्यक्तिबाट सञ्चालित भन्सार गोदाममा रहेका भए त्यस्तो गोदामको सञ्चालकले अविलम्ब सम्बन्धित भन्सार कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको विवरण प्राप्त भएपछि भन्सार कार्यालयको प्रमुखले ऐनको दफा ४७ बमोजिम अविलम्ब कारबाही चलाउनु पर्नेछ ।

३३. लिखित आदेश बिना लिलाम बिक्री गर्न नहुने : भन्सार अधिकृतको लिखित आदेश बिना ऐन बमोजिम जफत भएका वा ऐनको दफा ७४ को उपदफा (२) बमोजिम लिलाम गर्नु पर्ने कुनै पनि मालवस्तु लिलाम बिक्री गर्न हुँदैन ।

३४. न्यूनतम मूल्य कायम गर्नु पर्ने : (१) कुनै मालवस्तु लिलाम बिक्री गर्नु पर्ने भएमा सो प्रयोजनका लागि भन्सार अधिकृतले सो मालवस्तुको न्यूनतम मूल्य कायम गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम न्यूनतम मूल्य कायम गर्दा सवारी साधन, भारी यन्त्र उपकरण र ऐनको ◢दफा ७ को उपदफा (१) बमोजिम नेपाल सरकारको हुने गरी छाडिएका मालवस्तु वा दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम खरिद गरिएको मालवस्तुका हकमा नियम ५४ बमोजिमको समितिले कायम गरेको न्यूनतम मूल्यलाई र सो बाहेक अन्य मालवस्तुको हकमा भन्सार कार्यालयमा मालवस्तु दाखिला हुँदाका बखत उल्लेख भएको मूल्यलाई न्यूनतम मूल्य कायम गर्नु पर्नेछ ।

---

❁ छैठौं संशोधनद्वारा संशोधित ।
◢ छैठौं संशोधनद्वारा थप ।

३५. लिलाम बिक्री गर्ने कार्यविधि : (१) एक लाख रुपैयाँभन्दा बढी न्यूनतम मूल्य भएका सवारी साधन वा भारी यन्त्र उपकरण लिलाम बिक्री गर्न भन्सार कार्यालयले एक्काईस दिनको म्याद दिई देहायका कुराहरु समेत खुलाई राष्ट्रियस्तरका दैनिक पत्रपत्रिकामा सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ :-

(क) सवारी साधन वा ढुवानी साधनको विवरण, इञ्जिन नम्बर, चेसिस नम्बर र उत्पादन वर्ष,

❁(ख) उत्पादन भएको मितिले दश वर्ष नाघेका सवारी साधन वा इञ्जिन नम्बर वा चेसिस नम्बर वा उत्पादन वर्ष नखुलेका वा अधिकांश पार्टपुर्जा झिकिएका वा भौतिक अवस्था कमजोर भई मर्मत तथा सञ्चालन गर्न लागतका दृष्टिकोणले उपयुक्त नदेखिएको सवारी साधनका सम्बन्धमा लिलाम पश्चात् पुनः सवारी साधनका रुपमा दर्ता हुन नसक्ने कुरा,

(ग) न्यूनतम मूल्य,

(घ) बोलपत्र पठाउने तरिका, बोलपत्र बापत लाग्ने दस्तुर, बोलपत्र खोल्ने समय, मिति र स्थान, बोलपत्र साथ आफूले कबुल गरेको अङ्कको दश प्रतिशतले हुने रकम दाखिला गर्नु पर्ने बैङ्क खाताको विवरण र सो खातामा रकम दाखिला गरेको सक्कल भौचर संलग्न हुनु पर्ने कुरा,

(ङ) लिलाम अङ्कमा कुनै कर, शुल्क आदि लाग्ने भए सो कुरा,

(च) लिलाम सकार गरेको मालवस्तु उठाई लैजानु पर्ने अवधि,

(छ) इच्छुक व्यक्तिले लिलाम बिक्री हुने मालवस्तु हेर्न वा अवलोकन गर्न सक्ने स्थान र समय,

(ज) अन्य आवश्यक कुराहरु ।

(२) उपनियम (१) मा उल्लिखित मालवस्तु बाहेक अन्य मालवस्तु लिलाम बिक्री गर्न पन्ध्र दिनको म्याद दिई देहायका कुराहरु समेत खुलाई सम्बन्धित भन्सार कार्यालयको सूचनापाटीमा सूचना प्रकाशन गरी सिलबन्दी दरभाउपत्र वा खुला बोलकबोल आह्वान गर्नु पर्नेछ । त्यस्तो सूचना सम्बन्धित जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, ◆सम्बन्धित गाउँपालिका वा नगरपालिका, कोष तथा लेखा नियन्त्रकको कार्यालय र उद्योग वाणिज्य सङ्घको कार्यालयमा समेत टाँस गर्न पठाउनु पर्नेछ :-

---

❁ छैठौं संशोधनद्वारा संशोधित ।
◆ नवौं संशोधनद्वारा संशोधित ।

(क) उपनियम (१) को खण्ड (क), (ख), (ग), (ङ) (च) (छ) र (ज) मा उल्लिखित कुरा,

(ख) मालवस्तुको विवरण,

(ग) सिलबन्दी दरभाउपत्र आह्वान गरेकोमा त्यस्तो सिलबन्दी दरभाउपत्र पठाउने तरिका, सिलबन्दी दरभाउपत्र बापत लाग्ने दस्तुर, सिलबन्दी दरभाउपत्र खोल्ने स्थान, समय र मिति

(घ) खुला बोलकबोल आह्वान गरेकोमा बोलकबोलद्वारा लिलाम बढाबढ हुने स्थान तथा सुरु र अन्त्य हुने समय र मिति,

(ङ) न्यूनतम मूल्यबाट नै लिलाम बढाबढ सुरु हुने कुरा,

(च) लिलाम सकार गर्न बोलकबोल सुरु गर्नुअघि नै न्यूनतम मूल्यको दश प्रतिशतले हुने रकम नगद धरौटी राख्नु पर्ने कुरा र कबोल अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्ने कुरा ।

(३) उपनियम (१) वा (२) बमोजिम बोलपत्र वा सिलबन्दी दरभाउपत्र माग गर्दा बोलपत्र वा सिलबन्दी दरभाउपत्र खरिद र दाखिला सम्बन्धी कार्य सम्बन्धित भन्सार कार्यालयमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम प्रकाशित सूचना अनुसार बोलपत्र वा दरभाउपत्र पेश गर्ने व्यक्तिले न्यूनतम मूल्यमा नघट्ने गरी आफूले कबोल गरेको रकमको दश प्रतिशतले हुने रकम भन्सार कार्यालयले तोकेको बैङ्क खातामा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ ।

(५) भन्सार कार्यालयमा दाखिला हुन आएका चोरी पैठारी वा चोरी निकासी गरेको मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन स्थानको अभाव वा संरक्षण गर्न नसकिने कारणले सो कार्यालयमा राखिरहन उपयुक्त नदेखिएमा सम्बन्धित भन्सार अधिकृतले नियम ५४ बमोजिमको समितिबाट त्यस्तो साधनको न्यूनतम मूल्य कायम गराई यस परिच्छेदको प्रक्रिया पूरा गरी लिलाम बिक्री गर्न गराउन सक्नेछ ।

३६. लिलाम स्वीकृत गर्ने वा पुन: लिलाम बिक्री गर्ने : (१) नियम ३५ बमोजिम पेश हुन आएको बोलपत्र वा सिलबन्दी दरभाउपत्र सोही सूचनामा उल्लिखित स्थान र समयमा खोली सम्बन्धित भन्सार अधिकृतले कबोल रकमको तुलनात्मक विवरण वा खुला बोलकबोलद्वारा डाँक बढाबढ भएकोमा सोको मुचुल्का तयार गर्नु गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको तुलनात्मक विवरण वा मुचुल्काका आधारमा न्यूनतम मूल्य वा सोभन्दा बढी रकम कबोल गर्ने व्यक्तिको कबोल

अङ्क स्वीकृत गर्नु पर्नेछ । न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने व्यक्ति एकभन्दा बढी भएमा सबैभन्दा बढी अङ्क कबोल गर्नेको कबोल अङ्क स्वीकृत गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कबोल अङ्क स्वीकृत भएपछि लिलाम सकार गर्ने व्यक्तिलाई सात दिनभित्र बाँकी रकम भुक्तानी गरी मालवस्तु उठाई लैजाने सूचना दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको म्यादभित्र बाँकी रकम भुक्तान गरी मालवस्तु उठाई नलगेमा निजको धरौटी जफत गरी न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमश: दोस्रो, तेस्रो वा चौथो घटीवालाको कबोल अङ्क स्वीकृत गर्न सकिनेछ । यसरी घटीवालाको कबोल अङ्क स्वीकृत गर्दा पनि लिलाम बिक्री हुन नसकेमा धरौटी जफत गरी पुन: लिलाम गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम पुन: लिलाम बिक्री गर्नु पर्ने भएमा दोस्रो पटक बोलपत्र, सिलबन्दी दरभाउपत्र वा बोलकबोलको सूचना प्रकाशन गर्दा सात दिनको म्याद दिई सूचना प्रकाशन गर्न सकिनेछ ।

(६) उपनियम (५) बमोजिम दोस्रो पटक सूचना प्रकाशित गर्दा पनि न्यूनतम मूल्यमा कसैले लिलाम सकार गर्न नआएमा नियम ५४ बमोजिमको समितिबाट पुन: मूल्याङ्कन गराई संशोधित न्यूनतम मूल्य कायम गरी नियम ३५ बमोजिम सूचना प्रकाशन गरी लिलाम बढाबढ गराउनु पर्नेछ । यसरी पुन: मूल्याङ्कन गरिएको मूल्यमा पनि लिलाम बढाबढ हुन नसकेमा भन्सार अधिकृतले सम्बन्धित जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रोहवरमा मूल्याङ्कन गरी सिधै बिक्री गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम समेत लिलाम हुन नसकेका मालवस्तुको हकमा महानिर्देशकको स्वीकृति लिई त्यस्तो मालवस्तुको लगत कट्टा गरी नियम २५ बमोजिम नष्ट गर्नु पर्नेछ ।

❁(८) उत्पादन भएको मितिले दश वर्ष नाघेका सवारी साधन वा इञ्जिन नम्बर वा चेसिस नम्बर वा उत्पादन वर्ष नखुलेका वा अधिकांश पार्टपुर्जा झिकिएका वा भौतिक अवस्था कमजोर भई मर्मत तथा सञ्चालन गर्न लागतका दृष्टिकोणले उपयुक्त नदेखिएको सवारी साधन लिलाम गर्दा लिलाम सकार गर्ने व्यक्तिकै खर्चमा पुन: सवारी साधनको रुपमा प्रयोगमा आउन नसक्ने गरी पत्रु बनाई सो व्यहोरा प्रज्ञापनपत्रमा नै उल्लेख गरी लिलाम गर्नु पर्नेछ ।

(९) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जफत भई वा भन्सार कार्यालयबाट छुटाई नलगी नेपाल सरकारको हुन आएको सुन, चाँदी, हिरा, जवाहरात, अमूल्य खनिज पदार्थ वा यसबाट बनेका गहना तथा अन्य वस्तुहरु नेपाल राष्ट्र बैङ्कले खरिद गर्ने भएमा सो बैङ्कमा दाखिला गर्न पठाई

❁ छैठौं संशोधनद्वारा संशोधित ।

प्रचलित मूल्य बमोजिम बिक्री गर्नु पर्नेछ । नेपाल राष्ट्र बैङ्कले खरिद नगरेमा वा आंशिक रुपमा मात्र खरिद गरी बाँकी रहेमा त्यस्ता वस्तुहरु विभागको स्वीकृत लिई यस नियमावली बमोजिम कायम भएको मूल्यका आधारमा एक लाख रुपैयाँसम्म मूल्यको भएमा डाँक बढाबढद्वारा र एक लाख रुपैयाँभन्दा बढी मूल्यको भएमा बोलपत्रको माध्यमद्वारा यस नियमावली बमोजिम लिलाम गर्नु पर्नेछ ।

(१०) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम इजाजत लिएर मात्र बिक्री गर्न पाउने मालवस्तु लिलाम बिक्री गर्दा त्यस्तो इजाजतवाला व्यक्तिलाई मात्र लिलाम बिक्री गर्नु पर्नेछ ।

(११) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेशनल ट्रेडिङ्ग लिमिटेड, साल्ट ट्रेडिङ्ग कर्पोरेशन, साझा भण्डार लि., तारा गाउँ विकास समिति वा सहकारी संस्थाले भन्सारबाट लिलाम बिक्री गरिने मालवस्तु खरिद गर्न चाहेमा यस नियम बमोजिम कायम भएको न्यूनतम मूल्यमा कम नहुने गरी वार्ताद्वारा न्यूनतम मूल्य वा सोभन्दा बढी मूल्यमा भन्सार अधिकृतले सिधै बिक्री गर्न सक्नेछ ।

(१२) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐन बमोजिम कब्जा वा जफत गरिएका वा ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम खरिद गरिएको मालवस्तुमध्ये सड्ने, गल्ने वा पुरानो भई मूल्य घट्न जाने वा उपभोग्य मिति तीन महिनाभन्दा कम भएका मालवस्तु वा गोदाम वा स्थानको अभावले सुरक्षित राख्न नसकिने अवस्थाका मालवस्तु वा जीवजन्तु रहेछ भने भन्सार अधिकृतले कार्यालयको सूचनापाटीमा सूचना टाँस गरी त्यस्तो मालवस्तु आफूकहाँ दाखिला भएको दिन वा भोलिपल्ट लिलाम गर्न सक्नेछ । यस उपनियम बमोजिम मालवस्तु लिलाम गर्दा लिलाम बढाबढमा जे जति अधिकतम मूल्य प्राप्त हुन्छ सोही मूल्यको लिलाम भन्सार अधिकृतले स्वीकृत गर्न सक्नेछ ।

(१३) कुनै भन्सार कार्यालयमा भन्सार अधिकृतको दरबन्दी नै नभएको कारणले यस नियम बमोजिम मालवस्तु लिलाम सम्बन्धी कारबाही गर्न बाधा पुगेमा यस सम्बन्धमा महानिर्देशकले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

📖(१४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि टर्मिनल व्यवस्थापन कम्पनीको स्वामित्वमा रहेका गोदाम वा स्थलहरुमा राखिएको वस्तु वा सामान लिलाम बिक्री गर्दा लिलाम बिक्रीबाट प्राप्त हुने रकमको दश प्रतिशत वा गोदाम भाडा बापतको रकममध्ये जुन कमी हुन्छ सो रकम टर्मिनल व्यवस्थापन कम्पनीलाई फिर्ता गरिनेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनका लागि “भन्सार अधिकृत” भन्नाले राजपत्राङ्कित श्रेणीको भन्सार कार्यालयको प्रमुख वा निजको अनुपस्थितिमा निजको निमित्त भै काम गर्ने निजको मातहतको कर्मचारीलाई जनाउँछ ।

परिच्छेद-८

भन्सार एजेन्ट सम्बन्धी व्यवस्था

*३७. भन्सार एजेन्टको इजाजतपत्र सम्बन्धी व्यवस्था : (१) विभागले समय समयमा सार्वजनिक सूचना प्रकाशन गरी भन्सार एजेन्टको इजाजतपत्र लिन इच्छुक व्यक्तिका लागि दरखास्त माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि भन्सार एजेन्टको इजाजतपत्र लिन चाहने देहायको योग्यता पुगेको व्यक्तिले विभागले तोकेको दस्तुर संलग्न गरी विभाग वा भन्सार कार्यालयमा अनुसूची-५ बमोजिमको ढाँचामा दरखास्त दिन सक्नेछ :-

(क) २१ वर्ष उमेर पुगेको ␦नेपाली नागरिक,

❁(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी कम्तीमा तीन महिनाको आधारभूत तालिम लिएको,

(ग) नेपाल सरकारलाई तिर्न बुझाउन पर्ने रकम बाँकी नभएको,

(घ) कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार प्रमाणित नभएको ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०६५ साल वैशाख १४ गतेसम्म कुनै भन्सार एजेन्टको प्रतिनिधि नियुक्त भई विगत दुई वर्षदेखि भन्सार एजेन्टको प्रतिनिधिको रुपमा काम गरेको व्यक्तिलाई सम्बन्धित भन्सार कार्यालयको प्रमुखले कार्यालयको अभिलेखको आधारमा सो व्यहोरा प्रमाणित गरेमा त्यस्तो व्यक्तिलाई भन्सार एजेन्टको इजाजतपत्रको लागि दरखास्त दिन उपनियम (२) को खण्ड (ख) को योग्यता आवश्यक पर्ने छैन ।

(४) विभागले लिखित परीक्षा तथा अन्तर्वार्ताको माध्यमद्वारा दरखास्तवालामध्येबाट भन्सार एजेन्टको इजाजतपत्र दिन उपयुक्त व्यक्तिहरुको छनोट गर्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

␦ पाँचौं संशोधनद्वारा थप ।

❁ छैठौं संशोधनद्वारा संशोधित ।

(५) उपनियम (४) बमोजिम छनोट भएको व्यक्तिसँग भन्सार एजेन्टको इजाजतपत्र दस्तुर बापत ➲सात हजार रुपैयाँ र धरौटी बापत ➲सात लाख रुपैयाँ नगद वा सो रकम बराबरको बैङ्क जमानत लिई विभागमा दरखास्त दिनेको हकमा विभागले र भन्सार कार्यालयमा दरखास्त दिनेको हकमा सम्बन्धित भन्सार कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भन्सार एजेन्टको इजाजतपत्र दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम दिइएको भन्सार एजेन्टको इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ । यस्तो इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले प्रत्येक आर्थिक वर्षका लागि सो आर्थिक वर्ष सुरु हुनुअगावै नवीकरण दस्तुर बापत ➲सात हजार रुपैयाँ तिरी देहायका कागजात संलग्न गरी त्यस्तो इजाजतपत्र नवीकरण गराउनका लागि इजाजतपत्र दिने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :-

(क) ➲कर चुक्ताको प्रमाणपत्र,

(ख) बैङ्क जमानत राखी भन्सार एजेन्टको इजाजतपत्र लिएको भए त्यस्तो इजाजतपत्र नवीकरण गराउन चाहेको अवधिसम्म म्याद भएको बैङ्क जमानत ।

तर भन्सार एजेन्टको इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले तीन आर्थिक वर्षको निमित्त एकैपटक नवीकरण गराउन चाहेमा तीन आर्थिक वर्षको नवीकरण दस्तुर एकमुष्ठ तिरेर नवीकरण गराउन सक्नेछ ।

(७) उपनियम (६) बमोजिमको म्यादभित्र भन्सार एजेन्टको इजाजतपत्र नवीकरण गराउन नसक्ने इजाजतपत्रवालाले म्याद समाप्त भएको मितिले एक वर्षभित्र ➲सात हजार रुपैयाँ थप दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछ । सो थप म्यादभित्र समेत नवीकरण नगराउने भन्सार एजेन्टको इजाजतपत्र स्वत: रद्द हुनेछ ।

(८) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि भन्सार एजेन्टको इजाजतपत्र नवीकरण नगरेको अवधिमा भन्सार एजेन्टको हैसियतले कुनै काम गर्न पाइने छैन ।

χ(९) भन्सार एजेन्टको इजाजतपत्रवालाले भन्सार कार्यालयमा आफैँ उपस्थित भई काम गर्नु पर्नेछ ।

(१०) ◘..................

---

➲ पाँचौं संशोधनद्वारा संशोधित ।
χ चौधौं संशोधनद्वारा संशोधित ।
◘ चौधौं संशोधनद्वारा झिकिएको ।

(११) ⌦.................

(१२) ◘....................

(१३) ◘...................

(१४) ऐन तथा यस नियमावलीको विपरीत नहुने गरी भन्सार एजेन्टको स्तर, आचारसंहिता, परीक्षा सञ्चालन प्रक्रिया, पाठ्यक्रम र भन्सार एजेन्ट सम्बन्धी अन्य कुराका सम्बन्धमा विभागले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(१५) संवत् २०६४ साल वैशाख १४ गते अघि दिइएको भन्सार एजेन्टको इजाजतपत्र यसै नियमावली बमोजिम दिइएको मानिनेछ ।

(१६) ◘..................

३८. भन्सार एजेन्ट नियुक्त गर्न सक्ने : (१) कुनै निकासीकर्ता वा पैठारीकर्ताले भन्सार कार्यालयमा आफैं उपस्थित भई मालवस्तु जाँचपास गर्न वा भन्सार कार्यालयसँग सम्बन्धित अन्य कार्यहरु गर्न सक्नेछ ।

(२) निकासीकर्ता वा पैठारीकर्ता कुनै सरकारी निकाय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था वा निकाय रहेछ भने त्यस्तो संस्था वा निकायको सञ्चालक समिति वा कार्यकारी प्रमुख वा प्रशासकीय प्रमुखले निर्णय गरी तोकेको सोही संस्था वा निकायको बहालवाला कर्मचारीले भन्सार कार्यालयमा उपस्थित भै मालवस्तु जाँचपास गर्न वा भन्सार कार्यालयसँग सम्बन्धित अन्य कार्य गर्न सक्नेछ ।

✱(३) निकासीकर्ता वा पैठारीकर्ता प्रचलित कानून बमोजिम दर्ता भएको कुनै फर्म, कम्पनी, सङ्गठित संस्था वा निकाय रहेछ भने त्यस्तो फर्म, कम्पनी, सङ्गठित संस्था वा निकायको सञ्चालक वा साझेदार वा कार्यकारी प्रमुख वा प्रशासकीय प्रमुख वा कार्यकारी प्रमुखले तोकेको सो फर्म, कम्पनी, सङ्गठित संस्था वा निकायको $^{\alpha}$कर्मचारीले भन्सार कार्यालयमा उपस्थित भई मालवस्तु जाँचपास गर्न वा भन्सार कार्यालयसँग सम्बन्धित अन्य कार्य गर्न सक्नेछ ।

(४) कुनै निकासीकर्ता वा पैठारीकर्ताले भन्सार एजेन्टमार्फत मालवस्तु जाँचपास गराउन वा भन्सार कार्यालयसँग सम्बन्धित कार्य गराउन चाहेमा भन्सार एजेन्टलाई अनुसूची-७ बमोजिमको ढाँचामा नियुक्तिपत्र दिई भन्सार एजेन्ट नियुक्त गर्न सक्नेछ ।

---

⌦ आठौं संशोधनद्वारा झिकिएको ।
◘ चौथौं संशोधनद्वारा झिकिएको ।
✱ पहिलो संशोधनद्वारा संशोधित ।
α चौथो संशोधनद्धारा संशोधित ।

*(५) उपनियम (४) बमोजिम भन्सार एजेन्ट नियुक्ति गरेकोमा निकासीकर्ता वा पैठारीकर्ताले त्यस्तो नियुक्तिपत्रका साथमा नवीकरण भएको भन्सार एजेन्टको इजाजतपत्र, एजेन्टको नियुक्तिपत्रमा दस्तखत गर्ने व्यक्ति आधिकारिक निकासीकर्ता वा पैठारीकर्ता भएको कुराको पुष्टि गर्ने प्रमाण, फर्म, कम्पनी, सङ्गठित संस्था वा निकायको हकमा दर्ताको प्रमाणपत्र र स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत आफ्नो मालवस्तु निकासी वा पैठारी हुने भन्सार कार्यालयको प्रमुखलाई आफूले नियुक्त गरेको भन्सार एजेन्टमार्फत उपलब्ध गराउनु पर्नेछ । यस्ता प्रमाणपत्रको आधिकारिकता जाँच गर्न आवश्यक देखिएमा भन्सार कार्यालयको प्रमुखले सक्कल प्रमाणपत्र माग गर्न सक्नेछ ।

तर,

(क) कुनै निकासीकर्ता वा पैठारीकर्ताले सोही भन्सार कार्यालयमा सोही भन्सार एजेन्टलाई पुन: नियुक्त गर्नु परेमा यस नियममा उल्लिखित कागजातमध्ये नवीकरण गर्नु नपर्ने प्रकृतिका कागजात पुन: पेश गर्नु पर्ने छैन ।

(ख) निकासीकर्ता वा पैठारीकर्ता प्राकृतिक व्यक्ति भएमा निजले भन्सार एजेन्ट नियुक्तिपत्रका साथमा नवीकरण भएको भन्सार एजेन्टको इजाजतपत्र, नागरिकताको प्रमाणपत्र र स्थायी लेखा नम्बरको प्रमाणपत्र लिने कर्तव्य भएको व्यक्ति भए सो प्रमाणपत्रको प्रमाणित प्रतिलिपि मात्र उपलब्ध गराए पुग्नेछ ।

*(६) उपनियम (५) बमोजिमको नियुक्तिपत्र र सोसाथ संलग्न कागजात सम्बन्धित भन्सार एजेन्टले आफूलाई नियुक्त गर्ने निकासीकर्ता वा पैठारीकर्ताको मालवस्तु निकासी वा पैठारी हुने भन्सार कार्यालयको प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

*(७) उपनियम (६) बमोजिम पेश हुन आएको भन्सार एजेन्टको नियुक्तिपत्र र सो साथ संलग्न कागजात जाँचबुझ गर्दा निकासीकर्ता वा पैठारीकर्ताले नियुक्ति गरेको भन्सार एजेन्टलाई भन्सार सम्बन्धी काम गर्न दिन हुने देखिएमा भन्सार कार्यालयको प्रमुखले सो नियुक्तिपत्रमा भन्सार एजेन्टलाई आवश्यक विवरण भर्न लगाई दस्तखत गराई त्यस्तो नियुक्तिपत्र अभिलेख राखी प्रमाणित गरिदिनु पर्नेछ ।

*(८) उपनियम (६) बमोजिम पेश हुन आएको भन्सार एजेन्टको नियुक्तिपत्र र सोसाथ संलग्न कागजात जाँचबुझ गर्दा निकासीकर्ता वा पैठारीकर्ताले नियुक्त गरेको भन्सार एजेन्टलाई भन्सार सम्बन्धी काम गर्न दिन हुने नदेखिएमा भन्सार कार्यालयको प्रमुखले त्यस्तो नियुक्तिपत्र रद्द गरी सोको

---

* पहिलो संशोधनद्वारा संशोधित ।

लिखित जानकारी सोही भन्सार एजेन्टमार्फत सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई दिनु पर्नेछ ।

📖(९) यो नियमावली प्रारम्भ हुनुअघि नियुक्ति भएको भन्सार एजेन्टले यो नियमावली प्रारम्भ भएको मितिले तीस दिनभित्र उपनियम (५), (६) र (७) बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ । यस्तो प्रक्रिया पूरा नगरेमा निजले भन्सार एजेन्टको रुपमा काम गर्न पाउने छैन ।

३९. भन्सार एजेन्टलाई तालिम दिने : भन्सार एजेन्टको इजाजतपत्र प्राप्त गरी भन्सार एजेन्टको रुपमा सेवा प्रारम्भ गरिनसकेका तथा इजाजतपत्र प्राप्त गरी भन्सार एजेन्टको रुपमा सेवा प्रदान गरिरहेका भन्सार एजेन्टहरुका लागि विभागले समय समयमा आफैँ वा अन्य कुनै संस्था वा निकायमार्फत तालिम प्रदान गर्न सक्नेछ ।

४०. 🗐................

## परिच्छेद-९

## मूल्याङ्कन पुनरावलोकन सम्बन्धी व्यवस्था

४१. मूल्याङ्कन पुनरावलोकनका लागि निवेदन दिन सक्ने : भन्सार अधिकृतले ऐनको दफा १३ बमोजिम गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि मूल्याङ्कन पुनरावलोकन समिति समक्ष अनुसूची-८ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ । यसरी निवेदन दिएकोमा त्यस्तो निवेदनको प्रतिलिपि निवेदन दिएको सात दिनभित्र सम्बन्धित भन्सार कार्यालयमा समेत दिनु पर्नेछ ।

४२. मूल्याङ्कन पुनरावलोकन समितिका अध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार : (१) मूल्याङ्कन पुनरावलोकन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निवेदकले पेश गरेको प्रमाण बुझ्ने,

(ख) भन्सार अधिकृतले गरेको निर्णयलाई सदर गर्ने वा सो निर्णय बदर गरी तत्सम्बन्धमा भन्सार अधिकृतले गर्ने निर्णय आफैँ गर्ने,

(ग) निवेदकबाट थप प्रमाण वा कागजात दाखिला गराउने,

(घ) मालवस्तुको मूल्याङ्कनका लागि आवश्यक पर्ने सूचना सङ्कलन गर्ने ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

🗐 छैठौं संशोधनद्धारा खारेज ।

(२) मूल्याङ्कन पुनरावलोकन समितिले गरेको निर्णयको जानकारी निर्णय भएका मितिले सात दिनभित्र निवेदक, विभाग र सम्बन्धित भन्सार कार्यालयलाई दिनु पर्नेछ ।

(३) मूल्याङ्कन पुनरावलोकन समितिले गरेको काम कारबाहीको मासिक प्रतिवेदन महिना भुक्तान भएको सात दिनभित्र अर्थ मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

४३. मूल्याङ्कन पुनरावलोकन समितिको कार्यविधि : (१) मूल्याङ्कन पुनरावलोकन समितिको अधिकार क्षेत्रको प्रयोग तीनै जना सदस्यले सामूहिक रुपमा गर्नेछन् र बहुमतको राय मूल्याङ्कन पुनरावलोकन समितिको निर्णय मानिनेछ ।

(२) मूल्याङ्कन पुनरावलोकन समितिले मूल्याङ्कन पुनरावलोकनका लागि परेको निवेदनमाथि अन्तिम निर्णय दिँदा अध्यक्ष सहित दुवै जना सदस्यको उपस्थिति आवश्यक पर्नेछ ।

४४. निवेदन किनारा लगाउनु पर्ने अवधि : मूल्याङ्कन पुनरावलोकन समितिले निवेदन दर्ता भएको मितिले नब्बे दिनभित्र त्यस्तो निवेदनको अन्तिम किनारा लगाउनु पर्नेछ ।

✽४५. मूल्याङ्कन पुनरावलोकन समितिका अध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक : मूल्याङ्कन पुनरावलोकन समितिका अध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक अर्थ मन्त्रालयले तोके बमोजिम हुनेछ ।

४६. अर्थ मन्त्रालयले आवश्यक व्यवस्था गर्ने : मूल्याङ्कन पुनरावलोकन समितिको लागि कार्यालय, भौतिक सुविधा र कर्मचारीहरुको व्यवस्था अर्थ मन्त्रालयले गर्नेछ ।

## परिच्छेद-१०

## सुराकी र पुरस्कार सम्बन्धी व्यवस्था

४७. पुरस्कार सम्बन्धी व्यवस्था : ➲(१) कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गर्न लागेमा वा गरेमा त्यसरी चोरी निकासी वा चोरी पैठारी गर्न लागेको सुराकी दिने वा पक्राउ गर्ने व्यक्तिलाई सो मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेको वा गर्न लागेको प्रमाणित हुन आएमा त्यस्तो मालवस्तु लिलाम बिक्री गरी प्राप्त हुन आएको रकमबाट मुद्दाको अन्तिम किनारा भएपछि ✂................ देहाय बमोजिम पुरस्कार दिइनेछ :-

(क) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको सुराकी दिनेलाई ❍पन्ध्र प्रतिशत,

---

✽ छैठौं संशोधनद्वारा संशोधित ।
➲ पाँचौं संशोधनद्वारा संशोधित ।
✂ दशौं संशोधनद्वारा झिकिएको ।
❍ दशौं संशोधनद्वारा संशोधित ।

(ख) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको मालवस्तु मानिस सहित पक्री पेश गर्नेलाई ○तीस प्रतिशत,

▣..................

(ग) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको मालवस्तु मात्र पक्री पेश गर्नेलाई ○बीस प्रतिशत ।

(२) यस नियम बमोजिम कुनै कर्मचारीलाई सुराकी बापतको पुरस्कार दिँदा भन्सार कार्यालयले भुक्तानी गरेको भरपाईका साथमा निजको परिचयपत्रको प्रतिलिपि अनिवार्य रुपमा राख्नु पर्नेछ । सुराकी बापतको पुरस्कार प्राप्त गर्ने व्यक्ति कर्मचारी नभई अन्य व्यक्ति भएमा भरपाईका साथमा निजको परिचय खुल्ने प्रमाणको प्रतिलिपि अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पुरस्कार पाउने व्यक्ति एकभन्दा बढी भएमा यस नियमावली बमोजिम पुरस्कार बापत पाउने रकम दामासाहीले दिइनेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावली विपरीत प्राप्त हुन आएको सुराकीलाई पुरस्कार दिइने छैन ।

स्पष्टीकरण: यस नियमको प्रयोजनका लागि "मालवस्तु लिलाम बिक्री गरी प्राप्त हुन आएको रकम" भन्नाले मालवस्तु लिलाम बिक्री गर्दा लिलामी मूल्यमा प्रचलित कानून बमोजिम जोडिने अन्य कर शुल्क आदि समावेश नभएको मालवस्तुको लिलामी मूल्य वा बिक्री मूल्य बापतको रकमलाई जनाउँछ ।

◢(५) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सुन, चाँदी वा जवाहिरात सम्बन्धी मुद्दामा सुराकी दिने र त्यस्तो मालवस्तु मानिस सहित वा मानिस बाहेक पक्री पेश गर्ने व्यक्तिलाई पुरस्कार दिँदा त्यस्तो मालवस्तु लिलाम वा बिक्रीबाट प्राप्त भएको रकमको दश प्रतिशत ◻.............. रकम पुरस्कार दिइनेछ ।

४८. सुराकी प्रतिवेदन वा सूचना सम्बन्धी व्यवस्था : (१) चोरी निकासी वा चोरी पैठारीको सुराकी सम्बन्धी प्रतिवेदन वा सूचना मालवस्तु पक्राउ पर्नुअगावै प्राप्त भएको हुनु पर्नेछ । मालवस्तु पक्राउ भैसकेपछि प्राप्त हुने सुराकी प्रतिवेदन वा सूचनालाई मान्यता दिइने छैन ।

(२) सुराकी प्रतिवेदन वा सूचना सम्बन्धित भन्सार कार्यालयको प्रमुख वा महानिर्देशकलाई दिनु पर्नेछ ।

---

○ दशौं संशोधनद्वारा संशोधित ।
▣ छैठौं संशोधनद्वारा झिकिएको ।
◢ छैठौं संशोधनद्वारा थप भई सातौं संशोधनद्वारा संशोधित ।
◻ चौधौं संशोधनद्वारा झिकिएको ।

❁(३) उपनियम (२) बमोजिम सुराकी प्रतिवेदन वा सूचना प्राप्त हुन आएमा महानिर्देशकले तत्काल सम्बन्धित भन्सार कार्यालयको प्रमुखलाई मौखिक वा लिखित रुपमा जानकारी दिनु पर्नेछ । भन्सार कार्यालयको प्रमुखले आफूले प्राप्त गरेको वा महानिर्देशकबाट प्राप्त गरेको सुराकीको प्रतिवेदन वा सूचना गोप्य रुपमा दर्ता गरी राख्नु पर्नेछ ।

(४) ...................

(५) मालवस्तु पक्राउ पर्नु अगावै एउटै विषयमा दुई वा दुईभन्दा बढी सुराकी प्रतिवेदन वा सूचना प्राप्त भएमा पहिले प्राप्त भएको प्रतिवेदन वा सूचनालाई मान्यता दिई त्यसपछि प्राप्त सूचनालाई भन्सार कार्यालयको प्रमुखले कैफियत जनाई राखिदिनु पर्नेछ ।

❁(६) सुराकी दिने व्यक्तिले आफ्नो वास्तविक नाम नदिई कुनै काल्पनिक नामबाट पनि सुराकी दिन सक्नेछ । त्यस्तो काल्पनिक नामबाट सुराकी दिएको अवस्थामा त्यस्तो सुराकीको वास्तविक नाम एवं निजको स्पष्ट पहिचान हुने प्रमाणहरु (नागरिकताको प्रमाणपत्र वा परिचयपत्र वा राहदानी) को प्रतिलिपि सुराकीले भन्सार कार्यालयको प्रमुखलाई तुरुन्तै उपलब्ध गराउनु पर्नेछ । भन्सार कार्यालयको प्रमुखले त्यस्तो विवरण प्रमाणित गरी गोप्य राख्नु पर्नेछ ।

❁४९. सुराकी दिँदा खुलाउनु पर्ने विवरण : (१) हवाईजहाजबाट हुने चोरी निकासी वा चोरी पैठारीको सुराकी दिँदा हवाईजहाजको उडान नं. तथा चोरी निकासी वा चोरी पैठारी गर्ने व्यक्तिको सम्भव भएसम्म नाम वा राहदानी नम्बर वा हुलिया र चोरी पैठारी वा चोरी निकासी हुन लागेको मालवस्तुको नाम एवं लुकाई छिपाई ल्याउने वा लैजाने तरिका समेत खुलाउनु पर्नेछ ।

(२) स्थलमार्गबाट हुने चोरी निकासी वा चोरी पैठारीको सम्बन्धमा चोरी पैठारी हुन लागेको मालवस्तुको नाम, चोरी पैठारी हुन लागेको स्थान र समय, सवारी साधनको किसिम र नम्बर, लुकाई छिपाई ल्याउने वा लैजाने तरिका एवं चोरी पैठारी वा चोरी निकासी गर्ने व्यक्तिको सम्भव भएसम्म नाम वा हुलिया समेत खुलाउनु पर्नेछ ।

## परिच्छेद-११

## विलम्ब शुल्क (डेमरेज) सम्बन्धी व्यवस्था

५०. विलम्ब शुल्क (डेमरेज) सम्बन्धी व्यवस्था : (१) भन्सार कार्यालयले सञ्चालन गरेको भन्सार गोदाममा मालवस्तु दाखिला भएका मितिले सात दिनसम्म विलम्ब शुल्क (डेमरेज) लाग्ने छैन ।

---

❁ छैठौं संशोधनद्वारा संशोधित ।

छैठौं संशोधनद्वारा झिकिएको ।

(२) उपनियम (१) मा तोकिएको अवधिभित्र मालवस्तु जाँचपास गराई नलगेमा आठौं दिनदेखि मालवस्तुको भन्सार मूल्यभन्दा बढी नहुने गरी अनुसूची-९ बमोजिमको दरले विलम्ब शुल्क (डेमरेज) लाग्नेछ ।

५१. विलम्ब शुल्क (डेमरेज) मिनाहा दिने सम्बन्धी कार्यविधि : (१) नियम ५० बमोजिम लागेको विलम्ब शुल्क (डेमरेज) कुनै खास परिस्थिति वा अवस्था सिर्जना भएको कारणले मिनाहा पाउनु पर्ने भनी मालवस्तु धनीले स्पष्ट कारण खोली आफूसँग भएका आधार प्रमाण समेत संलग्न गरी भन्सार कार्यालयको प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार कार्यालयको प्रमुखले आवश्यक जाँचबुझ गरी आंशिक वा पूर्णरुपमा मिनाहा दिनु पर्ने देखिएमा मिनाहा दिनु पर्ने स्पष्ट कारण खोली लिखित निर्णय गरी उपनियम (३) र (६) का अधीनमा रही मिनाहा दिन सक्नेछ ।

(३) यस नियम बमोजिम विलम्ब शुल्क (डेमरेज) मिनाहा दिँदा देहायको अधिकारीले देहाय बमोजिमको रकमसम्म मिनाहा गर्न सक्नेछः-

(क) राजपत्र अनङ्कित कर्मचारी कार्यालय प्रमुख हुने भन्सार कार्यालयको प्रमुखले पच्चीस हजार रुपैयाँसम्म,

(ख) राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख हुने भन्सार कार्यालयको प्रमुखले एक लाख रुपैयाँसम्म,

(ग) राजपत्राङ्कित प्रथम वा द्वितीय श्रेणीको कार्यालय प्रमुख हुने भन्सार कार्यालयको प्रमुखले तीन लाख रुपैयाँसम्म ।

(४) उपनियम (३) बमोजिम भन्सार कार्यालयको प्रमुखले आफैंले मिनाहा दिन सक्ने हदभन्दा बढी रकम मिनाहा दिनु पर्ने अवस्था देखिएमा भन्सार कार्यालयको प्रमुखले मिनाहा दिने सम्बन्धमा आफ्नो स्पष्ट राय उल्लेख गरी उपनियम (१) बमोजिमको निवेदन समेतका कागजात संलग्न गरी महानिर्देशक समक्ष पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम आफू समक्ष प्राप्त हुन आएका कागजात उपर जाँचबुझ गर्दा मिनाहा दिनु पर्ने देखिएमा महानिर्देशकले सम्बन्धित कार्यालय प्रमुखलाई त्यस्तो रकम पूर्ण वा आंशिक रुपमा मिनाहा दिन स्वीकृति दिन सक्नेछ ।

(६) उपनियम (४) बमोजिम महानिर्देशकको स्वीकृति प्राप्त भएपछि सम्बन्धित कार्यालय प्रमुखले स्वीकृति प्राप्त भए बमोजिमको रकम मिनाहा दिन सक्नेछ ।

## परिच्छेद-१२

## सूचना तथा म्याद जारी गर्ने सम्बन्धी व्यवस्था

५२. म्याद जारी गर्ने कार्यविधि : (१) ऐन अन्तर्गतको कसूरको सिलसिलामा भन्सार अधिकृत वा निजले अधिकार प्रदान गरेको भन्सार कार्यालयको अन्य अधिकृतले

सम्बन्धित व्यक्तिका नाममा ऐनको दफा ८१ को उपदफा (१) बमोजिम सुरु म्याद जारी गर्दा बाटोको म्याद बाहेक पन्ध्र दिनको अवधि तोकी अनुसूची-१० बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जारी भएको म्याद तामेल गर्दा सम्बन्धित व्यक्ति वा निजका एकाघर परिवारका उमेर पुगेका कुनै सदस्यलाई बुझाई तामेल गर्नु पर्नेछ । सम्बन्धित व्यक्ति वा निजको एकाघर परिवारको उमेर पुगेको कुनै सदस्य फेला नपरेमा वा फेला परे पनि म्याद बुझिलिन इन्कार गरेमा सोही व्यहोरा जनाई स्थानीय दुई जना व्यक्तिलाई रोहवरमा राखी सम्बन्धित व्यक्तिको घर वा डेराको ढोकामा म्याद टाँस गरिदिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम जारी भएको म्याद तामेल गर्न जाने कर्मचारीले सम्बन्धित व्यक्तिको घर डेरा पत्ता नलागेमा सोही व्यहोरा जनाई सम्बन्धित स्थानीय निकायको कुनै सदस्य वा प्रतिनिधि वा कुनै दुई जना स्थानीय व्यक्तिलाई रोहवरमा राखी त्यस्तो म्याद ∇गाउँपालिकाको हकमा सम्बन्धित ∇गाउँपालिकाको कार्यालयमा र नगरपालिकाको हकमा सम्बन्धित व्यक्तिको घर वा डेरा भएको वडाको वडा कार्यालयमा र त्यस्तो वडा कार्यालय नभएको अवस्थामा सार्वजनिक स्थानमा टाँस गर्नु पर्नेछ र सो बमोजिम म्याद टाँस भएपछि त्यस्तो म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(४) कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाको नाममा जारी भएको म्याद तामेल गर्दा त्यस्तो फर्म, कम्पनी वा सङ्गठित संस्थाको सञ्चालक वा व्यवस्थापक वा त्यस्तो संस्थाको प्रमुख व्यक्ति वा त्यस्तो सङ्गठित संस्थाको अधिकारप्राप्त अधिकारीलाई म्याद बुझाइदिनु पर्नेछ । त्यस्तो व्यक्ति फेला नपरेमा वा फेला परे पनि म्याद बुझिलिन इन्कार गरेमा सोही व्यहोरा जनाई स्थानीय दुई जना व्यक्तिलाई रोहवरमा राखी त्यस्तो सङ्गठित संस्थाको कार्यालयको ढोकामा म्याद टाँस गरिदिनु पर्नेछ र यसरी टाँस भएपछि त्यस्तो म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको नाममा जारी भएको म्याद तामेल गर्दा त्यस्तो व्यक्तिको ठेगानामा हुलाकमार्फत रजिष्ट्रि गरी पठाएमा वा त्यस्तो व्यक्तिको टेलीफ्याक्समा वा विद्युतीय ठेगानामा पठाएमा त्यस्तो म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(६) उपनियम (२), (३) वा (४) बमोजिम म्याद तामेल गर्न जाने कर्मचारीले बाटोको म्याद बाहेक तीन दिनभित्र म्याद तामेल गर्नु पर्नेछ ।

(७) उपनियम (२), (३), (४) वा (५) बमोजिम म्याद तामेल हुन नसकेको प्रतिवेदन पर्न आएमा सो म्याद रेडियो, टेलिभिजन, विभाग वा

---

∇ एघारौं संशोधनद्वारा संशोधित ।

सम्बन्धित भन्सार कार्यालयको वेबसाइट जस्ता विद्युतीय सञ्चार माध्यममा प्रसारण वा प्रकाशन वा राष्ट्रियस्तरको कुनै दैनिक पत्रपत्रिकामा प्रकाशन गरेर म्याद तामेल गर्न सकिनेछ । त्यसरी सूचना प्रसारण वा प्रकाशन भएको अवस्थामा त्यस्तो सूचना प्रकाशन भएका मितिले पाँचौं दिनपछि सम्बन्धित व्यक्तिको नाममा यस नियमावली बमोजिम रीतपूर्वक म्याद तामेल भएको मानिनेछ ।

(८) उपनियम (७) बमोजिम म्याद तामेल गर्दा लागेको खर्च भन्सार कार्यालयले सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरी लिनेछ ।

५३. सूचना जारी गर्ने कार्यविधि : ऐनको दफा ८२ बमोजिम भन्सार कार्यालयको काम कारबाहीसँग सरोकार भएको वा हुन सक्ने व्यक्तिका नाममा सूचना जारी गर्दा बाटाको म्याद बाहेक ✽पन्ध्र दिनको म्याद दिई नियम ५२ को उपनियम (२), (३), (४), (५), (६) र (७) बमोजिम जारी गर्नु पर्नेछ ।

तर यस नियम बमोजिम जारी भएको सूचनाका सम्बन्धमा नियम ५२ को उपनियम (८) लागू हुने छैन ।

🕮५३क. हक दाबीको सूचना प्रकाशन गर्नु पर्ने : (१) ऐनको दफा ४६ बमोजिम दाखिला भएको मालवस्तुको धनी पत्ता नलागेको अवस्थामा त्यस्तो मालवस्तु जफत गर्नुअघि भन्सार अधिकृतले त्यस्तो मालवस्तुमा कसैको हक लाग्ने भए आफ्नो दाबी प्रस्तुत गर्न बाटाको म्याद बाहेक ■पन्ध्र दिनभित्र प्रमाण सहित उपस्थित हुन सम्बन्धित भन्सार कार्यालयको सूचनापाटीमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना सम्बन्धित जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, ○सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय र उद्योग वाणिज्य सङ्घको कार्यालयमा समेत टाँस गर्न पठाउनु पर्नेछ ।

## परिच्छेद-१३

## विविध

५४. मूल्याङ्कन समितिको व्यवस्था : (१) भन्सार कार्यालयमा दाखिला भएका सवारी तथा ढुवानीका साधन, यस नियमावली बमोजिम लिलाम बिक्री गर्नु पर्ने मालवस्तु तथा ऐनको दफा ७१ को उपदफा (३) बमोजिमको मालवस्तुको मूल्याङ्कन गर्ने प्रयोजनका निमित्त देहाय बमोजिमको एक मूल्याङ्कन समिति रहनेछ :-

---

✽ छैठौं संशोधनद्वारा संशोधित ।
🕮 पहिलो संशोधनद्वारा थप ।
■ सातौं संशोधनद्वारा संशोधित ।
○ दशौं संशोधनद्वारा संशोधित ।

| | | |
|---|---|---|
| (क) | भन्सार कार्यालयको प्रमुख वा निजको अनुपस्थितिमा निजको कार्य गर्ने गरी तोकिएको व्यक्ति | - संयोजक |
| (ख) | सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | - सदस्य |
| (ग) | सम्बन्धित उद्योग वाणिज्य सङ्घको प्रतिनिधि | - सदस्य |
| (घ) | सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि | -सदस्य |
| (ङ) | सवारी र ढुवानी साधनको हकमा मेकानिकल प्राविधिक | -सदस्य |

(२) उपनियम (१) बमोजिमको समितिले मालवस्तुको मूल्य कायम गर्दा मालवस्तुको भौतिक अवस्था, स्थानीय माग, उपयोगिता, प्रयोग गर्न सकिने अवधि, ह्रासकट्टी, अवशेष मूल्य र बजार मूल्य समेत विचार गर्नु पर्नेछ । ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम खरिद गरिएको मालवस्तुको मूल्य कायम गर्दा सो मालवस्तु खरिद गर्दा भुक्तानी गरिएको मूल्य, सो मालवस्तु पैठारी गर्दा लाग्ने भन्सार महसुल र सो मालवस्तुको बजार मूल्य समेत विचार गरी मूल्य कायम गर्नु पर्नेछ ।

❖(२क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भन्सार कार्यालयमा दाखिला भएको यस नियम बमोजिम लिलाम बिक्री गर्नु पर्ने सवारी र ढुवानीका साधन बाहेक χएक लाख पचास हजार रुपैयाँको मूल्यसम्मका मालवस्तुहरु लिलाम बिक्री गर्ने प्रयोजनको निमित्त उपनियम (२) बमोजिमको मूल्य कायम गर्ने सर्तहरुको अधीनमा रही भन्सार अधिकृतले सिधै मूल्य कायम गर्न सक्नेछ । भन्सार कार्यालयमा लिलाम प्रयोजनका निमित्त मालवस्तु दाखिला हुँदा उल्लेख भएको प्रतिवेदन मूल्य अस्वाभाविक रुपमा बढी भएको भन्सार अधिकृतलाई लागेमा उपनियम (१) बमोजिमको मूल्याङ्कन समितिबाट सुरुको अवस्थामा नै मूल्य कायम गरी सो मालवस्तुको लिलाम बिक्री गरिनेछ ।

(३) उपनियम (१) बमोजिमको मूल्याङ्कन समितिले आवश्यक ठानेमा अन्य व्यक्तिलाई समेत समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिमको समितिको बैठकमा संयोजक र अन्य दुई जना सदस्यको उपस्थिति भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ र बहुमतको निर्णय मान्य हुनेछ ।

❖ चौथो संशोधनद्वारा थप ।
χ चौधौं संशोधनद्वारा संशोधित ।

(५) यस नियम बमोजिम समितिको बैठकमा सहभागी हुने व्यक्तिलाई अर्थ मन्त्रालयले तोके बमोजिम बैठक भत्ता उपलब्ध गराइनेछ ।

५५. धरौटी रकम फिर्ता दिने प्रक्रिया : (१) ऐन तथा यस नियमावली बमोजिम कुनै व्यक्तिले भन्सार कार्यालयमा राखेको धरौटी फिर्ता लिनका लागि त्यस्तो धरौटीको प्रयोजन समाप्त भएको एक वर्षभित्र धरौटी फिर्ता पाउनु पर्ने कारण र फिर्ता पाउनु पर्ने रकम समेत उल्लेख गरी भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ । यस्तो निवेदनका साथमा भन्सार कार्यालयमा धरौटी राखेको निस्सा र धरौटी फिर्ता हुनु पर्ने कुनै आधार प्रमाण भए सो समेत संलग्न गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार अधिकृतले सात दिनभित्र निवेदकको माग बमोजिम धरौटी रकम फिर्ता दिनु पर्ने हो होइन भन्ने निर्णय गरी धरौटी फिर्ता दिनु पर्ने देखिएमा निर्णय भएका मितिले तीन दिनभित्र फिर्ता दिनु पर्नेछ । यदि धरौटी रकम फिर्ता दिनु पर्ने नभएमा निवेदकलाई कारण सहितको लिखित जानकारी दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको म्यादभित्र फिर्ताको लागि निवेदन नपरेका धरौटी रकमको फेहरिस्त तयार गरी भन्सार अधिकृतले निर्णय गरेर पछि प्रमाण पुऱ्याई फिर्ता माग्न आएमा फिर्ता दिने गरी प्रत्येक आर्थिक वर्षको अन्त्यमा त्यस्तो धरौटी रकम राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

५६. मालवस्तुको क्षतिपूर्ति : (१) ऐनको दफा ६९ बमोजिमको क्षतिपूर्ति माग गर्ने मालवस्तु धनीले त्यस्तो क्षतिपूर्ति प्राप्त गर्नका लागि भन्सार कार्यालय वा गोदाम सञ्चालन गर्ने व्यक्ति समक्ष आफूले क्षतिपूर्ति पाउनु पर्ने स्पष्ट कारण खुलाई आधार प्रमाण समेत संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी क्षतिपूर्ति दिनु पर्ने देखिएमा लिखित निर्णय गरी जुन मालवस्तुका सम्बन्धमा क्षतिपूर्ति माग गरिएको हो सो मालवस्तुको बीजकमा उल्लिखित मूल्यमा पाँच प्रतिशत थप गरी हुन आउने रकम क्षतिपूर्ति स्वरुप मालवस्तु धनीलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) पैठारी गर्ने उद्देश्यले अन्य व्यक्तिबाट सञ्चालित भन्सार गोदाममा राखिएका मालवस्तुका सम्बन्धमा उपनियम (२) बमोजिम गोदाम सञ्चालन गर्ने व्यक्तिले क्षतिपूर्ति उपलब्ध गराएको अवस्थामा त्यस्तो मालवस्तु पैठारी गर्दा लाग्ने भन्सार महसुल बराबरको रकम गोदाम सञ्चालकले उपनियम (२) बमोजिम क्षतिपूर्ति उपलब्ध गराएका मितिले सात दिनभित्र सम्बन्धित भन्सार कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

५७. जरिबाना वा छुट रकम असुल गर्ने सम्बन्धी कार्यविधि : (१) भन्सार कार्यालयमा निकासीकर्ता वा पैठारीकर्ताले तिर्नु बुझाउनु पर्ने महसुल गणितीय

भूलबाट वा वस्तु वर्गीकरण शीर्षक वा उपशीर्षक फरक परेर वा अन्य कुनै कारणले छुट भएको पछि देखिएमा वा निजले बुझाउनु पर्ने कुनै जरिबानाको रकम बुझाउन बाँकी भएमा भन्सार अधिकृतले त्यस्तो जानकारी पाएपछि जरिबाना वा छुट भएको महसुल दाखिला गर्न सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ता वा निजको भन्सार एजेन्टलाई अविलम्ब लिखित सूचना दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त गर्ने व्यक्तिले यस्तो सूचना पाएको पन्ध्र दिनभित्र त्यस्तो रकम भन्सार कार्यालयमा बुझाउनु पर्नेछ । त्यस्तो रकम तिर्न बुझाउन नपर्ने वा पहिले नै बुझाइसकेको भए सोही व्यहोराको जानकारी र सोको वस्तुगत आधार प्रमाण समेत सूचना पाएको पन्ध्र दिनभित्र भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम रकम तिर्न बुझाउन नपर्ने वा पहिले नै बुझाइसकेको जानकारी प्रमाण सहित प्राप्त भएमा भन्सार अधिकृतले जाँचबुझ गरी व्यहोरा सत्य भएमा त्यस्तो रकम तिर्न नपर्ने जानकारी निवेदकलाई गराउनेछ र निवेदकको व्यहोरा र प्राप्त प्रमाण मनासिब नभएमा उक्त रकम दाखिला गर्न पुन: सात दिनको म्याद दिई सूचना गर्नु पर्नेछ । यस्तो सूचना पाए पछि सम्बन्धित व्यक्तिले म्यादभित्र त्यस्तो रकम दाखिला गर्नु पर्नेछ । यसरी छुट भएको महसुल म्यादभित्र नबुझाउने व्यक्तिको जुनसुकै भन्सार कार्यालयबाट हुने कारोबार रोक्का गर्न वा जुनसुकै सरकारी कार्यालयमा रहेको निजको सम्पत्तिबाट असुल उपर गर्न सकिनेछ ।

*(४) जरिबाना वा छुट महसुल बुझाउन यस नियम बमोजिम सम्बन्धित भन्सार एजेन्टलाई सूचना गरेकोमा निजले सो सूचना तुरुन्तै सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई उपलब्ध गराई निर्धारित म्यादभित्र त्यस्तो महसुल रकम दाखिला गर्नु गराउनु र त्यस्तो जरिबाना वा छुट महसुल असुल गर्ने प्रयोजनका लागि आवश्यक परेमा सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई भन्सार कार्यालयमा उपस्थित गराउन सहयोग गर्नु सो भन्सार एजेन्टको कर्तव्य हुनेछ ।

(५) *उपनियम (३) बमोजिम जरिबाना वा छुट महसुल असुल हुन नसकेमा त्यस्तो बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(६) कुनै निकासीकर्ता वा पैठारीकर्ताबाट छुट महसुल असुल गर्न बाँकी रहेकोमा यस नियम बमोजिम म्यादभित्र दाखिल नगरेको तथ्य जानकारी हुँदाहुँदै भन्सार कार्यालयको प्रमुखको आदेश बिना निजको मालवस्तु जाँचपास गर्ने भन्सार कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय सजाय हुनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

५८. <u>बढी असुली भएको भन्सार महसुल वा जरिबाना फिर्ता दिइने</u> : (१) कुनै निकासीकर्ता वा पैठारीकर्ताले मालवस्तु निकासी वा पैठारी गर्दा प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने भन्दा बढी भन्सार महसुल वा जरिबाना असुल भएको रहेछ भने त्यसरी बढी असुल भएको रकम फिर्ता पाउन सम्बन्धित भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी फिर्ता दिनु पर्ने ठहऱ्याए जति रकम फिर्ता दिनु पर्ने स्पष्ट कारण खोली लिखित निर्णय गरी त्यसरी बढी असुल भएको रकम सम्बन्धित व्यक्तिलाई निवेदन प्राप्त भएका मितिले पन्ध्र दिनभित्र फिर्ता दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम रकम फिर्ता दिएकोमा फिर्ता दिनुको कारण सहित सोको जानकारी तुरुन्त महानिर्देशकलाई दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा निवेदकको माग बमोजिमको रकम निजलाई फिर्ता दिनु पर्ने नदेखिएमा निवेदकलाई निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र सोको लिखित जानकारी दिनु पर्नेछ ।

५९. <u>सरोकारवाला व्यक्तिलाई कागजातको प्रतिलिपि दिने सम्बन्धी कार्यविधि</u> : (१) भन्सार कार्यालयमा भएका कुनै कागजातको सरोकारवाला व्यक्तिले भन्सार अधिकृत समक्ष निवेदन दिई प्रतिलिपि माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा आफूले माग गरेको कागजातको स्पष्ट पहिचान हुने विवरण र सो कागजात कुन प्रयोजनका लागि आवश्यक परेको हो र आफू कसरी सरोकारवाला व्यक्ति हो भन्ने आधार समेत निवेदकले खुलाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त हुन आएपछि भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी निवेदनको व्यहोरा मनासिब देखेमा निवेदन आफू समक्ष प्राप्त भएको तीन दिनभित्र त्यस्तो कागजातको प्रतिलिपि तयार गर्न लगाई उपनियम (४) बमोजिम दस्तुर लिई निवेदकलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम कागजातको प्रतिलिपि दिँदा एक पृष्ठको पाँच रुपैयाँ दस्तुर लाग्नेछ । यस्तो रकम भन्सार अधिकृतले सम्बन्धित व्यक्तिबाट असुल गरी राजस्व खातामा आम्दानी बाँध्न वा सो रकम बराबरको हुलाक टिकट टाँस्न लगाई सोमा भन्सार कार्यालयको छाप लगाइदिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम दस्तुर लिँदा नगद असुल गरी आम्दानी बाँधेको वा टिकट रद्द गरेको व्यहोरा निवेदकलाई उपलब्ध गराउने कागजातमा उल्लेख गर्नु पर्नेछ ।

६०. <u>पैठारी भएको मालवस्तुको प्रमाणपत्र दिने सम्बन्धी कार्यविधि</u> : (१) विदेशमा बिक्री कर वा अन्य कुनै कर लाग्ने मालवस्तु पैठारी गर्ने व्यक्तिले त्यसरी पैठारी

गरेको प्रमाणपत्र लिनको लागि सम्बन्धित भन्सार कार्यालयमा पैठारी गरेको प्रमाण समेत संलग्न गरी दरखास्त दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो मालवस्तु पैठारी भएको पाइएमा अनुसूची-११ बमोजिमको ढाँचामा निवेदकलाई प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रमाणपत्र दिँदा प्रति प्रमाणपत्रको पाँच रुपैयाँ दस्तुर लाग्नेछ । यस्तो रकम भन्सार अधिकृतले सम्बन्धित व्यक्तिबाट असुल गरी राजस्व खातामा आम्दानी बाँधन वा सो रकम बराबरको हुलाक टिकट टाँस्न लगाई सोमा भन्सार कार्यालयको छाप लगाइदिन सक्नेछ ।

(४) यस नियम बमोजिम प्रमाणपत्र माग गर्ने व्यक्तिले जुन मालवस्तुका लागि प्रमाणपत्र माग गरेको हो सो मालवस्तु पैठारी भएका मितिले पन्ध्र दिनभित्र दरखास्त नदिएमा त्यस्तो प्रमाणपत्र दिइने छैन । एउटै बीजकबाट पैठारी हुने मालवस्तु एकै पटक पैठारी नभई पटक पटक गरी पैठारी भएकोमा अन्तिम पटक पैठारी भएको मितिलाई नै पैठारी भएको मिति मानिनेछ ।

🕮६०क. निजी प्रयोगका वा ○यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचना अन्तर्गत ल्याउन पाउने मालवस्तुका सम्बन्धमा विशेष व्यवस्था : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पैठारीकर्ताले आफ्नो निजी प्रयोगका मालवस्तु पैठारी गर्दा वा कुनै यात्रुले आफ्नो ○यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचना अन्तर्गत ल्याउन पाउने मालवस्तु पैठारी गर्दा अनुसूची-१०क. बमोजिमको ढाँचामा संक्षिप्त प्रज्ञापनपत्र भरी त्यस्तो मालवस्तु ल्याउन पाउनेछ ।

🗐६१. ................

६२. छोटी भन्सार कार्यालयबाट निकासी वा पैठारी गर्न सकिने : ○(१) छोटी भन्सार कार्यालयबाट देहाय बमोजिमका मालवस्तु निकासी वा पैठारी गर्न सकिनेछ :-

(क) निकासीतर्फ अप्रशोधित कृषि उत्पादन तथा नेपालका स्थानीय प्राकृतिक उत्पादन,

(ख) पैठारीतर्फ अनुसूची-१२ मा उल्लिखित छोटी भन्सार कार्यालयबाट जतिसुकै मूल्यका मालवस्तु,

(ग) पैठारीतर्फ अनुसूची-१३ मा उल्लिखित छोटी भन्सार कार्यालयबाट पच्चीस हजार रुपैयाँसम्मका मालवस्तु,

---

🕮 पहिलो संशोधनद्वारा थप ।
○ दशौं संशोधनद्वारा संशोधित ।
🗐 छैठौं संशोधनद्धारा खारेज ।

(घ) पैठारीतर्फ खण्ड (ख) र (ग) मा उल्लिखित छोटी भन्सार कार्यालय बाहेकका अन्य छोटी भन्सार कार्यालयबाट दश हजार रुपैयाँसम्मका मालवस्तु ।

⊛(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि छोटी भन्सार कार्यालयबाट महानिर्देशकको स्वीकृति लिई पैठारी गर्ने बाहेक कुनै पनि प्रकारका यन्त्रचालित सवारी साधनको स्थायी वा अस्थायी रूपमा पैठारी गर्न पाइने छैन ।

(२) यस नियम बमोजिम मालवस्तु निकासी वा पैठारी गर्दा सीमावर्ती विदेशी मुलुक बाहेक अन्य विदेशी मुलुकमा निकासी गर्न वा सीमावर्ती विदेशी मुलुक बाहेक अन्य विदेशी मुलुकबाट पैठारी गर्न सकिने छैन ।

(३) छोटी भन्सार कार्यालयबाट हुने निकासी वा पैठारीलाई व्यवस्थित गर्न महानिर्देशकले कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

६३. निजी क्षेत्रले भन्सार गोदाम सञ्चालन गर्न सक्ने : (१) नेपाल सरकारको स्वीकृति लिई कुनै व्यक्तिले निकासी वा पैठारी गरिने मालवस्तु राख्नको लागि भन्सार कार्यालयमा भन्सार गोदाम बनाई सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गोदाम सञ्चालन गर्ने व्यक्तिले त्यस्तो गोदाममा मालवस्तु राख्ने मालवस्तु धनीबाट नेपाल सरकारको पूर्व स्वीकृति लिई निर्धारण गरिए बमोजिम भाडा असुल गर्न सक्नेछन् ।

६४. निजी क्षेत्रले सञ्चालन गरेको भन्सार गोदाम सञ्चालकको दायित्व : भन्सार कार्यालय बाहेक अन्य व्यक्तिले सञ्चालन गरेको भन्सार गोदामको सञ्चालकको दायित्व देहाय बमोजिम हुनेछ :-

(क) गोदाममा रहेको मालवस्तुको सुरक्षाको व्यवस्था गर्ने,

(ख) गोदाममा रहेको मालवस्तुको विवरण खुलाई अद्यावधिक अभिलेख राख्ने,

(ग) भन्सार कार्यालयले भन्सार गोदाममा नराख्न भनी आदेश दिएका मालवस्तु नराख्ने,

(घ) भन्सार कार्यालयको पूर्व स्वीकृति बिना गोदामबाट मालवस्तु नझिक्ने,

(ङ) भन्सार जाँचपासका लागि एक पटक गोदामबाट झिकिसकेका मालवस्तु भन्सार अधिकृतको स्वीकृति नलिई पुनः गोदाममा नराख्ने,

(च) भन्सार कार्यालयको आदेश बिना गोदाममा रहेको वा रहन आउने मालवस्तु नखोल्ने वा खोल्न नपाउने व्यवस्था गर्ने,

---

⊛ दशौं संशोधनद्वारा थप ।

(छ) गोदाममा रहेका मालवस्तु हराए वा नासिए वा कुनै प्रकारले नोक्सानी भएमा भन्सार कार्यालयलाई जानकारी दिने,

(ज) गोदाममा ✿साठी दिनभन्दा बढी अवधि मालवस्तु रहेकोमा त्यस्तो अवधि समाप्त हुनासाथै सोको जानकारी भन्सार कार्यालयलाई दिने,

(झ) भन्सार अधिकृतले चाहेको जुनसुकै बखत गोदामको निरीक्षण गर्न दिने र निजले मागेको जानकारी तथा विवरण तत्कालै उपलब्ध गराउने,

(ञ) गोदाममा रहेका मालवस्तुको विवरण दैनिक रुपमा भन्सार कार्यालयलाई उपलब्ध गराउने,

(ट) गोदाममा मालवस्तु राख्दा मालवस्तु धनीको स्पष्ट नाम, ठेगाना र भएमा टेलिफोन नम्बर र इमेल ठेगाना समेतको अभिलेख राख्ने ।

६५. हुलाकमार्फत पैठारी भएको मालवस्तु भन्सार कार्यालयमा दाखिला गर्नु पर्ने : (१) हुलाकमार्फत कसैको नाममा पुलिन्दाबाट कुनै मालवस्तु आएमा सम्बन्धित हुलाक कार्यालयले पुलिन्दा पाउने व्यक्तिलाई सो कुराको सूचना दिई सो पुलिन्दा नजिकको स्थानीय भन्सार कार्यालयको भन्सार अधिकृत समक्ष पठाउनु पर्नेछ ।

(२) कसैले नेपालको हुलाकबाट विदेशमा पुलिन्दाद्वारा मालवस्तु निकासी गर्न चाहेमा नजिकको स्थानीय भन्सार कार्यालयको भन्सार अधिकृतबाट जाँचपास गराएको प्रज्ञापनपत्रसाथ ल्याएमा मात्र हुलाकले त्यस्ता पुलिन्दा बुझी चलान गर्नु पर्नेछ ।

६६. भन्सार कार्यालय खोल्ने र बन्द गर्ने : (१) भन्सार कार्यालयको प्रमुखले भन्सार कार्यालय खोल्ने र बन्द गर्ने समय तोकी सर्वसाधारणका जानकारीका लागि भन्सार कार्यालयको सूचनापाटीमा सूचना टाँसी दिनु पर्नेछ ।

(२) सेवाग्राहीको सुविधा वा कार्यालयको कार्यबोझका आधारमा कार्यालयको नियमित समयभन्दा अघि वा पछि वा सार्वजनिक बिदाका दिनमा वा कार्यालय बन्द रहेको समयमा समेत कामकाज गर्ने गरी भन्सार कार्यालयको प्रमुखले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

🕮(३) सेवाग्राहीलाई सुविधा प्रदान गर्न वा निकासी वा पैठारी सम्बन्धी कार्यमा ◆सरलता ल्याउन वा सीमावर्ती भन्सार कार्यालयसँग कार्य समयमा एकरुपता ल्याउन आवश्यक देखिएमा भन्सार कार्यालयको प्रमुखले महानिर्देशकको पूर्व स्वीकृति लिई सार्वजनिक बिदा नभएको दिनमा कार्यालय

---

✿ छैठौं संशोधनद्वारा संशोधित ।
🕮 पहिलो संशोधनद्वारा थप ।
◆ नवौं संशोधनद्वारा संशोधित ।

बन्द गर्ने वा सार्वजनिक बिदाका दिनमा कार्यालय खोल्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

📖(४) उपनियम (३) बमोजिम कार्यालय बन्द वा खोल्ने व्यवस्था गरिएकोमा भन्सार कार्यालयको प्रमुखले सोको सूचना राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशन गरी भन्सार कार्यालयमा समेत टाँस गर्नु पर्नेछ ।

📖(५) रेल सेवा उपलब्ध सुक्खा बन्दरगाहमा रहेका भन्सार कार्यालयमा टर्मिनल व्यवस्थापन कम्पनीबाट अनुरोध भै आएमा रेल रोकी रहने अवस्थाबाट लाग्ने विलम्ब शुल्क (डेमरेज) बाट व्यापारमा अतिरिक्त भार नपार्ने गरी कार्यालय समय अगाडि पछाडि समेत काम गर्ने र रेल छुटाउने प्रबन्ध मिलाउनु पर्नेछ ।

➲६६क. आंशिक जाँचपास गर्ने : (१) पैठारीकर्ताले भन्सार गोदाममा राखिएका एउटै बीजकमा उल्लेख भएका मालवस्तु एकै पटक जाँचपास नगराई आंशिक रुपमा जाँचपास गराई लैजान चाहेमा भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा भन्सार अधिकृतले त्यसरी आंशिक रुपमा जाँचपास गर्न नमिल्ने कुनै कारण भएमा बाहेक जाँचपास गराउन चाहेको मालसामानको परिमाणको महसुल लिई आंशिक रुपमा मालवस्तु जाँचपास गरिदिनु पर्नेछ ।

(३) एउटै बीजकमा उल्लेख गरी पैठारी हुन आएका मालवस्तुमध्ये कुनै मालवस्तु प्रयोगशालामा परीक्षण गर्दा पैठारी गर्न नपाउने देखिएमा त्यस्तो मालवस्तु बाहेक अन्य मालवस्तुको मात्र महसुल लिई भन्सार अधिकृतले जाँचपास गरिदिनु पर्नेछ ।

☙६६ख. भूलवश गलत ठेगानामा आएको सामान (मिसिङ्ग कार्गो) फिर्ता माग गर्न सक्ने : हवाई मार्गबाट भूलवश गलत ठेगानामा आएको सामानलाई मालधनी वा अन्य सम्बन्धित पक्षले कारण खुलाई फिर्ता लैजान निवेदन दिएमा सम्बन्धित भन्सार कार्यालयको प्रमुखले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा सो सामान फिर्ता लैजान निवेदकलाई अनुमति दिन सक्नेछ ।

◢६६ग. नोक्सानी भई वा कम परिमाणमा पैठारी हुन आएको मालवस्तुको जाँचपास र महसुल सम्बन्धी व्यवस्था : (१) ऐनको दफा ७ को उपदफा (३) बमोजिम नोक्सानी भई वा टुटफुट भई वा कम परिमाणमा मालवस्तु पैठारी हुन आएमा त्यस्तो मालवस्तुको जाँचपास हुनुपूर्व मालधनीले भन्सार अधिकृतलाई सो व्यहोरा उल्लेख गरी निवेदन दिनु पर्नेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।
➲ पाँचौं संशोधनद्वारा संशोधित ।
☙ पाँचौं संशोधनद्वारा थप ।
◢ छैठौं संशोधनद्वारा थप ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा त्यस्तो अवस्थामा मालवस्तु पैठारी हुन आएको स्पष्ट कारण र सो तथ्य पुष्टि हुने बीमा सर्भेयरको प्रतिवेदन, आधिकारिक निकायले सो व्यहोरा प्रमाणित गरिदिएको कागजात, स्थलगत मुचुल्का वा अन्य सान्दर्भिक र वस्तुनिष्ठ प्रमाण समेत संलग्न गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम निवेदन तथा प्रमाण कागजात प्राप्त हुन आएमा भन्सार अधिकृतले आवश्यक जाँचबुझ एवं विस्तृत भौतिक परीक्षण गरी नोक्सानी भएको वा मूल्यहीन भएको वा घटी परिमाणमा पैठारी भएको पाइएमा सो व्यहोरा तथा मूल मालवस्तुको रुपमा प्रयोगमा नआउने भए पनि अन्य वैकल्पिक प्रयोगमा आउन सक्ने वा पत्रुको रुपमा पुन: प्रयोगमा आउन सक्ने वा अन्य कुनै रुपमा व्यापारिक प्रयोजनमा आउन सक्ने वा नसक्ने व्यहोरा समेत प्रज्ञापनपत्रमा विस्तृत रुपमा उल्लेख गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम मालवस्तुको वास्तविक अवस्था यकिन भएपछि सही अवस्था वा यथार्थ रुपमा पैठारी हुन आएको मालवस्तुमा लाग्ने महसुल लिई भन्सार अधिकृतले त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(५) टुटफुट भई पैठारी भए पनि उपनियम (३) बमोजिम वैकल्पिक प्रयोगमा आउन सक्ने भनी ठहर भएको मालवस्तुलाई भन्सार अधिकृतले छुट्टै घोषणा गराई अनुमानित भन्सार मूल्य निर्धारण गरी लाग्ने महसुल लिई जाँचपास गर्नु पर्नेछ ।

(६) मालवस्तु भन्सार कार्यालयमा आउनुपूर्व महसुल बुझाइसकेको कारणले उपनियम (३) बमोजिम असुल गर्नु पर्ने भन्दा बढी महसुल असुल भएको रहेछ र सम्बन्धित व्यक्तिले त्यस्तो बढी महसुल फिर्ता पाउन निवेदन दिएमा भन्सार अधिकृतले लिखित निर्णय गरी त्यस्तो बढी महसुल सम्बन्धित व्यक्तिलाई फिर्ता दिन सक्नेछ ।

(७) यस नियम बमोजिम मालवस्तु जाँचपास भएको वा महसुल फिर्ता दिएकोमा सोको विस्तृत जानकारी भन्सार अधिकृतले तुरुन्त छिटो साधनद्वारा महानिर्देशकलाई दिनु पर्नेछ ।

✸६६ग१. निकासी वा पैठारी सङ्केत नम्बर दिन सकिने : विभाग वा विभागले तोकेको भन्सार कार्यालयले निकासीकर्ता वा पैठारीकर्तालाई निकासी वा पैठारी सङ्केत नम्बर दिन सक्नेछ ।

✸६६ग२. निकासी वा पैठारी सङ्केत नम्बर आवश्यक नपर्ने : यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचना बमोजिमका मालवस्तु ल्याउन वा लैजान, एक पटकमा दश हजार रुपैयाँ मूल्यसम्मको मालवस्तु पैठारी गर्न वा

---

✸ बाह्रौं संशोधनद्वारा थप ।

दश लाख रुपैयाँ मूल्यसम्मको मालवस्तु निकासी गर्नका लागि निकासी वा पैठारी सङ्केत नम्बर आवश्यक पर्ने छैन ।

तर निकासी वा पैठारी सङ्केत नम्बर लिइसकेको व्यक्तिले जतिसुकै मूल्यको मालवस्तु निकासी वा पैठारी गर्दा अनिवार्य रुपमा निकासी वा पैठारी सङ्केत नम्बर उल्लेख गर्नु पर्नेछ ।

ॐ६६घ. निकासी वा पैठारी सङ्केत नम्बर नवीकरण गराउनु पर्ने : (१) निकासीकर्ता वा पैठारीकर्ताले ऐनको दफा ८९ख. बमोजिम लिएको निकासी वा पैठारी सङ्केत नम्बर प्रत्येक आर्थिक वर्षको लागि सो आर्थिक वर्ष सुरु हुनुअगावै विभाग वा विभागले तोकेको भन्सार कार्यालयमा निवेदन दिई नवीकरण गराउनु पर्नेछ ।

✱तर कुनै उद्योगले पाँच आर्थिक वर्षको लागि निकासी वा पैठारी सङ्केत नम्बरको नवीकरण गराउन चाहेमा लाग्ने दस्तुर एकमुष्ठ तिरी नवीकरण गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा निवेदनसाथ ○एक हजार रुपैयाँ दस्तुर र देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ :-

(क) कर चुक्ताको प्रमाणपत्र,

(ख) नवीकरण गराउन चाहेको अवधिसम्म म्याद भएको तीन लाख रुपैयाँ बराबरको बैङ्क जमानत ।

(३) उपनियम (१) बमोजिम आर्थिक वर्ष सुरु हुनुअगावै नवीकरण गराउन नसकेमा देहाय बमोजिमको अवधिभित्र उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर तिरी सोही आर्थिक वर्षभित्र नवीकरण गराउन सकिनेछ :-

(क) असोज मसान्तभित्र भए पचास प्रतिशत,

(ख) असार मसान्तभित्र भए शतप्रतिशत ।

(४) उपनियम (३) बमोजिम नवीकरण नगराएमा प्रत्येक आर्थिक वर्षको लागि उपनियम (१) बमोजिमको दस्तुरमा थप दश हजार रुपैयाँ दस्तुर तिरी पाँच वर्षसम्म नवीकरण गराउन सकिनेछ । सो अवधिभित्र पनि नवीकरण नगराएको सङ्केत नम्बर स्वत: खारेज हुनेछ ।

✱६६घ१. निकासी वा पैठारी विशेष सङ्केत नम्बर प्रदान गर्न सकिने : (१) विभाग वा विभागले तोकेको भन्सार कार्यालयले देहाय बमोजिमको मालवस्तुको निकासी वा

---

ॐ नवौं संशोधनद्वारा थप ।

✱ बाह्रौं संशोधनद्वारा थप ।

○ दशौं संशोधनद्वारा संशोधित ।

पैठारी गर्ने प्रयोजनको लागि देहायका निकायलाई निकासी वा पैठारी विशेष सङ्केत नम्बर प्रदान गर्न सक्नेछ:-

(क) सरकारी निकाय, सार्वजनिक संस्थान, सरकारी आयोजना, कूटनीतिक नियोग वा गैरसरकारी सङ्घ संस्थाले गैरव्यापारिक प्रयोजनको लागि गर्ने निकासी वा पैठारी,

(ख) औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता भएका लघु, घरेलु तथा साना उद्योगले आफ्नो उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, यन्त्र उपकरण र सोको पार्टपुर्जाको पैठारी,

(ग) खण्ड (ख) मा उल्लेख भएका बाहेक अन्य उद्योगले त्यस्तो उद्योग स्थापना गर्न आवश्यक पर्ने यन्त्र, उपकरण वा सोको पार्टपुर्जा एक पटकको लागि गर्ने पैठारी,

(घ) विभागले तोकेका अन्य निकासी वा पैठारी ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दान, उपहार वा राहतको लागि पटके रुपमा मालवस्तु निकासी वा पैठारी गर्ने व्यक्तिलाई विभाग वा विभागले तोकेको सम्बन्धित भन्सार कार्यालयले निकासी वा पैठारी विशेष सङ्केत नम्बर प्रदान गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम निकासी वा पैठारी विशेष सङ्केत नम्बर प्रदान गर्न बैङ्क जमानत आवश्यक पर्ने छैन ।

(४) उपनियम (१) को खण्ड (ग) बमोजिम प्रदान गरिएको निकासी वा पैठारी विशेष सङ्केत नम्बर त्यस्तो मालवस्तु पैठारी भएपछि स्वत: खारेज हुनेछ ।

[⁂]६६ङ. समन्वय समिति : (१) भन्सार जाँचपास प्रक्रियालाई सहज एवं सरलीकरण गर्न र समन्वयात्मक रुपमा भन्सार व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक समन्वय समिति रहनेछ :-

(क) महानिर्देशक, विभाग - संयोजक

(ख) महानिर्देशक, औषधि व्यवस्था विभाग - सदस्य

(ग) महानिर्देशक, खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभाग - सदस्य

(घ) महानिर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग - सदस्य

---

[⁂] नवौं संशोधनद्वारा थप ।

(ङ) महानिर्देशक, पशु सेवा विभाग - सदस्य

(च) महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग - सदस्य

(छ) महानिर्देशक, स्वास्थ्य सेवा विभाग - सदस्य

(ज) महानिर्देशक, कृषि विभाग - सदस्य

(झ) सशस्त्र प्रहरी बल, नेपालको सशस्त्र प्रहरी नायब महानिरीक्षकस्तरको प्रतिनिधि - सदस्य

(ञ) नेपाल प्रहरीको प्रहरी नायब महानिरीक्षकस्तरको प्रतिनिधि - सदस्य

(ट) प्रतिनिधि, नेपाल राष्ट्र बैङ्क - सदस्य

⬟(ट१) संयोजकले आमन्त्रण गरेका नेपाल राष्ट्रिय एकद्वार प्रणालीमा आबद्ध अन्य निकायका प्रमुख वा प्रतिनिधि - सदस्य

(ठ) विभागको नीति हेर्ने निर्देशक - सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समन्वय समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(३) संयोजकले आवश्यक ठानेमा समन्वय समितिको बैठकमा अन्य निकायका पदाधिकारी एवं व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिले आफ्नो कार्यविधि आफैँ निर्धारण गर्न सक्नेछ ।

✸६६च. राष्ट्रिय एकद्वार प्रणाली सम्बन्धी व्यवस्था : राष्ट्रिय एकद्वार प्रणालीमा आबद्ध भएको निकायले प्रचलित कानून बमोजिम निकासी वा पैठारीसँग सम्बन्धित इजाजतपत्र, अनुमतिपत्र, प्रमाणपत्र, सिफारिस वा सूचना त्यस्तो प्रणालीबाट उपलब्ध गराउनु पर्नेछ ।

६७. अनुसूचीमा थपघट तथा हेरफेर : अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

६८. खारेजी र बचाउ : (१) भन्सार नियमावली, २०२६ खारेज गरिएको छ ।

(२) भन्सार नियमावली, २०२६ बमोजिम भए गरेका कामहरु यसै नियमावली बमोजिम भए गरेका मानिनेछन् ।

---

⬟ चौधौं संशोधनद्वारा थप ।

✸ बाह्रौं संशोधनद्वारा थप ।

## *अनुसूची-१

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

कूटनीतिक सुविधा वा महसुल सुविधा दिन परराष्ट्र मन्त्रालयले सिफारिस गर्ने फारामको ढाँचा

**नेपाल सरकार**

**परराष्ट्र मन्त्रालय**

श्री भन्सार विभाग

देहाय बमोजिमको खरिदकर्ता/निकासीकर्ता/पैठारीकर्ताले खरिद/निकासी/पैठारी गर्ने देहायको विवरण भएको मालवस्तुमा कूटनीतिक सुविधा/महसुल सुविधा प्रदान गरिदिनहुन मिति ...................... को निर्णयानुसार अनुरोध छ।

| खरिदकर्ता/निकासी/ पैठारीकर्ताको नाम | मालवस्तुको नाम | परिमाण | मालवस्तु चलान गर्ने/निकासी हुने मुलुक | अनुमानित मूल्य | निकासी/पैठारी हुने भन्सार कार्यालय |
|---|---|---|---|---|---|
| | | | | | |

दर्ता नं
मिति:

मन्त्रालयको छाप

सिफारिस गर्ने अधिकृतको
दस्तखत
नाम:
पद:
मिति:

---

भन्सार विभागको प्रयोजनका लागि

---

श्री ...................भन्सार कार्यालय...................

श्री परराष्ट्र मन्त्रालयबाट सिफारिस भई आए बमोजिमको उपरोक्त मालवस्तुमा कूटनीतिक सुविधा/महसुल सुविधा दिनहुन अनुरोध छ।

दर्ता नं.
मिति:

भन्सार विभागको छाप

दस्तखत
नाम:
मिति:

---

* पहिलो संशोधनद्वारा संशोधित।

अनुसूची-२

(नियम २० सँग सम्बन्धित)

<u>सवारी साधनको चालकले भन्सार कार्यालयमा दिनु पर्ने विवरणको ढाँचा</u>

श्री ........... भन्सार कार्यालय,
...........Customs Office,
................, नेपाल ।
.........., NEPAL

चालकको नाम:
Driver's Name:
सवारी दर्ता नम्बर:
Registration No. of Vehicle:
सवारी साधनको किसिम:
Type of Vehicle
कन्टेनर नम्बर:
Container No.:
प्रवेश मिति:
Date of Entry

| सि.नं.<br>S.No. | मालवस्तुको नाम<br>Description of goods | परिमाण वा अदत<br>Quantity or no. of package | लोड गरेको स्थान<br>Place of loading |
|---|---|---|---|
| | | | |

चालकको दस्तखत
Driver's signature

# अनुसूची-३

(नियम २२ सँग सम्बन्धित)

प्रज्ञापनपत्रको ढाँचा

नेपाल सरकार

अर्थ मन्त्रालय, भन्सार विभाग

प्रज्ञापनपत्र (पाना १)

<table>
<tr><td></td><td></td><td colspan="2">१ प्रज्ञापनपत्रको प्रकार</td><td colspan="2" rowspan="4">भन्सार कार्यालय :-<br>कोड नं. :-<br>नाम :-<br>मेनिफेष्ट नं. :-<br>प्रज्ञापन दर्ता नम्बर ................ मिति</td></tr>
<tr><td rowspan="10"></td><td rowspan="4">२. निकासीकर्ता : नम्बर :<br>.. .. . . . . . . . ...<br>. . . . . . . . . . ...</td><td>पैठारी</td><td>निकासी</td></tr>
<tr><td></td><td></td></tr>
<tr><td>३ पाना सङ्ख्या</td><td>४ सि.टि.डि.नं.</td></tr>
<tr><td>५ मालवस्तुको सङ्ख्या</td><td>६ मालवस्तुको अदत</td><td colspan="2">७ प्रज्ञापन सङ्केत</td></tr>
<tr><td rowspan="3">८. पैठारीकर्ता : नम्बर :<br>.... ... .... ... ......<br>... .... .. . . . . . . .<br>स्थायी लेखा नं. र मिति :<br>मू.अ.क. दर्ता छ ☐ छैन ☐<br>मू.अ.क. दर्ता भएको भए दर्ता मिति</td><td colspan="4">९ एयर वे बिल नं./बिल अफ लोडिङ नं. र मिति :-<br>डी.आर.पी. रेड सर्कल नं. र मिति :-<br>ईन्भ्वाइस नं./डी.आर.पी. नं. र मिति :-</td></tr>
<tr><td>१० चलान गर्ने देश</td><td>११ बिक्री गर्ने देश</td><td>१२ मूल्य विवरण</td><td>१३ गोदाममा मालवस्तु रहेको दिन</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="3">१४ भन्सार एजेन्ट/प्रतिनिधिको नम्बर</td><td rowspan="2">१५ निर्यात गर्ने देश</td><td>१५ निर्यात गर्ने देश</td><td colspan="2">१७ मालवस्तु पुग्ने देशको सङ्केत :</td></tr>
<tr><td>क | ख</td><td colspan="2">क | ख</td></tr>
<tr><td colspan="2">१६ मालवस्तु बनेको देश</td><td colspan="2">१७ मालवस्तु पुग्ने देशको नाम</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | १८ ढुवानी/सवारी साधन नम्बर | १९ कन्टेनर | २० आपूर्तिको सर्त | |
| | | २१ | | |
| | | | २२ मुद्रा र कुल बीजक मूल्य | २३ विनिमय दर | २४ कारोबारको प्रकृति |

| | | | | |
|---|---|---|---|---|
| | २५ भन्सार बिन्दुमा ढुवारी साधनको प्रकार | २६ | २७ मालवस्तुको पुग्ने ठाउँ | २८ बैङ्किङ डाटा कोड :<br>भुक्तानीको सर्त |
| | २९ | | ३० | बैङ्कको नाम :<br>शाखा : फाइल नं. : |

| | | | | |
|---|---|---|---|---|
| ३१ मालवस्तुको अदत प्रकार र नाम | अदत | ३२ आइटम नं. | ३३ वस्तु वर्गीकरण उपशीर्षक | |
| | प्रकार | ३४ मालवस्तु बनेको देश<br>क ख | ३५ कुल तौल | ३६ सौबिध्यता |
| | | ३७ भन्सार प्रक्रिया | ३८ खुद तौल | ३९ भारतीय अन्त:शुल्क दर |
| | मालवस्तुको नाम | ४० भारतीय अन्त:शुल्क रकम : | | |
| | | ४१ मालवस्तुको परिमाण | ४२ मालवस्तुको मूल्य | ४३ मूल्याङ्कन पद्धति कोड |

| | | | |
|---|---|---|---|
| ४४ अन्य सूचना कागजात प्रमाण | ईजाजतपत्र नं. : पटके मूल्य : पटके परिमाण<br>सम्वद्ध कागजात वा नम्बर :<br>चलानी नम्बर र मिति :<br>प्रतीतपत्र नम्बर र मिति : मुद्रा र रकम : | अतिरिक्त सूचना कोडा | ४५ समायोजन |
| | | ४६ भन्सार महसुलको लागि कायम मूल्य रु. : | |

| ४७ महसुलको हिसाब | करको प्रकार | महसुल लाग्ने मूल्य/आधार | दर | रकम | भुक्तानी | ४८ अग्रिम भुक्तानीको सङ्केत नं. | ४९ गोदाम नम्बर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | लेखा विवरण<br>भुक्तानीको प्रकार<br>महसुल निर्धारण नं.<br>रसिद नम्बर<br>ग्यारेन्टी<br>प्रज्ञापनपत्र शुल्क<br>कुल महसुल<br>अक्षरेपि | <br><br>मिति<br>मिति<br>मिति |
| | यस पानाको जम्मा : | | | | | ५० (ख) यस घोषणा र संलग्न कागजातमा उल्लिखित विवरण ठीक साँचो हो । सो विवरण झुट्टा वा फरक पारी लेखिएको ठहरिएमा मैले सजायको भागी बन्नु पर्दछ भन्ने कुरा मलाई थाहा छ भनी सही गर्ने मालधनी वा वारेसको :- | |
| | ५० (क) मालधनीले घोषणा गर्दा खुलाउनु पर्ने केही भए : | | | | | दस्तखत :<br>नाम : | मिति :<br>ठेगाना : |
| | (ग) (कार्यालय प्रयोजनको लागि)<br>भौतिक निरीक्षणको परिणाम | | | | | कैफियत | |

प्रविष्टकर्ताको दस्तखत र मिति :
नाम :

जाँचकीको दस्तखत र मिति :
नाम :

भन्सार अधिकृतको दस्तखत र मिति :
नाम :

अनुसूची-३
(नियम २२ सँग सम्बन्धित)
प्रज्ञापनपत्रको ढाँचा
नेपाल सरकार
अर्थ मन्त्रालय, भन्सार विभाग
प्रज्ञापनपत्र (पाना २)

<table>
<tr><td></td><td></td><td colspan="2">१ प्रज्ञापनपत्रको प्रकार</td><td rowspan="3">भन्सार कार्यालय :-<br>कोड नं. :-<br>नाम :-<br>मेनिफेष्ट नं. :-<br>प्रज्ञापन दर्ता नम्बर ........... मिति ...............</td></tr>
<tr><td rowspan="3"></td><td rowspan="3">२ पैठारीकर्ता/निकासीकर्ता नम्बर<br>............................<br>............................</td><td>पैठारी</td><td>निकासी</td></tr>
<tr><td>३ पाना सङ्ख्या</td><td>४ सि.टि.डि.नं.</td></tr>
<tr><td>५ मालवस्तुको सङ्ख्या</td><td>६ मालवस्तुको अदत</td><td>७ प्रज्ञापन सङ्केत</td></tr>
<tr><td rowspan="4">३१ मालवस्तुको अदत प्रकार र नाम</td><td rowspan="2">अदत<br><br>प्रकार</td><td>३२ आइटम नं.</td><td colspan="2">३३ वस्तु वर्गीकरण उपशीर्षक</td></tr>
<tr><td></td><td>३४ मालवस्तु बनेको देश<br>क ख</td><td>३५ कुल तौल</td><td>३६ सौबिध्यता</td></tr>
<tr><td rowspan="2" colspan="2">मालवस्तुको नाम</td><td>३७ भन्सार प्रक्रिया</td><td>३८ खुद तौल</td><td>३९ भारतीय अन्त:शुल्क दर</td></tr>
<tr><td colspan="3">४० भारतीय अन्त:शुल्क रकम :</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ४४ अन्य सूचना कागजात प्रमाण | ईजाजतपत्र नं. पटके मूल्य : पटके परिमाण<br>सम्बद्ध कागजात वा नम्बर :<br>चलानी नम्बर र मिति :<br>प्रतीतपत्र नम्बर र मिति : मुद्रा र रकम : | | ४१ मालवस्तुको परिमाण | ४२ मालवस्तुको मूल्य | ४३ मूल्याङ्कन पद्धति कोड |
| | | | | अतिरिक्त सूचना कोड | ४५ समायोजन |
| | | | ४६ भन्सार महसुलको लागि कायम मूल्य रु. : | | |
| ३१ मालवस्तुको अदत प्रकार र नाम | अदत<br>प्रकार | ३२ आइटम नं. | ३३ वस्तु वर्गीकरण उपशीर्षक | | |
| | | | ३४ मालवस्तु बनेको देश<br>क ख | ३५ कुल तौल | ३६ सौबिध्यता |
| | मालवस्तुको नाम | | ३७ भन्सार प्रक्रिया | ३८ खुद तौल | ३९ भारतीय अन्त:शुल्क दर |
| | | | ४० भारतीय अन्त:शुल्क रकम : | | |
| ४४ अन्य सूचना कागजात प्रमाण | ईजाजतपत्र नं. पटके मूल्य : पटके परिमाण<br>सम्बद्ध कागजात वा नम्बर :<br>चलानी नम्बर र मिति :<br>प्रतीतपत्र नम्बर र मिति : मुद्रा र रकम : | | ४१ मालवस्तुको परिमाण | ४२ मालवस्तुको मूल्य | ४३ मूल्याङ्कन पद्धति कोड |
| | | | | अतिरिक्त सूचना कोड | ४५ समायोजन |
| | | | ४६ भन्सार महसुलको लागि कायम मूल्य रु. : | | |
| ३१ मालवस्तुको अदत प्रकार र नाम | अदत<br>प्रकार | ३२ आइटम नं. | ३३ वस्तु वर्गीकरण उपशीर्षक | | |
| | | | ३४ मालवस्तु बनेको देश<br>क ख | ३५ कुल तौल | ३६ सौबिध्यता |
| | मालवस्तुको नाम | | ३७ भन्सार प्रक्रिया | ३८ खुद तौल | ३९ भारतीय अन्त:शुल्क दर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४० भारतीय अन्त:शुल्क रकम : | | | |
| ४४ अन्य सूचना कागजात प्रमाण | ईजाजतपत्र नं. पटके मूल्य : पटके परिमाण<br>सम्बद्ध कागजात वा नम्बर :<br>चलानी नम्बर र मिति :<br>प्रतीतपत्र नम्बर र मिति : मुद्रा र रकम : | ४१ मालवस्तुको परिमाण | ४२ मालवस्तुको मूल्य | ४३ मूल्याङ्कन पद्धति कोड | |
| | | | अतिरिक्त सूचना कोड | ४५ समायोजन | |
| | | ४६ भन्सार महसुलको लागि कायम मूल्य रु. : | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४७ महसुलको को हिसाब | करको प्रकार | महसुल लाग्ने मूल्य/ आधार | दर | रकम | भुक्तानी | ४७ महसुलको हिसाब | करको प्रकार | महसुल लाग्ने मूल्य/ आधार | दर | रकम | भुक्तानी |
| | | | | | | | | | | | |
| ४७ महसुलको को हिसाब | यस पानाको पहिलो आइटमको जम्मा : | | | | | | यस पानाको पहिलो आइटमको जम्मा : | | | | |
| | करको प्रकार | महसुल लाग्ने मूल्य/ आधार | दर | रकम | भुक्तानी | करको प्रकार | यस प्रज्ञापनपत्रको जम्मा रकम | | | भुक्तानी | मालधनी वा वारेसको दस्तखत |
| | | | | | | | | | | | |
| | यस पानाको पहिलो आइटमको जम्मा : | | | | | कुल जम्मा | | | | | |

प्रविष्टकर्ताको दस्तखत र मिति :
नाम :

जाँचकीको दस्तखत र मिति :
नाम :

भन्सार अधिकृतको दस्तखत र मिति :
नाम :

अनुसूची-३

(नियम २२ सँग सम्बन्धित)

प्रज्ञापनपत्रको ढाँचा

**Government of Nepal**

**Ministry of Finance, Department of Customs**

**Customs Declaration Form (page 1)**

<table>
<tr><td></td><td></td><td colspan="2">1 Declaration</td><td colspan="2" rowspan="4">Office of Declaration<br>Office Code<br>Name<br>Manifest No.<br>Regd No.</td></tr>
<tr><td rowspan="9"></td><td rowspan="4">2 Exporter Number<br>.................................<br>.................................</td><td>Import</td><td>Export</td></tr>
<tr><td></td><td></td></tr>
<tr><td>3 Page No</td><td>4 CTD No</td></tr>
<tr><td>5 Items</td><td>6 Total package</td><td colspan="2">7 Declaration No.</td></tr>
<tr><td rowspan="3">8 Importer Number<br>....................................<br>.....................................<br>Permanent Account No<br>VAT Regd Yes ☐ No ☐<br>VAT Regd date ( if registered)</td><td colspan="4">9 Airways bill/ BI No and date<br>DRP Red circle no.<br>Invoice no./DRP no and date</td></tr>
<tr><td>10 country of export</td><td>11 Trading country</td><td>12 Value details</td><td>13 warehouse days</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">14 Declarant/Agent/Representative no.</td><td>15 country of export</td><td>15 country of export code<br>A | B</td><td colspan="2">17 country of destination code<br>A | B</td></tr>
<tr><td colspan="2">16 Country of Origin</td><td colspan="2">17 Country of destination</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | 18 Flight or vehicle No. | | 19 Container | 20 Delivery terms | | |
| | | | 21 | | | |
| | | | | 22 Cur and total invoice amount | 23 Exchange rate | 24 Nature of transaction |
| | 25 Mode of transport at border | 26 | 27 Place of discharge | 28 Banking data code<br>Terms of Payment | | |
| | 29 | | 30 | Bank name<br>Branch | | File No. |
| 31<br>Packages and description of goods | No of packages | | 32 Item no. | 33 HS code | | |
| | Kinds | | | 34 Co code<br>A \| B | 35 Gross weight | 36 Preference |
| | | | | 37 Procedure | 38 Net weight | 39 Indian Excise rate |
| | Description of goods | | | 40 Indian Excise amount | | |
| | | | | 41 Supply units | 42 Item Value | 43 V.M code |
| 44 Other information of doc. produced | Licence no<br>Additional document no<br>Dispatch no<br>L/C no and date | DV<br><br><br>Currency & amount | DQ | | A.I. Code | 45 Adjustment |
| | | | | 46 Statistical Value | | |

<table>
<tr><td rowspan="3">47 Duty calculation</td><td>Type</td><td>Tax base</td><td>Rate</td><td>Amount</td><td>MP</td><td colspan="2">48 Deferred Payment</td><td>49 Identification of Warehouse</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td colspan="3" rowspan="2">Accounting detail<br>Mode of payment<br>Assessment No Date<br>Receipt no Date<br>Guarantee Date<br>Declaration fee<br>Total amount<br>Total amount in Words</td></tr>
<tr><td colspan="5">Total of this form</td></tr>
<tr><td></td><td colspan="6">50(A) Any other information that the declarant needs to notify</td><td colspan="2">50(B) I hereby certify that the information contained in all pages of this document submitted are true and correct and I know that any untrue and discropancy submitted would be sufficient for legal action against me.<br>Signature Date<br>Name Address</td></tr>
<tr><td></td><td colspan="5">50 (C) Physical verification result</td><td colspan="3">Remarks</td></tr>
</table>

**Data entry operator's sign & date**
**Name**

**Inspector's sign& date**
**Name**

**Customs Officer's sign & date**
**Name**

अनुसूची-३

(नियम २२ सँग सम्बन्धित)

प्रज्ञापनपत्रको ढाँचा

**Government of Nepal**

**Ministry of Finance, Department of Customs**

**Customs Declaration Form (page 2)**

| | | | | | |
|---|---|---|---|---|---|
| | | 1 Declaration | | Office of Declaration<br>Office Code<br>Name<br>Manifest No.<br>Regd No. | |
| | 2 Exporter Number<br>................................<br>................................ | Import | Export | | |
| | | 3 Page No | 4 CTD No | | |
| | | 5 Items | 6 Total package | 7 Declaration No. | |
| 31 Packages and description of goods | No of packages<br>Kinds | 32 Item no | 33 HS Code | | |
| | | | 34 CO code<br>A B | 35 Gross Weight | 36 Preference |
| | Description of goods | | 37 Procedure | 38 Net weight | 39 Indian Excise rate |
| | | | 40 Indian Excise amount | | |
| 44 Other information of doc. produced | License no DV DQ<br>Additional document no<br>Dispatch no.<br>L/C no and date Currency &Amount | | 41 Supply units | 42 Item value | 43 V.M. Code |
| | | | | A.I Code | 45 Adjustment |
| | | | 46 Statistical Value | | |

<table>
<tr><td rowspan="4">31<br>Packages<br>and<br>description<br>of goods</td><td rowspan="2">No of packages<br>Kinds</td><td>32 Item no</td><td colspan="3">33 HS Code</td></tr>
<tr><td></td><td>34 CO code<br>A | B</td><td>35 Gross Weight</td><td>36 Preference</td></tr>
<tr><td colspan="2" rowspan="2">Description of goods</td><td>37 Procedure</td><td>38 Net weight</td><td>39 Indian Excise rate</td></tr>
<tr><td colspan="3">40 Indian Excise amount</td></tr>
<tr><td rowspan="3">44 Other<br>information<br>of doc.<br>produced</td><td colspan="2" rowspan="3">License no DV DQ<br>Additional document no<br>Dispatch no.<br>L/C no. and date Currency &Amount</td><td>41 Supply units</td><td>42 Item value</td><td>43 V.M Code</td></tr>
<tr><td></td><td>A.I Code</td><td>45 Adjustment</td></tr>
<tr><td colspan="3">46 Statistical Value</td></tr>
<tr><td rowspan="4">31<br>Packages<br>and<br>description<br>of goods</td><td rowspan="2">No of packages<br>Kinds</td><td>32 Item no</td><td colspan="3">33 HS Code</td></tr>
<tr><td></td><td>34 CO code<br>A | B</td><td>35 Gross Weight</td><td>36 Preference</td></tr>
<tr><td colspan="2" rowspan="2">Description of goods</td><td>37 Procedure</td><td>38 Net weight</td><td>39 Indian Excise rate</td></tr>
<tr><td colspan="3">40 Indian Excise amount</td></tr>
<tr><td rowspan="3">44 Other<br>information<br>of doc.<br>produced</td><td colspan="2" rowspan="3">Licence no DV DQ<br>Additional document no.<br>Dispatch no.<br>L/C no. and date Currency &Amount</td><td>41 Supply units</td><td>42 Item value</td><td>43 V.M. Code</td></tr>
<tr><td></td><td>A.I Code</td><td>45 Adjustment</td></tr>
<tr><td colspan="3">46 Statistical Value</td></tr>
</table>

| 47 Duty calculation | Type | Tax base | Rate | Amount | MP | 47 Duty calculation | Type | Tax Base | Rate | Amount | MP |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | Total of first item of this form | | | | | | Total of second item of this form | | | | |
| 47 Duty calculation | Type | Tax base | Rate | Amount | MP | Type | Total amount of this Declaration form | | | MP | Signature of declarant |
| | | | | | | | | | | | |
| | Total of Third item of this form | | | | | Grand Total | | | | | |

**Data entry operator's sign & date**
**Name**

**Inspector's sign & date**
**Name**

**Customs officer's sign & date**
**Name**

अनुसूची-४

(नियम ३१ सँग सम्बन्धित)

मालवस्तु खरिद गर्ने सम्बन्धमा पैठारीकर्तालाई दिने सूचनाको ढाँचा

नेपाल सरकार

अर्थ मन्त्रालय, भन्सार विभाग

...........भन्सार कार्यालय

मिति:

विषय : मालवस्तु खरिद गर्ने बारे ।

श्री ............................

.......................................

पान नं. :.............................

तपाईले पैठारी गरी ल्याउनु भएको देहाय बमोजिमको मालवस्तु भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम यस कार्यालयले खरिद गर्ने भएकोले भन्सार नियमावली, २०६४ को नियम ३१ बमोजिम तपाईलाई यो सूचना दिइएको छ । तल उल्लिखित रकम यस कार्यालयबाट भुक्तानी लिनु होला ।

खरिद गरिने मालवस्तुको विवरण

१. प्रतीतपत्र नं. र मिति :

२. बीजक नं. र मिति :

३. प्रज्ञापनपत्र दर्ता नं. र मिति :

४. मालवस्तुको विवरण :

५. मालवस्तुको घोषित मूल्य :

६. खरिद बापत भुक्तानी गरिने रकम रु. ......................

भन्सार अधिकृतको दस्तखत

नाम:

# ⊕ अनुसूची-५

(नियम ३७ को उपनियम (२) सँग सम्बन्धित)

## भन्सार एजेन्टको इजाजतपत्र लिनका लागि दिने दरखास्त फाराम

| फोटो |
|---|
| हालसालै खिचेको पासपोर्ट साइजको पूरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फाराममा र फोटोमा पर्ने गरी दरखास्तवालाले सही गर्ने । |

| | | |
|---|---|---|
| विज्ञापन नं. | | रोल नम्बर |
| भौचर नं. | दरखास्त दर्ता नं. | |
| दर्ता गर्ने कार्यालय: | दर्ता मिति: | |
| दस्तखत: | | |

आफ्नो सम्पूर्ण वैयक्तिक विवरण स्पष्ट बुझिने अक्षरमा लेख्नुहोस् :

| | |
|---|---|
| भाग (क) वैयक्तिक विवरण: | |
| १. (अ) दरखास्त पेश गरेको कार्यालय:- (आ) परीक्षा केन्द्र: | |
| २. दरखास्तवालाको पूरा नाम थर: | देवनागरीमा: |
| | अङ्ग्रेजी (CAPITAL LETTER) मा: |
| ३. जन्म मिति: साल महिना गते | |
| ४. दरखास्त दिने अन्तिम मितिमा हुने उमेर: वर्ष महिना दिन | |
| ५. नागरिकता नं. जारी मिति: जारी गर्ने जिल्ला: | |
| ६. स्थायी ठेगाना: प्रदेश ................. जिल्ला..................... गा.पा./न.पा. ............... वडा नं......... टोल ................... | |
| ७. पत्राचार गर्ने ठेगाना: प्रदेश ................ जिल्ला................ गा.पा./न.पा. ................ वडा नं. ....... टोल .............. | |
| ८. सम्पर्क फोन नम्बर: | |
| ९. मोबाइल नम्बर: इमेल ठेगाना: | |
| १०. आमाको नाम थर: | नागरिकता: |
| ११. बाबुको नाम थर: | नागरिकता: |
| १२. बाजेको नाम थर: | नागरिकता: |
| १३. विवाहित भएमा पति/पत्नीको नाम थर: | नागरिकता: |

---

⊕ नेपाल राजपत्रमा मिति २०७७।६।२६ मा सूचना प्रकाशन गरी हेरफेर भएको ।

भाग (ख) शैक्षिक योग्यता सम्बन्धी विवरण: (स्नातक तह तथा सोभन्दा माथि मात्र उल्लेख गर्ने)

| क्र.सं. | अध्ययन गरेको संस्थाको नाम र ठेगाना | उत्तीर्ण गरेको परीक्षा | श्रेणी | कुल प्राप्ताङ्क/प्रतिशत | उत्तीर्ण गरेको वर्ष | मुख्य विषय |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

भाग (ग) कम्प्युटर तालिम सम्बन्धी विवरण:

| क्र.सं. | तालिम दिने संस्थाको नाम र ठेगाना | तालिमको विषय | श्रेणी | कुल प्राप्ताङ्क/प्रतिशत | तालिम लिएको वर्ष | तालिमको समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

भाग (घ) अनुभव सम्बन्धी विवरण: (भन्सार नियमावली, २०६४ को नियम ३७ को उपनियम (३) बमोजिमको व्यक्ति भएमा)

| क्र.सं. | भन्सार एजेन्टको प्रतिनिधि भएर कार्य गरेको भन्सार कार्यालय | भन्सार एजेन्ट नम्बर | अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| | | | | |
| | | | | |
| | | | | |

भन्सार नियमावली, २०६४ को नियम ३७ को उपनियम (२) बमोजिमको योग्यता भएकाले यो दरखास्त दिएको छु । मैले माथि उल्लेख गरेको सम्पूर्ण विवरणहरु सत्य छन्, झुट्टा विवरण दिएको ठहरे प्रचलित कानून बमोजिम सहन बुझाउन मञ्जुर गर्दछु ।

| औंठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

........................................
दरखास्तवालाको दस्तखत
मिति:

द्रष्टव्य: दरखास्तसाथ विज्ञापनमा उल्लिखित कागजातका अतिरिक्त निम्न कागजातहरु अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ । दरखास्तवालाले कागजातहरु आफैँले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ :-

(क) नेपाली नागरिकताको प्रतिलिपि ।

(ख) भन्सार एजेन्टको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

(ग) कम्प्युटर सम्बन्धी कम्तीमा तीन महिनाको आधारभूत तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि ।

(घ) दरखास्तवाला भन्सार नियमावली, २०६४ को नियम ३७ को उपनियम (३) बमोजिमको व्यक्ति (भन्सार एजेन्टको प्रतिनिधि) भएमा सोही उपनियम बमोजिम भन्सार कार्यालयको प्रमुखले प्रमाणित गरेको पत्रको प्रमाणित प्रतिलिपि ।

.....................................................................................................................

कार्यालय प्रयोजनका लागि:

| | |
|---|---|
| १. परीक्षा दस्तुर रु. | २. भौचर नं. मिति: |
| ३. प्रतिलिपिहरुको संलग्न प्रति: | ४. दरखास्त बुझ्नेको दस्तखत र मिति: |
| दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत र मिति: | |

कार्यरत विभाग/कार्यालयको कर्मचारीबाट रुजु गर्ने कर्मचारीको,-

दस्तखत:

नाम, थर:

मिति:

उपर्युक्त विवरण ठीक छ भनी प्रमाणित गर्ने अधिकारीको,-

दस्तखत:

नाम, थर:

मिति:

कार्यालयको छाप:

.....................................................................................................................

भन्सार एजेन्टको परीक्षाको

**प्रवेशपत्र**

(कार्यालय प्रयोजनका लागि)

| फोटो |
|---|
| हालसालै खिचेको पासपोर्ट साइजको पूरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फाराममा र फोटोमा पर्ने गरी दरखास्तवालाले सही गर्ने । |

दरखास्तवालाको नाम थर:

विज्ञापन नम्बर:

रोल नम्बर:

परीक्षा केन्द्र:

..................................

दरखास्तवालाको दस्तखत

.....................................................................................................................

भन्सार एजेन्टको परीक्षाको

## प्रवेशपत्र

| फोटो<br>हालसालै खिचेको पासपोर्ट साइजको पूरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फाराममा र फोटोमा पर्ने गरी दरखास्तवालाले सही गर्ने । |
|---|

दरखास्तवालाको नाम थर:

विज्ञापन नम्बर:

रोल नम्बर:

परीक्षा केन्द्र:

...................................

दरखास्तवालाको दस्तखत

कार्यालय प्रयोजनका लागि:

यस विभागबाट लिइने भन्सार एजेन्टको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिएको छ । विज्ञापनमा तोकिएको सर्त पूरा नगरेको ठहर भएमा तथा परीक्षार्थीले पालना गर्नु पर्ने नियमहरु पालना नगरेको पाइएमा जुनसुकै अवस्थामा पनि परीक्षा रद्द गर्न सकिनेछ ।

परीक्षा केन्द्र:

रोल नम्बर: ................................

अधिकृतको दस्तखत

परीक्षार्थीले पालना गर्नु पर्ने नियमहरु:

(१) परीक्षा दिन आउँदा प्रवेशपत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ । प्रवेशपत्र बिना परीक्षामा बस्न पाइने छैन ।

(२) लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु पर्नेछ ।

(३) परीक्षा सुरु हुने ३० मिनेट अगावै घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ । परीक्षा सुरु भएको १५ मिनेटपछि आएमा परीक्षामा बस्न दिइने छैन ।

(४) परीक्षा सुरु भएको ३० मिनेटपछि मात्र परीक्षा हल बाहिर जाने अनुमति दिइनेछ ।

(५) परीक्षा हलमा किताब, क्याल्कुलेटर, कापी, कागज, चिट आदि ल्याउन हुँदैन । परीक्षार्थीहरुले आपसमा कुराकानी र सङ्केत गर्न समेत पाउने छैनन् ।

(६) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नु पर्नेछ । वस्तुगत परीक्षामा लेखन सहयोगी राखेर परीक्षा दिन पाइने छैन ।

(७) परीक्षा हलमा मोबाइल फोन प्रयोग गर्न पाइने छैन ।

(८) परीक्षा हलमा परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्कासन गरी तुरुन्त कानून बमोजिमको कारबाही गर्नेछ र त्यसरी निष्कासन गरिएको परीक्षार्थीको परीक्षा स्वत: रद्द भएको मानिनेछ ।

(९) बिरामी परीक्षार्थी परीक्षा हलमा प्रवेश गरेपछि निजलाई केही भएमा भन्सार विभाग जवाफदेही हुने छैन ।

(१०) परीक्षार्थीले परीक्षा दिएको दिनमा परीक्षा हलमा अनिवार्य रुपमा हाजिर गर्नु पर्नेछ ।

(११) भन्सार विभागले सूचनाद्वारा जारी गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ ।

(१२) परीक्षार्थीले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्नको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नु पर्नेछ । नलेखेमा परीक्षा स्वत: रद्द हुनेछ ।

(१३) कुनै दरखास्तवालाले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य परीक्षार्थीलाई बाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ ।

(१४) अन्तर्वार्तामा सहभागी दरखास्तवालाले दरखास्त फारामसाथ पेश गरेका सम्पूर्ण कागजातहरुको सक्कल प्रति अनिवार्य लिई आउनु पर्नेछ ।

## [⊛] अनुसूची-६

(नियम ३७ को उपनियम (५) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

इजाजतपत्र सङ्ख्या:

भन्सार विभाग

भन्सार एजेन्टको इजाजतपत्र

मिति: ..........................

| भन्सार एजेन्टको पासपोर्ट साइजको फोटो |
|---|

निकासी वा पैठारी हुने मालवस्तु भन्सार कार्यालयबाट छुटाउन वा भन्सार कार्यालयसँग सम्बन्धित कामको लागि निकासीकर्ता वा पैठारीकर्ताको भन्सार एजेन्टको रुपमा काम गर्न भन्सार नियमावली, २०६४ को नियम ३७ को उपनियम (५) बमोजिम यो भन्सार एजेन्टको इजाजतपत्र दिएको छ ।

भन्सार एजेन्टको नाम थर:

दस्तखत:

स्थायी लेखा नम्बर:

स्थायी ठेगाना: ................. प्रदेश ................ जिल्ला ...................
गा.पा./न.पा. .................. वडा नं. ...... टोल ...........

पत्राचार गर्ने ठेगाना: .............. प्रदेश .............. जिल्ला .................
गा.पा./न.पा. ................ वडा नं. ...... टोल ...........

टेलिफोन नम्बर:

मोबाइल नम्बर:

इमेल ठेगाना:

इजाजतपत्र जारी गर्नेको,-

नाम, थर:

दर्जा:

दस्तखत:

---

⊛ नेपाल राजपत्रमा मिति २०७७६।२६ मा सूचना प्रकाशन गरी हेरफेर भएको ।

नोट:- टेलिफोन, मोबाइल र इमेल ठेगाना परिवर्तन भएमा १५ दिनभित्र अनिवार्य रुपमा विभागमा जानकारी गराउनु पर्नेछ ।

...........................................................................................

पृष्ठ भाग

<u>नवीकरणको विवरण</u>:

| नवीकरण गरेको मिति | नवीकरण दस्तुर | बहाल रहने अवधि | नवीकरण गर्नेको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

*अनुसूची-७

(नियम ३८ को उपनियम (४) सँग सम्बन्धित)

भन्सार एजेन्टको नियुक्तिपत्रको ढाँचा

खण्ड (क)

(निकासीकर्ता/पैठारीकर्ताले भर्ने)

| |
|---|
| नियुक्तिकर्ताको फोटो (फोटोमा समेत पर्ने गरी सही गर्नु पर्ने) |

| |
|---|
| भन्सार एजेन्टको फोटो (फोटोमा समेत पर्ने गरी नियुक्तिकर्ताले सही गर्नु पर्ने) |

निकासीकर्ता/पैठारीकर्ताको नाम:

ठेगाना:

पान नं.

मू.अ.कर दर्ता भएको वा नभएको ..................... भएको भए दर्ता मिति:

श्री ............................. भन्सार कार्यालय ।

विषय: भन्सार एजेन्ट नियुक्त गरेको ।

त्यस भन्सार कार्यालयको बाटो गरी निकासी वा पैठारी हुने मालवस्तुको भन्सार जाँचपास गराउने लगायत भन्सारसँग सम्बन्धित सम्पूर्ण कार्यहरु गर्ने गराउने प्रयोजनका लागि भन्सार एजेन्टको इजाजतप्राप्त देहाय बमोजिमको भन्सार एजेन्टलाई देहायको अवधिका लागि/देहायको मालवस्तु जाँचपास गराउन मेरो/हाम्रो एजेन्टको रुपमा भन्सार नियमावली, २०६४ को नियम ३८ को उपनियम (४) बमोजिम नियुक्त गरेको व्यहोरा अनुरोध छ । यस सम्बन्धमा भन्सार ऐन, २०६४ तथा भन्सार नियमावली, २०६४ मा भएका व्यवस्थाहरु पूर्ण रुपमा पालना गर्नेछु/छौं । हाम्रो व्यवसायसँग सम्बन्धित दर्ता प्रमाणपत्रहरु र भन्सार एजेन्टको इजाजतपत्रका प्रतिलिपिहरु यसैसाथ संलग्न छन् । आवश्यक परेमा सक्कल समेत पेश गर्नेछु/छौं ।

भन्सार एजेन्टको नाम:.............................

भन्सार एजेन्ट इजाजतपत्र नम्बर: ......... भन्सार एजेन्टको इजाजतपत्र जारी मिति: ........

ठेगाना :......................................

भन्सार एजेन्टको रुपमा कार्य गर्ने अवधि :..................... देखि ..................... सम्म

कुनै कन्साइन्मेन्ट मात्र जाँचपास गराउनका लागि : (प्रतीतपत्र नं., मिति, बैङ्कको नाम, बीजक नं र मिति खुलाउने) ..........................................................................................

---

* पहिलो संशोधनद्वारा संशोधित ।

| | |
|---|---|
| निकासीकर्ता/पैठारीकर्ताको दस्तखत | मिति: ………… फोन:……….. |
| नाम थर: ……………………………… | ठेगाना: ……………………… |
| कारोबारसँगको सम्बन्ध:………………… | इमेल: |
| (सम्बन्ध पुष्टि हुने प्रमाण संलग्न गर्नु पर्नेछ) | छाप<br>फ्याक्स:…….. |

---

(एकै मालधनीले एउटा भन्सार कार्यालयमा एक पटकभन्दा बढी भन्सार एजेन्ट नियुक्त गर्नु परेमा नियुक्तिपत्रमा नियुक्तिकर्ताको फोटो आवश्यक पर्ने छैन ।)

खण्ड (ख)

(भन्सार एजेन्टले भर्ने)

माथि खण्ड (क) मा उल्लेख भए बमोजिम निकासीकर्ता/पैठारीकर्ताको भन्सार एजेन्टको रुपमा भन्सार ऐन, २०६४ र भन्सार नियमावली, २०६४ को अधीनमा रही कार्य गर्न मञ्जुर गर्दछु । मेरो भन्सार एजेन्ट इजाजतपत्रको प्रतिलिपि संलग्न गरेको छु । आवश्यक परेमा सक्कल समेत प्रस्तुत गर्नेछु :-

| | |
|---|---|
| भन्सार एजेन्टको नाम: | ठेगाना: |
| दस्तखत: | फोन नं: |
| भन्सार एजेन्ट इजाजतपत्र नं.: | भन्सार एजेन्टको इजाजतपत्र जारी मिति: |
| इमेल: | फ्याक्स नं: |
| छाप | मिति: |

## अनुसूची-८

(नियम ४१ को उपनियम (१) सँग सम्बन्धित)

**मूल्याङ्कन पुनरावलोकनका लागि दिने निवेदनको ढाँचा**

मिति:

श्री मूल्याङ्कन पुनरावलोकन समिति

विषय: मूल्याङ्कन पुनरावलोकन गरिपाऊँ ।

प्रस्तुत विषयमा निवेदकले पैठारी गरी ल्याएको देहाय बमोजिमको मालवस्तुमा ………… भन्सार कार्यालयका भन्सार अधिकृतले देहाय बमोजिम कायम गरेको भन्सार मूल्यमा मेरो चित्त नबुझेको हुँदा निम्न तथ्य र प्रमाणका आधारमा सो निर्णय पुनरावलोकन गर्न सम्बन्धित प्रज्ञापनपत्र तथा सोसाथ संलग्न गरी भन्सार कार्यालयमा पेश गरेका सम्पूर्ण कागजातहरुको प्रतिलिपि र भन्सार अधिकृतले दिएको लिखित सूचनाको प्रतिलिपि संलग्न गरी यो निवेदन गरेको छु ।

१. आपूर्तिकर्ताको नाम ठेगाना:

२. प्रतीतपत्र/बैङ्क ड्राफ्ट/टी.टी./डी.ए.पी. नम्बर र मिति:

३. बीजक नम्बर र मिति:

४. प्रज्ञापनपत्र दर्ता नम्बर र मिति:

५. मालवस्तु जाँचपास भएको मिति:

५. मालवस्तुको विवरण (पूरा स्पेशिफिकेशन खुलाउने)

………………………………

………………………………

………………………………

………………………………

६. घोषित जम्मा मूल्य :

७. भन्सार अधिकृतले कायम गरेको जम्मा मूल्य :

८. घोषित मूल्य पुष्टि गर्ने संलग्न प्रमाण (केही भए उल्लेख गर्ने):

…………………………………………………………

९. भन्सार अधिकृतले कायम गरेको भन्सार मूल्यमा चित्त नबुझ्नाको कारण र आधार:

*(यो स्थान अपर्याप्त भएमा छुट्टै पाना संलग्न गर्न सकिनेछ ।)*

निवेदकको दस्तखत

*छाप* नाम

पान नं:

## ★अनुसूची-९

(नियम ५०  को उपनियम (२) सँग सम्बन्धित)

विलम्ब शुल्क (डेमरेज) को दर

(क) विमानस्थल भन्सार कार्यालयमा :

तीस दिनसम्मका लागि प्रति दिनको प्रति के.जी. साठी पैसा, तीस दिनभन्दा बढी साठी दिनसम्म प्रति दिनको प्रति के.जी. एक रुपैयाँ र साठी दिनभन्दा बढीको प्रति दिन प्रति के.जी. एक रुपैयाँ चालीस पैसा ।

(ख) अन्य भन्सार कार्यालयमा :

तीस दिनसम्मका लागि प्रति के.जी. प्रति दिन चालीस पैसा, तीस दिनभन्दा बढी साठी दिनसम्म प्रति के.जी. प्रति दिन साठी पैसा र साठी दिनभन्दा बढीको प्रति के.जी. प्रति दिन असी पैसा ।

स्पष्टीकरण : विलम्ब शुल्क (डेमरेज) लिने प्रयोजनका लागि तौलको गणना गर्दा एउटा प्रज्ञापनपत्र वा एउटा कन्साइन्मेन्टका सबै मालवस्तुको समष्टीगत तौललाई गणना गर्नु पर्दछ । तौलमा एक किलोग्रामभन्दा कम बाँकी रहेमा एक किलोग्राम मानी गणना गरिनेछ ।

★ नेपाल राजपत्रमा मिति २०७१।३।३० मा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर भएको ।

अनुसूची-१०

(नियम ५२ को उपनियम (१) सँग सम्बन्धित)

भन्सार कार्यालयले जारी गर्ने म्यादको ढाँचा

श्री ...................................... भन्सार कार्यालयबाट ............................ ................................................................का नाममा जारी भएको म्याद

भन्सार ऐन, २०६४ अन्तर्गतको कसूरको कारबाहीको सिलसिलामा तपाईसँग केही कुरा बुझ्नु पर्ने भएकाले बाटाको म्याद बाहेक पन्ध्र दिनभित्र कार्यालय समयमा यस कार्यालयमा हाजिर हुन आउनु होला । सो म्यादभित्र आए तपाईको व्यहोरा बुझी र नआई म्याद गुजारी बसे कानून बमोजिम निर्णय हुनेछ । पछि तपाईको उजुर लाग्ने छैन । यो म्याद थमाउन पाइने छैन ।

इति संवत् ...........साल ............. महिना......गते रोज......शुभम् ।

📖अनुसूची-१०क.

(नियम ६०क. सँग सम्बन्धित)

संक्षिप्त प्रज्ञापनपत्रको ढाँचा

नेपाल सरकार

अर्थ मन्त्रालय, भन्सार विभाग

<u>संक्षिप्त प्रज्ञापनपत्र</u>

.........भन्सार कार्यालय (आगमन कक्ष/यात्रु शाखा)

<table>
<tr><td colspan="4">पैठारीकर्ताको नाम थर :<br>ठेगाना:<br>बीजक नम्बर र मिति:<br>कुल बीजक मूल्य :</td><td colspan="2">विनिमय दर :</td><td colspan="3">संक्षिप्त प्रज्ञापनपत्र दर्ता नं:<br><br>मिति:</td></tr>
<tr><td>आइटम नम्बर</td><td>मालवस्तुको नाम:</td><td>मालवस्तुको अदत</td><td>परिमाण</td><td>बीजक मूल्य रु.</td><td>कायम मूल्य रु.</td><td>वर्गीकरण उपशीर्षक</td><td>समदर वा एकीकृत महसुल दर</td><td>महसुल रकम रु.</td></tr>
<tr><td>१</td><td>२</td><td>३</td><td>४</td><td>५</td><td>६</td><td>७</td><td>८</td><td>९</td></tr>
<tr><td>१</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="9">कुल महसुल रु. :<br>अक्षरेपि :</td></tr>
</table>

📖 पहिलो संशोधनद्वारा थप ।

| | |
|---|---|
| यसमा उल्लिखित विवरण ठीक साँचो हो । सो विवरण झुट्टा वा फरक पारी लेखिएको ठहरिएमा प्रचलित कानून बमोजिम सजाय भोग्न मञ्जुर छु । यो संक्षिप्त प्रज्ञापनपत्र व्यापारिक प्रयोजनका लागि प्रयोग गर्ने छैन भनी सही गर्ने मालधनीको :-<br>दस्तखत :- मिति: | नगदी रसिद नं. र मिति:<br>जाँचकीको दस्तखत र मिति :<br>भन्सार अधिकृतको दस्तखत र मिति : |

संक्षिप्त प्रज्ञापनपत्र भर्नुअघि ध्यान दिनु पर्ने कुराहरु

१. यो संक्षिप्त प्रज्ञापनपत्रमा पैठारीकर्ताको नाम, ठेगाना, बीजक भएमा सोको नम्बर र मिति, कुल बीजक मूल्य तथा फारामको महल २ देखि ४ सम्मका विवरणहरु मात्र मालधनीले भरी फारामको निर्धारित स्थानमा दस्तखत गरी मिति उल्लेख गर्नु पर्नेछ । अन्य महलहरु भन्सार कार्यालयको प्रयोजनका लागि भएकाले मालधनीले भर्नु पर्दैन ।

२. यो संक्षिप्त प्रज्ञापनपत्रबाट निजी प्रयोगका रु. ५०००।- सम्म भन्सार मूल्य भएका मालवस्तु वा ❍यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचनामा समदरमा महसुल तिरी ल्याउन पाउने भनी उल्लेख भएका मालवस्तुहरु मात्र पैठारी गर्न सकिनेछ । यसबाट व्यापारिक प्रयोजनका मालवस्तु पैठारी गर्न पाइने छैन र व्यापारिक कारोबारका सम्बन्धमा प्रमाणको रुपमा यसलाई स्वीकार गरिने छैन ।

३. विमानस्थल भन्सार कार्यालयको आगमन कक्ष वा स्थलमार्ग भन्सार कार्यालयहरुका यात्रु शाखाबाट पैठारी हुने सि.नं. २ मा उल्लेख भए बमोजिमका मालवस्तुहरु पैठारी गर्नका लागि मात्र यो सङ्क्षिप्त प्रज्ञापनपत्र प्रयोग गर्न सकिनेछ ।

४. यो संक्षिप्त प्रज्ञापनपत्र दुई प्रति भरेर पेश गर्नु पर्नेछ ।

❍ दशौं संशोधनद्वारा संशोधित ।

अनुसूची-११

(नियम ६० को उपनियम (२) सँग सम्बन्धित)

<u>पैठारी भएको मालवस्तुको प्रमाणपत्रको ढाँचा</u>

GOVERNMENT OF NEPAL

......................... CUSTOMS OFFICE

<u>TO WHOM IT MAY CONCERN</u>

This is to certify that the goods mentioned below have been duly imported into Nepal through this customs office.

Importer's Name and Address :

Importer's PAN Number :

Supplyer's Name and Address :

Description of Goods :

Invoice Number & Date:

Nett Value:

Total Invoice Amount:

Customs Declaration Form (Pragyapan Patra) Regd. Number:

Date of Importation:

Official Seal

Customs Officer's signature

Name:

Date:

## ○अनुसूची १२

(नियम ६२ को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

जतिसुकै मूल्यका मालवस्तु पैठारी गर्न सक्ने छोटी भन्सार कार्यालय

१. पृथ्वीपुर छोटी भन्सार कार्यालय,

२. ✯......................

३. गुलरिया छोटी भन्सार कार्यालय,

४. लगमा जटही छोटी भन्सार कार्यालय ।

---

○ दशौं संशोधनद्वारा संशोधित ।

✯ एघारौं संशोधनद्वारा झिकिएको ।

## ❀अनुसूची-१३

(नियम ६२ को उपनियम (१) को खण्ड (ग) सँग सम्बन्धित)

पच्चीस हजार रुपैयाँसम्मका मालवस्तु पैठारी गर्न सक्ने छोटी भन्सार कार्यालय

१. भिस्वा छोटी भन्सार कार्यालय,

२. आठमौजा (गौरीगञ्ज) छोटी भन्सार कार्यालय,

३. कुमरखोद छोटी भन्सार कार्यालय,

४. रङ्गेली छोटी भन्सार कार्यालय,

५. सम्सी छोटी भन्सार कार्यालय,

६. वङ्कुल छोटी भन्सार कार्यालय,

७. मटिअर्वा छोटी भन्सार कार्यालय,

८. ✯....................

९. बेलौरी छोटी भन्सार कार्यालय ।

---

❀ दशौं संशोधनद्वारा थप ।

✯ एघारौं संशोधनद्वारा झिकिएको ।

# यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयको सूचना*

नेपाल सरकारले भन्सार ऐन, २०६४ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८० साल जेठ १५ गतेदेखि लागू हुने गरी नेपालबाट बाहिर जाने र विदेशी मुलुकबाट नेपालभित्र आउने यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धमा देहाय बमोजिमको आदेश जारी गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

१. विदेशबाट फर्केका नेपाली यात्रुका लागि महसुल छुट हुने : (१) नेपालमा स्थायी बसोबास गर्ने नेपाली नागरिक विदेशमा गई नेपाल फर्कंदा व्यक्तिगत प्रयोगका लागि आफूले प्रयोग गरेको आफ्नो साथमा ल्याएको (एकम्पनिड) देहायमा उल्लिखित सबै वा कुनै मालवस्तुमा महसुल पूर्ण छुट हुनेछ :-

(क) लुगाफाटा, बरबिछ्यौना, घर गृहस्थीका पुराना सामान,

(ख) औषधि उपचार गराई फर्केका बिरामीले ल्याएका औषधि,

(ग) शारीरिक रूपमा अशक्त यात्रुले सहाराको रुपमा प्रयोग गरेका सामान,

(घ) सुनको गहना पुरुषको हकमा पच्चीस ग्राम र महिलाको हकमा पचास ग्रामसम्म, चाँदीको गहना पाँच सय ग्रामसम्म र एक लाख रुपैयाँ मूल्यसम्मको जवाहिरात जडित सुनका वा चाँदीका साथमा ल्याएको गहना गुरिया,

तर सामान्य गहनाको आकार मात्रै दिएर बनाइएका सुनका बेरुवा औँठी, बाला, सिक्री जस्ता रसायन प्रयोग नगरिएका वस्तु गहनाको रुपमा ल्याउन पाइने छैन ।

(ङ) ट्याबलेट वा ल्यापटप वा डेस्कटप कम्प्युटर, घडी, क्यामरा, भिडियो क्यामरा र सेलुलर मोबाइल फोन एक एक थान,

तर श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई लगातार कम्तीमा छ महिना काम गरी फर्केका नेपाली

---

* खण्ड ७३, अतिरिक्ताङ्क ५, भाग ५, नेपाल राजपत्र, मिति २०८०।२।१५ मा प्रकाशित ।

नागरिकले आफ्नो साथमा थप एक थान नयाँ सेलुलर मोबाइल फोन ल्याएमा सो बापत लाग्ने महसुल समेत पूरै छुट हुने र त्यस्तो थप एक थान नयाँ सेलुलर मोबाइल फोनको हकमा भन्सार प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(च) बच्चा राख्ने पेराम्बुलेटर र ट्राइसाइकल एक एक थान,

(छ) पेशागत यात्रुले प्रयोग गरी ल्याएको सामान्य प्रकारका सामानहरु एक एक थान (जस्तैः डाक्टरका लागि ब्लड प्रेसर नाप्ने यन्त्र, स्टेथेस्कोप, खेलाडीको लागि फुटबल, भलिबल, व्याडमिन्टन सेट, गायक तथा सङ्गीतकारको लागि गितार, हार्मोनियम, तबला जस्ता सामान),

(ज) सात किलोग्रामसम्म खाद्य परिकार,

(झ) मदिरा एक लिटरसम्मको बोतल एक ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाको खण्ड (क) मा उल्लिखित मालवस्तु आफू आउनुभन्दा अघि वा पछि पठाउन सकिनेछ । त्यस्ता मालवस्तुमा उपदफा (१) बमोजिम महसुल पूर्ण छुट पाउनेछ ।

(३) यात्रुले उपदफा (१) को खण्ड (घ), (ङ) र (झ) मा उल्लिखित सामान बाहेक सो उपदफामा उल्लिखित अन्य सामान बढी सङ्ख्या वा परिमाणमा ल्याएमा त्यस्ता यात्रुको अवस्था, परिवार सङ्ख्या, बसेको मुलुक र समयावधि समेतलाई ध्यानमा राखी भन्सार कार्यालयका प्रमुखले औचित्य हेरी छाडिदिन सक्नेछ ।

(४) नेपालमा स्थायी बसोबास गर्ने नेपाली नागरिक विदेशमा गई नेपाल फर्कंदा व्यक्तिगत प्रयोजनका देहाय बमोजिमका सबै वा कुनै मालसामान प्रचलित आर्थिक ऐन बमोजिम लाग्ने महसुल तिरी ल्याउन पाउनेछन् :-

(क) टेलिभिजन, म्यूजिक सिष्टम, रेफ्रिजरेटर, वासिङ्ग मेशिन, पङ्खा, रेडियो, सेलुलर मोबाइल फोन एक एक थान,

(ख) लुगाफाटा, जुत्ता, कस्मेटिक्स आदि बढीमा पन्ध्र थान,

(ग) घरायसी प्रयोगका सामान्य किसिमका उपकरण (मिक्सर, जुसर, सिलाइ मेशिन, ग्याँसटेबुल, इस्त्री, राइस कुकर जस्ता) दुई दुई थान,

(घ) दश किलोग्रामसम्म खाद्य परिकार,

(ङ) व्यावसायिक पेशामा लागेका (डाक्टर, इञ्जिनियर जस्ता) यात्रुको दक्षता वृद्धिको लागि आवश्यक पर्ने सामान दुई दुई थान,

(च) खण्ड (क) देखि (ङ) सम्मका सामान बाहेक नितान्त घर व्यवहारमा आवश्यक पर्ने सामान बढीमा दुई दुई थान ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै यात्रुले सो उपदफामा लेखिएभन्दा बढी सङ्ख्या वा परिमाणमा सामान ल्याएमा त्यस्ता यात्रुको अवस्था, परिवार सङ्ख्या, बसेको मुलुक र समयावधि समेतलाई ध्यानमा राखी भन्सार कार्यालयको प्रमुखले औचित्य हेरी लाग्ने महसुल लिई जाँचपास गर्ने स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (४) बमोजिमका मालसामान आफू आउनुभन्दा अघि वा पछि चलान गरेको भएमा आफू नेपाल प्रवेश गरेको मितिले तीन महिनाभित्र भन्सार गोदाममा दाखिल भइसकेको हुनु पर्नेछ ।

(७) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा छ महिनाभन्दा बढी अवधि बिताई फर्केका यात्रुले आफू पुगेको ठाउँबाट उपदफा (४) बमोजिमका सामान आफूसाथ ल्याएमा वा आफू आउनुभन्दा अघि वा पछि पठाएमा देहाय बमोजिमको मूल्यसम्ममा लाग्ने महसुल पूर्ण रुपमा छुट दिई त्यस्तो मालसामानको प्रज्ञापनपत्र नभराई छुट्टै अभिलेख राखी जाँचपास गर्न सकिनेछ र छुट सीमाभन्दा बढी मूल्यको सामान भएमा बढी मूल्यमा प्रचलित आर्थिक ऐन बमोजिम महसुल लाग्नेछ :-

(क) छ महिनाभन्दा बढी एक वर्षसम्म विदेशमा बसी फर्केमा पन्ध्र हजार रुपैयाँसम्म,

(ख) एक वर्षभन्दा बढी जतिसुकै अवधि विदेशमा बसी फर्केमा पच्चीस हजार रुपैयाँसम्म ।

(८) सोह्र वर्षभन्दा कम उमेरका यात्रुले उपदफा (७) बमोजिमको छुट सीमाको पचास प्रतिशत मात्र सुविधा पाउनेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुरामा देहाय बमोजिम हुनेछ :-

(क) विदेशमा बसेका नेपाली यात्रुले आफूले प्रयोग गरेका लुगाफाटा हुलाक पुलिन्दाबाट पठाउँदा त्यस्तो लुगाफाटामा महसुल छुट हुने,

(ख) विदेशमा बसेका व्यक्तिले नेपालस्थित आफन्त वा परिवारका सदस्यलाई उपदफा (४) बमोजिमका सामानमध्ये अमेरिकी

डलर तीन सय पचाससम्मको सामान पठाएमा प्रमाण हेरी लाग्ने महसुल लिई जाँचपास गर्न सकिने,

(ग) चुरोट दुई सय खिल्लीसम्म वा सिगार पचास खिल्लीसम्म प्रचलित आर्थिक ऐन बमोजिम ल्याउन दिइने,

तर सो परिमाणभन्दा बढी चुरोट वा सिगार ल्याएमा त्यस्तो बढी परिमाणमा लाग्ने महसुलमा शतप्रतिशत थप महसुल समेत असुल गरी जाँचपास गर्न सकिनेछ ।

(घ) भारतीय सेना वा प्रहरीबाट सेवानिवृत्त भई निवृत्तभरण पाउने गरी स्वदेश फर्कदा निवृत्त भएको कागजात पेश गरेमा एक पटकको लागि पचास हजार रुपैयाँसम्मको निजी प्रयोगका घरायसी सामानहरु (सवारी साधन, हातहतियार, खरखजाना एवं अन्य प्रतिबन्धित सामानहरु बाहेक) ल्याएमा सम्पूर्ण महसुल छुट हुने,

(ङ) कुनै नेपाली नागरिकको विदेशको बसाईमा मृत्यु भएको भन्ने प्रमाणित भएमा निज र निजको परिवारको निजी प्रयोगका पुराना सबै किसिमका सामानहरु (सवारी साधन बाहेक) स्वदेशमा फिर्ता ल्याउँदा सम्पूर्ण महसुल छुट हुने,

(च) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी व्यक्तिगत प्रयोजनको लागि ल्याउन पाउने भनी तोकेको तर यस आदेशमा उल्लेख नभएका मालसामानहरु विदेशबाट फर्केका यात्रुले ल्याएमा लाग्ने महसुल लिई त्यस्तो सामान जाँचपास गरिने,

तर त्यस्तो सामानका हकमा उपदफा (७) बमोजिम मूल्य छुट सुविधा दिइने छैन ।

(छ) विदेशबाट फर्केका यात्रुले ल्याएको सामान अन्य व्यक्तिको नाममा जम्मा गर्न वा नामसारी गरी छुटाउन नपाइने,

(ज) विदेशबाट फर्केका यात्रुले आफ्नो साथमा ल्याएको एक सय ग्रामसम्मको सुनमा देहाय बमोजिम महसुल लिई जाँचपास गर्न सकिने र सोभन्दा बढी परिमाणमा सुन ल्याएमा बढी ल्याएको परिमाण जफत गरिने :-

(१) पहिलो पचास ग्रामसम्म प्रचलित दर अनुसार लाग्ने महसुल,

(२) पचास ग्रामभन्दा बढी थप पचास ग्रामसम्म प्रचलित दर अनुसार लाग्ने महसुलको अतिरिक्त थप तीन प्रतिशत ।

(झ) विदेशबाट फर्केका यात्रुले उपदफा (१) को खण्ड (घ) मा उल्लेख भएको परिमाणभन्दा बढी परिमाणमा गहना ल्याएमा एक सय ग्रामसम्म सुनका गहनामा प्रचलित दर अनुसार लाग्ने महसुल र सो परिमाणभन्दा बढी थप एक सय ग्रामसम्म गहनामा दर अनुसार लाग्ने महसुलका अतिरिक्त थप तीन प्रतिशत महसुल लिई जाँचपास गर्न सकिनेछ ।

२. विदेश जाने नेपाली यात्रुका लागि भन्सार महसुल छुट हुने : (१) यात्रुले विदेश जाँदा आफ्नो प्रयोगका लागि दफा १ को उपदफा (१) बमोजिमका सबै वा कुनै सामान लैजाँदा त्यस्तो सामानमा महसुल पूर्ण छुट हुनेछ ।

(२) नेपाली नागरिक विदेश जाँदा सौगातको रुपमा प्रचलित कानून बमोजिम निकासी गर्न निषेध गरिएका बाहेक नेपालमा उत्पादन भएका पचास हजार रुपैयाँ मूल्यसम्मका मालसामानमा कुनै महसुल लाग्ने छैन ।

तर मूल्य अभिवृद्धि कर लाग्ने सामानमा कर बीजक तथा मूल्य अभिवृद्धि कर नलाग्ने सामानमा स्थायी लेखा नम्बर भएको बीजक पेश गरेमा यस उपदफा बमोजिमको मूल्यको सीमा बन्देज लागू हुने छैन।

(३) सम्बन्धित वायुसेवाले यात्रुलाई साथै लैजान दिने तौलसम्मको नेपाली बजारमा खरिद गरिएका प्रचलित कानून बमोजिम निकासी गर्न निषेध गरिएका मालसामान बाहेकका सामानहरु लैजान चाहेमा आवश्यक कागजातहरु पेश गरी कानून बमोजिमको शुल्क र महसुल तिरी लैजान पाउनेछ । यसरी सामान लैजाँदा अग्रिम भुक्तानीको प्रमाण वा प्रतीतपत्र आवश्यक पर्ने छैन ।

३. गैरआवासीय नेपाली यात्रुले पाउने सुविधा : गैरआवासीय नेपाली यात्रुले आफू गैरआवासीय नेपाली भएको प्रमाण पेश गरेमा दफा १ को उपदफा (१), (३) र (४) तथा दफा २ बमोजिमको सुविधा पाउनेछ ।

४. चालक दलका सदस्य (क्रु मेम्बर) ले सामान ल्याउन नपाउने : उडानमा गएका वायुसेवाका चालक दलका सदस्य (क्रु मेम्बर) ले आफ्नो प्रयोगमा ल्याएका निजी सामान बाहेक अन्य कुनै सामान ल्याउन पाउने छैन।

५. सिमानामा ओहोरदोहोर गर्ने व्यक्तिले सुविधा नपाउने : (१) सिमानामा ओहोरदोहोर गर्ने व्यक्तिलाई यस सूचनामा उल्लेख भएका कुनै पनि सुविधा दिइने छैन ।

तर एक सय रुपैयाँ मूल्यसम्मका निजी प्रयोगका मालसामान साथै ल्याए वा लगेमा भन्सार प्रमुखले औचित्य हेरी महसुल नलिई छाड्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भारतमा अध्ययन गर्ने नेपाली विद्यार्थीहरुले आफ्नो साथमा लगेको वा ल्याएको ट्याबलेट वा ल्यापटप वा कम्प्युटरमध्ये कुनै एक थानमा महसुल लाग्ने छैन ।

६. अन्तर्राष्ट्रिय हवाई उडानबाट आउने जाने विदेशी यात्रुले पाउने छुट : (१) अन्तर्राष्ट्रिय हवाई उडानबाट आउने, जाने विदेशी यात्रुले आफ्नो साथमा ल्याएको वा लगेको (एकम्पनिड) वा आफू आउनुभन्दा अघि वा पछि ल्याएको वा पठाएको (अनएकम्पनिड) देहायमा उल्लिखित निजी प्रयोगका चलनचल्तीमा ल्याएका पुराना सबै वा कुनै मालवस्तुमा महसुल छुट हुनेछ :-

(क) बाइनाकुलर (दूरविन) एक वटा,

(ख) ट्याबलेट वा ल्यापटप, भिडियो क्यामरा र क्यामरा एक एक वटा,

(ग) पोर्टेवल म्युजिक सिष्टम एक सेट,

(घ) लुगाफाटा, बरबिछ्यौना, कसन तसन, घर गृहस्थीका पुराना सामानहरु,

(ङ) पेराम्बुलेटर र ट्राइसाइकल एक एक वटा,

(च) साइकल एक वटा,

(छ) घडी एक वटा,

(ज) सेलुलर मोबाइल फोन एक वटा,

(झ) सुनको गहना पुरुषको हकमा पच्चीस ग्राम र महिलाको हकमा पचास ग्रामसम्म, चाँदीको गहना सय ग्रामसम्म,

तर सामान्य गहनाको आकार मात्रै दिएर बनाइएका सुनका बेरुवा औंठी, बाला, सिक्री जस्ता रसायन प्रयोग नगरिएका वस्तु गहनाको रुपमा ल्याउन पाइने छैन ।

(ञ) पेशाकर्मीले आफूले चलन चल्तीमा ल्याएका देहाय बमोजिमका उपकरणहरु,-

(१) पेशाकर्मीले आफूले गरिआएको काम गर्नको निमित्त ल्याएको ज्यावल बढीमा एक सेट,

(२) डाक्टर वा वैद्यले आफ्नो पेशा अनुसारको काम गर्नको निमित्त ल्याएको सामान्य किसिमको यन्त्र,

औजार र औषधि तथा सम्बन्धित विशेषज्ञले प्रयोग गर्ने आवश्यकीय सामान,

(३) गायक वा सङ्गीतकारले ल्याएको गाना बजानाको यन्त्र एवं गाना बजाना सम्बन्धी आवश्यक सामान,

(४) खेलाडीले आफूले खेल्ने खेलको सामान,

(५) माछा मार्ने रड ।

(२) कुनै विदेशी यात्रुले उपदफा (१) को खण्ड (झ) मा तोकिएको परिमाणभन्दा बढी सुन तथा चाँदीका गहनाहरु ल्याई भन्सार कार्यालयमा ट्राञ्जिटमा डिपोजिट राख्न घोषणा गरेमा भन्सार कार्यालयले त्यस्ता गहना सुरक्षित साथ राखी सोको निस्सा सम्बन्धित यात्रुलाई दिनु पर्नेछ । त्यस्तो यात्रु नेपालबाट फिर्ता जाँदा निजले डिपोजिट राखेको गहना भन्सार कार्यालयले फिर्ता दिनु पर्नेछ ।

(३) कुनै विदेशी यात्रुले उपदफा (१) को खण्ड (झ) मा तोकिएको परिमाणभन्दा बढी निजी प्रयोगका सुन तथा चाँदीका गहनाहरु पछि फिर्ता लैजाने गरी भन्सार बिन्दुमा घोषणा गरेमा त्यस्तो गहना परीक्षण गरी त्यस्तो गहनाको मूल्यको बीस प्रतिशत रकम धरौटी राखी ल्याउन दिइनेछ । यसरी ल्याएको गहना भन्सार बिन्दुमा परीक्षण गरी फिर्ता जाँदा लैजान दिई त्यस्तो गहना ल्याउँदा राखेको धरौटी रकम फिर्ता दिइनेछ । त्यसरी परीक्षण गर्दा घोषणा गरेभन्दा फरक गुणस्तर तथा परिमाण भएको प्रमाणित भएमा भन्सार ऐन, २०६४ बमोजिम कारबाही हुनेछ ।

(४) उपदफा (१) मा उल्लिखित मालसामानका अतिरिक्त प्रचलित कानून बमोजिम निकासी वा पैठारी गर्न निषेध वा नियन्त्रण गरिएका र व्यापारिक प्रयोजनका मालसामान बाहेक विदेशी यात्रुले निकासी वा पैठारी गर्ने अन्य सामानहरु भन्सार प्रमुखले औचित्य हेरी बिना महसुल वा कानून बमोजिम लाग्ने महसुल लिई ल्याउन र लैजान दिन सक्नेछ ।

(५) राहदानी लिई आउने जाने विदेशी यात्रुले ल्याउने देहायको मालसामानमा भन्सार महसुल लाग्ने छैन :-

(क) मदिरा एक लिटरसम्मको बोतल एक वा बियर बाह्र क्यानसम्म,

(ख) चुरोट दुई सय खिल्ली, सिगार पचास खिल्ली, टोबाको दुई सय पचास ग्रामसम्म,

(ग) दश हजार रुपैयाँ मूल्यसम्मका औषधि (प्रचलित कानून बमोजिम पैठारी गर्न निषेध गरिएका बाहेक),

(घ) पाँच हजार रुपैयाँ मूल्यसम्मका खानेकुरा (टिन प्याक समेत),

(ङ) दुई हजार रुपैयाँ मूल्यसम्मका ताजा फलफूल ।

(६) विदेशी यात्रुले नेपालबाट लैजान सक्ने सौगातको हकमा निजले नेपालमा विदेशी मुद्रा सटही सम्बन्धी कारोबार गर्ने बैङ्क वा त्यस्तो विदेशी मुद्रा सटही गर्न तोकिएको अधिकृत डिलरसँग विदेशी मुद्रा सटही गरेको प्रमाणित हदसम्म नेपाली बजारमा खरिद गरिएका प्रचलित कानून बमोजिम निकासी गर्न निषेध गरिएका बाहेक मालसामान बिना इजाजतपत्र लैजान वा पठाउन सक्नेछ ।

(७) विदेशी यात्रुले उपदफा (६) मा उल्लिखित मालसामानका अतिरिक्त नेपालमा उत्पादन भएका वा नेपाली बजारमा खरिद गरिएका प्रचलित कानून बमोजिम निकासी गर्न निषेध गरिएका बाहेकका पाँच लाख रुपैयाँसम्मका मालसामान आफूसाथ लैजान वा पठाउन सक्नेछ ।

तर मूल्य अभिवृद्धि कर लाग्ने सामानमा कर बीजक तथा मूल्य अभिवृद्धि कर नलाग्ने सामानमा स्थायी लेखा नम्बर भएको बीजक पेश गरेमा यस उपदफा बमोजिमको मूल्यको सीमा बन्देज लागू हुने छैन ।

७. विदेशी मुद्रा घोषणा गर्नु पर्ने : यात्रुले आफूसँग अमेरिकी डलर पाँच हजारभन्दा बढी नगद ल्याउने र लैजाने भएमा भन्सार विभागले तोके बमोजिम सम्बन्धित भन्सार कार्यालयमा घोषणा गर्नु पर्नेछ ।

८. मालसामान जफत हुने : कुनै यात्रुले भन्सारमा घोषणा नगरी कुनै सामान लुकाई छिपाई ल्याउने वा लैजाने प्रयत्न गरेमा वा यस सूचनाको प्रतिकूल हुने गरी कुनै सामान ल्याउन र लैजान खोजेमा त्यस्तो सामान जफत गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

९. महानिर्देशकले निर्णय गर्ने : यो सूचना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा परेमा भन्सार विभागका महानिर्देशकले निर्णय गर्नेछ र निजले गरेको निर्णय अन्तिम हुनेछ ।

१०. खारेजी : खण्ड ७०, अतिरिक्ताङ्क ८(ख) मिति २०७७।०२।१५ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी आदेश सम्बन्धी सूचना खारेज गरिएको छ ।